सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ भदौ २०८०, बुधबार (30 Aug 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १३९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

एमसिसी कार्यान्वयन सम्झौताका लागि उपाध्यक्ष एलफोर्ड नेपालमा

अमेरिकी दूतावासले पुनः भन्यो- व्याख्यात्मक घोषणासँग सहमत छौं

नयाँ पत्रिका

अमेरिकी अनुदान र नेपालको लगानीमिश्रित मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) परियोजना बुधबारदेखि कार्यान्वयन गर्न एमसिसीका उपाध्यक्ष क्यामरुन एलफोर्ड नेपाल आइपुगेका छन् । एमसिसी परियोजना कार्यान्वयन (इन्ट्री इन्टु फोर्स) सम्झौताका लागि उनी मंगलबार काठमाडौं आइपुगेका हुन् ।

कुल ६९ करोड ७० लाख अमेरिकी डलरको परियोजना कार्यान्वयनसम्बन्धी सम्झौता बुधबार उपाध्यक्ष क्यामरुनको उपस्थितिमा अर्थ मन्त्रालयमा हुँदै छ । त्यसपछि एमसिए नेपालले परियोजना कार्यान्वयनको औपचारिक घोषणा (सार्वजनिक) गर्नेछ । एमसिए नेपालका कार्यकारी निर्देशक खड्ग विष्टले मंगलबार दिउँसो अर्थमन्त्री डा. प्रकाशशरण महतलाई पछिल्लो प्रगति र भावी कार्ययोजनाबारे ब्रिफिङ पनि गरेका छन् । सम्झौता सुरु भएको पाँच वर्षमा परियोजनाको निर्माण सम्पन्न गर्नुपर्छ ।

एमसिसीले दुई परियोजनाका लागि ५० करोड अमेरिकी डलर उपलब्ध गराउनेछ । नेपाल सरकारले सुरुमा १३ करोड अमेरिकी डलर दिने निर्णय गरेको थियो । तर, नेपाल सरकारको योगदान नपुग्ने भएपछि चालू आर्थिक वर्षमा ६ करोड ७० लाख डलर थपेर उपलब्ध गराउने निर्णय गरेको छ । जसअनुसार नेपाल सरकारको अंश १९ करोड ७० लाख अमेरिकी डलरको हुनेछ । नेपाल सरकारअन्तर्गतको मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल)ले परियोजनाको सम्पूर्ण व्यवस्थापन गर्नेछ । एमसिए

» पृष्ठ ११ मा क्रमशः



बुटवलमा समाजवादी मोर्चाको कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भने-

> गम्भीर अध्ययन र छलफलपछि नै एमसिसीबारे गठबन्धनभित्र सर्वसहमति निकालेर सदनबाट पनि सर्वसम्मतले पारित गरिएको हो । अब त्यो हाम्रो सदनको सम्पत्ति बनेको छ । सिंगो राष्ट्रको एकता छ त्यहाँ । तर, यो कार्यान्वयन हुन्छ कि हुँदैन भन्नेमा आशंका छ । अहिले एमसिसीकै सम्बन्धमा एकजना अधिकारी (उपाध्यक्ष क्यामरुन एलफोर्ड) अमेरिकाबाट आउँदै हुनुहुन्छ । प्रधानमन्त्री भएकाले मसँग भेट्ने त स्वतः नै भयो । प्रधानमन्त्रीको हैसियतमा म के भन्न चाहन्छु भने, 'इन्टरप्रिटेटेड डिक्लेरेसन' (व्याख्यात्मक घोषणा)लाई सम्झौताको पार्ट बनाउने हो वा होइन भनेर सीधा भाषामा राख्नेछु । यो विश्वास तपाईंहरूलाई दिलाउन चाहन्छु । त्यसपछि के गर्नुपर्छ, के हुन्छ भन्ने विषय मोर्चामा सल्लाहबाट गरिन्छ ।

■ एसिया कप

विश्व वरीयताको नम्बर १ पाकिस्तानसँग नेपाल आज भिड्दै

एक हजार रननजिक तीन नेपाली ब्याट्सम्यान



कुशल भुर्तेल **९८६ रन** (४४ खेल) | आरिफ शेख **८७८ रन** (४७ खेल) | दीपेन्द्रसिंह ऐरी **८५७ रन** (५० खेल)

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

एसिया कप खेल्ने नेपालको सपना बुधबार साकार हुँदै छ । प्रतियोगिताको उद्घाटन खेलमा नेपाली टोलीले एकदिवसीय विश्व वरीयताको शीर्ष स्थानमा रहेको पाकिस्तानसँग प्रतिस्पर्धा गर्दै छ । पाकिस्तान र भारतजस्ता क्रिकेट महारथी राष्ट्रहरूसँगको प्रतिस्पर्धाले नेपाली टोलीमाथि संसारभरिका क्रिकेटप्रेमीको नजर पर्नेछ ।

पन्जाबको मुल्तान क्रिकेट रंगशालामा नेपाली समयअनुसार दिउँसो ३:१५ बाट खेल सुरु हुनेछ । ३५ हजार दर्शकले रंगशालामा उपस्थित भई तथा संसारभरका क्रिकेटप्रेमीले प्रत्यक्ष प्रसारणमार्फत एसिया कपमा नेपालको डेब्यु म्याच हेर्नेछन् ।

क्रिकेटका दुई महारथी भारत र पाकिस्तानसँगै नेपाल समूह 'ए'मा छ । दुवै एकदिवसीय क्रिकेटका पूर्वविश्वकप विजेता हुन् । रोहित पौडेलको कप्तानीमा नेपाली टोलीले पाकिस्तान र भारतका ख्यातिप्राप्त ब्याट्सम्यान र बलरलाई चुनौती दिने नेपाली क्रिकेटप्रेमीको अपेक्षा छ ।

प्रतियोगिताका लागि नेपाली खेलाडीले डेढ महिनादेखि तयारी गरेका छन् । श्रीलंकाको

» पृष्ठ ११ मा क्रमशः



आइसिसीको नजरमा गुल्सन | कराँचीमा मंगलबार अभ्यास गर्दै नेपाली खेलाडी । आइसिसीले एसिया कपमा चम्किन सक्ने ६ खेलाडीको सूचीमा नेपालका गुल्सन झा (बीचमा)लाई पनि राखेको छ । तस्बिर : पिसिबी



● **रोहित पौडेल**
नेपाली टोलीका कप्तान

विश्व वरीयताको शीर्ष स्थानमा रहेको पाकिस्तानी टोलीसँग प्रतिस्पर्धा गर्दै छौं । दुवै टोलीका खेलाडी क्षमतावान् छन् । मलाई लाग्छ नेपाल र पाकिस्तानबीचको फरक भनेको अनुभव हो । दुवै टोलीको ब्याटिङ र बलिङमा केही फरक छैन । तर, पाकिस्तान अनुभवी टोली हो ।

● **बाबर आजम**
पाकिस्तानी टोलीका कप्तान

कुनै पनि विपक्षी टोलीलाई कहिल्यै कमजोर रूपमा लिन मिल्दैन । नेपालको प्रदर्शन कस्तो छ भन्ने हामीले हेरेका छौं । नेपालको कमजोरी र बलियो पक्षमा कुराकानी भएको छ । यसकारण नेपालसँगको प्रतिस्पर्धा सहज छैन र सहज रूपमा लिँदैनौं । प्रतियोगिताको यो पहिलो खेल हो । र, हाम्रो नजरमा महत्त्वपूर्ण खेल पनि हो ।

नेपाली टोली बलिया राष्ट्रलाई टक्कर दिन सक्षम छ



वासिम अक्रम,
पूर्वकप्तान, पाकिस्तान

नेपालको क्रिकेटबारे जानकार छु । नेपाली टोलीले एसिया कपमा भारत र पाकिस्तानजस्ता राष्ट्रसँग खेल्ने अवसर पाएको छ । काठमाडौंमा भएको अन्तर्राष्ट्रिय खेलमा नेपाली टोलीप्रति दर्शकले देखाएको समर्थनलाई नजिकबाट हेरेको थिएँ । एसिया कप छनोटका रूपमा रहेको प्रिमियर कपको फाइनलमा युएईलाई हराउँदा हजारौं समर्थक उपस्थित थिए । रंगशाला भरिभराउ भएर पनि मैदानबाहिर रूखमा चढेर क्रिकेट हेरिरहेका नेपालीका तस्बिर हेरेको छु । यसले नेपालमा पनि क्रिकेटप्रति ठूलो लगाव रहेको देखाउँछ । प्रिमियर कपमा नेपाली खेलाडीले राम्रो प्रदर्शन गरे र एसिया कपमा छनोट भए । क्रिकेटका लागि त्यो निकै गहिरो लगाव हो । नेपाल प्रतियोगितामा छनोट भएको छ, त्यसका लागि बधाई । नेपाली टोलीलाई बेवास्ता गर्न मिल्दैन । नेपाली टोली बलिया राष्ट्रलाई टक्कर दिन सक्षम छ । नेपालले भौतिक पूर्वाधार र घरेलु क्रिकेटको संरचनामा सुधार गर्न भने आवश्यक छ ।

■ काग्रेसका निर्णय अलपत्र

डेटलाइनभित्र विभाग नबन्ने, भ्रातृ संस्थाको विवाद लम्बियो



(विस्तृत पृष्ठ ४)

■ प्रधानमन्त्रीको आसन्न चीन भ्रमणमा ऊर्जा एजेन्डा

विद्युत् व्यापारको प्रारम्भिक समझदारी गर्ने तयारी



संयुक्त लगानीमा एक जलविद्युत् आयोजना बनाउने गरी एमओयू गरिने

(विस्तृत पृष्ठ ९)

■ पोखरीको हकदाबी विवादमा सिराहामा झडप




सिराहाको नवराजपुर गाउँपालिका- ३ फूलबरिया गाउँमा रहेको फूलबारी पोखरी भोगचलनको हकदाबीलाई लिएर स्थानीय र गाउँपालिकाबीच विवाद भएको छ । पालिकाले पोखरी ठेक्कामा लगाउन १ साउनमा टेन्डर आह्वान गरेसँगै पालिएका माछा खाली गर्न भन्दै पालिकाको टोली पोखरी पुगेपछि झडपको अवस्था नै निम्तियो । तीन पुस्तादेखि आफूहरूले भोगचलन गर्दै आएको पोखरी गाउँपालिकाले खोसेको भन्दै स्थानीय विरोधमा उत्रिए । परिस्थिति नियन्त्रणमा लिन प्रहरीले ३६ राउन्ड अश्रुग्यास प्रहार गरेको थियो । तस्बिर : **मणिलाल विश्वकर्मा**/नयाँ पत्रिका

६० किलो सुन तस्करीको प्रस्थानबिन्दुमै पुगेर अनुसन्धान गर्दै सिआइबी

एसएसपी दिनेश आचार्य हडकड गए



● **डिआइजी कुबेर कडायत,**
प्रवक्ता, नेपाल प्रहरी



सिआइबीले सुन तस्करी अनुसन्धान गरिरहेको छ । यस क्रममा थप सूचना संकलन गर्नुपर्ने भयो । यही सिलसिलामा एसएसपीलाई हडकड पठाउने निर्णय भएको छ ।

टेकराज थामी/नयाँ पत्रिका

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ६० किलो सुन तस्करीको प्रस्थानबिन्दुमै पुगेर अनुसन्धान गर्न लागेको छ । सिआइबीले एसएसपी दिनेश आचार्यलाई हडकड पठाएर अनुसन्धान गर्न लागेको हो ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी कुबेर कडायतले सुन तस्करी अनुसन्धानमा सघाउने उद्देश्यले सिआइबीले एसएसपी आचार्यलाई हडकड पठाउने निर्णय भएको बताए । उनले भने, 'सिआइबीले सुन तस्करी अनुसन्धान गरिरहेको छ । यस क्रममा थप सूचना संकलन गर्नुपर्ने भयो । यही सिलसिलामा एसएसपीलाई हडकड पठाउने निर्णय भएको छ ।'

६० किलो सुन तस्करीको बिगिनिङ प्वाइन्ट (सुरुवाती बिन्दु) हडकड हो । तर, हडकड प्रशासनले अपेक्षाकृत सहयोग नगरेपछि समन्वय गर्न सिआइबीले एसएसपी आचार्यलाई मंगलबार राति पठाएको छ ।

गत २ साउनमा हडकडबाट जहाज हुँदै आएको सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयबाट निस्किने क्रममा बरामद भएको थियो । सुन राजस्व अनुसन्धान विभागले बरामद गरे पनि अहिले घटनाको अनुसन्धान सिआइबीले गरिरहेको छ ।

६० किलो सुन तस्करी अनुसन्धान हडकड प्रशासनको सूचनाविना पूर्ण हुँदैन । आवश्यक सूचना दिन सिआइबीले इन्टरपोलमार्फत हडकड प्रहरी र त्यहाँको प्रशासनलाई आग्रह गर्दै आएको छ । तर, त्यहाँको प्रशासनले घटना अनुसन्धानमा अपेक्षित सहयोग गरेको छैन । सोही गाँठो फुकाउने र सूचना संकलनमा सहजीकरणका लागि आग्रह गर्न एसएसपी आचार्यलाई हडकड पठाउन लागिएको हो ।

त्यसअघि राजस्व अनुसन्धान विभाग र भन्सार विभागले पनि सुन तस्करीमा संलग्न अभियुक्तको विवरण उपलब्ध गराउन हडकड सरकारलाई

» पृष्ठ ११ मा क्रमशः

■ विमानस्थलको सुरक्षा सुदृढीकरणका लागि कार्यदल गठन

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षा सुधारका लागि राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास बैरागीको नेतृत्वमा कार्यदल गठन गरिएको छ । सोमबार पहिलो बैठक बसेर कार्यदलले काम सुरु गरेको छ । प्रतिवेदन बुझाउन कार्यदललाई १५ दिनको समय दिइएको छ । कार्यदलमा अर्थ, गृह, रक्षा र पर्यटन मन्त्रालयका सहसचिवहरू सदस्य छन् । त्यस्तै, नागरिक उड्डयन प्राधिकरण, अध्यागमन विभाग र भन्सार विभागका महानिर्देशकहरू तथा नेपाल प्रहरीका डिआइजी र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक पनि सदस्य छन् ।

■ **दावा छिरिङको नागरिकता छानबिन गर्न उपसचिव कृष्णबहादुर कटुवालको नेतृत्वमा गृहले बनायो समिति**

६ वर्षदेखि कागजमै सीमित औषधि सामग्रीको गुणस्तरसम्बन्धी निर्देशिका

निर्देशिका कार्यान्वयन नहुँदा बजारमा मनपरी ढंगले मेडिकल तथा औषधिजन्य सामग्री खरिद-बिक्री, गुणस्तरमाथि समेत प्रश्न

शिवहरि घिमिरे/नयाँ पत्रिका

औषधि सामग्रीको गुणस्तरीयतासम्बन्धी निर्देशिका ६ वर्षदेखि कागजमै सीमित भएको छ । औषधि उपकरणसँग सम्बन्धित सामग्रीको नियमन र गुणस्तरका लागि ६ वर्षअघि सरकारले 'प्रविधिजन्य स्वास्थ्य सामग्री तथा उपकरणसम्बन्धी निर्देशिका, २०७४' ल्याएको थियो । तर, हालसम्म कार्यान्वयनमा आएको छैन ।

तत्कालीन र हालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै अग्रसरमा सो निर्देशिका तयार भएको थियो । तर, त्यसपछिका सरकारले कार्यविधि कार्यान्वयनमा चासो नदिँदा मेडिकल उपकरण तथा सर्जिकल सामग्रीको गुणस्तरसम्बन्धी निर्देशिका कार्यान्वयन हुन नसकेको हो । त्यतिबेला स्वास्थ्यमन्त्री गगन थापा र निर्देशिकाको कार्यान्वयन गर्ने निकाय औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकाल थिए । ढकाल अहिले पनि विभागमै छन् ।

निर्देशिका कार्यान्वयन नहुँदा बजारमा व्यवसायीहरूले मेडिकल तथा औषधिजन्य सामग्री मनपरी ढंगले खरिद-बिक्री गर्ने गरेका छन् भने त्यसको गुणस्तरमाथि समेत प्रश्न उठ्ने गरेको छ । हाल सरकारले कुनै

» पृष्ठ ११ मा क्रमशः



■ **के छ निर्देशिकामा ?** : निर्देशिकामा औषधिजन्य सामग्री नियमनबारे औषधि व्यवस्था विभागलाई अधिकार दिने गरी नीतिगत व्यवस्था गरिएको छ । निर्देशिकाको दफा १० मा सामग्री तथा उपकरणको गुणस्तर परीक्षण गर्नेबारे व्यवस्था छ । त्यस्तै, दफा १३ मा अधिकतम खुला मूल्यबारे उल्लेख छ । दफा १३ मै मुटुभित्र प्रयोग गरिने डिभाइस, हातखुट्टा, शरीरको कुनै अंग भार्चिदा प्रयोग गरिने मेटल, स्क्रु ड्राइभरको गुणस्तरीयता, त्यसको मूल्यलगायतबारे उल्लेख गरिएको छ । त्यस्तै, रगत परीक्षण गर्न शरीरबाट रगत झिक्ने सुईलगायत रगत राख्ने भाँडा (कलेक्सन ट्यूब)को गुणस्तरबारे पनि व्यवस्था गरिएको छ । विभागले विदेशी दाताले दिएका औषधिजन्य सामग्रीको मापन गर्नुपर्ने व्यवस्था पनि निर्देशिकामा छ ।



● **नारायणप्रसाद ढकाल,**
महानिर्देशक,
औषधि व्यवस्था विभाग

हामीसँग सीमित बजेट छ, जनशक्ति पनि कम छ, यसबाहेक अन्य विविध कारणले निर्देशिका कार्यान्वयन गर्न सकिरहेका छैनौं । सरकारले बजेट र जनशक्ति उपलब्ध गराएमा कार्यान्वयन गर्न सहज हुने थियो ।



● **गजेन्द्र भुजू,**
पूर्वमहानिर्देशक,
औषधि व्यवस्था विभाग

निर्देशिका कार्यान्वयनमा ल्याउन सरकारलाई ठूलो जनशक्ति चाहिन्छ, यसका लागि छुट्टै ल्याब र प्राविधिक पनि चाहिन्छ । यी संरचना तयार नभई कार्यविधि कार्यान्वयन हुन सक्दैन, त्यसकारण सरकारले यसमा ध्यान दिन जरुरी छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

काठमाडौंका आकासे पुलमा लिफ्ट जडान गरिँदै

पहिलो चरणमा पुरानो बसपार्क, नयाँ बानेश्वर र चाबहिलमा लिफ्ट राखिने

शान्ति तामाङ/नयाँ पत्रिका

पुरानो बसपार्कस्थित आकासे पुलमा अब लिफ्ट जडान गरिने भएको छ। काठमाडौं महानगरपालिकाले पुरानो बसपार्कसहित तीनवटा आकासे पुलमा चालू आर्थिक वर्षमै लिफ्ट जडान गर्ने भएको हो।

महानगरअन्तर्गत प्रहरी बलको ट्राफिक तथा यातायात इकाइविज्ञ जगतमान श्रेष्ठका अनुसार लिफ्ट जडानका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) बनाउने काम भइरहेको छ। 'ज्येष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्तिलाई मध्यनजर गर्दै आकासे पुलमा लिफ्ट जडान गर्ने योजना सुरु गर्न लागेका हौँ,' श्रेष्ठले भने, 'यसको सुरुवात बसपार्कको आकासे पुलबाट हुँदै छ।' महानगरका अनुसार आकासे पुलमा एक्सेलेटलर कि लिफ्ट भन्ने विषयमा छलफल हुँदा लिफ्ट नै उपयुक्त र सहज हुने ठहरसहित जडान गर्न लागिएको हो। महानगरका अनुसार आकासे पुललाई पूर्ण रूपमा पैदलयात्री मैत्री बनाउन योजना सुरु गर्न लागिएको हो। पुरानो बसपार्कबाट सुरु हुने लिफ्ट जडान क्रमशः नयाँ बानेश्वर र चाबहिल हुँदै अन्य आकासे पुलमा समेत राखिनेछ।

■ २० देखि ३० जना लिफ्टमा चढ्न सक्ने

महानगरले राख्ने लिफ्ट अन्य ठाउँमा प्रयोग हुनेजस्तै पारदर्शी हुनेछ भने लिफ्टमा सिसिटिभी क्यामरासमेत जडान हुनेछ। लिफ्टबाट एकपटकमा २० देखि ३० जना मानिस चढ्न सक्नेछन्। लिफ्ट सञ्चालनका लागि सुरुमा महानगरले महानगर प्रहरी बल खटाउनेछ। महानगरका अनुसार तीनवटा आकासे पुलको डिपिआर निर्माण र बाँकीमा सम्भाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) भइरहेको छ। यी दुई काम सकिनेबित्तिकै लिफ्ट निर्माण सुरु हुनेछ। श्रेष्ठका अनुसार तीनै ठाउँमा लिफ्ट निर्माण चालू आर्थिक वर्षभित्रै सकिनेछ। 'चालू आर्थिक वर्षभित्र तीनवटा लिफ्ट जडान गर्ने योजनाका साथ काम गरिरहेका छौँ। ती लिफ्ट प्रयोगपछि सेवाग्राहीबाट आउने प्रतिक्रिया, यात्रुको चापलाई हेरेर अन्य आकासे पुलमा पनि लिफ्ट राख्नेछौँ,' ट्राफिक तथा यातायात इकाइविज्ञ श्रेष्ठले भने।



लिफ्ट जडानका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) बनाउने काम भइरहेको छ। ज्येष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्तिलाई मध्यनजर गर्दै आकासे पुलमा लिफ्ट जडान गर्ने योजना सुरु गर्न लागेका हौँ। यसको सुरुवात पुरानो बसपार्कको आकासे पुलबाट हुँदै छ।



● **जगतमान श्रेष्ठ**, विज्ञ, ट्राफिक तथा यातायात इकाइ, काठमाडौं महानगर

■ पाँच करोड विनियोजन

पुलमा लिफ्ट जडान गर्नका लागि काठमाडौं महानगरले चालू आवको बजेटमा पाँच करोड रुपैयाँ विनियोजन गरेको छ। पाँच करोडमध्ये चार करोडको लिफ्ट निर्माण हुने र बाँकी एक करोडको सजावटका लागि प्रयोग हुनेछ। आकासे पुलमा लिफ्ट जडान गर्ने तयारी गरिरहे पनि कतिपय चोकमा महानगरले निर्माण सुरु गरेका आकासे पुल भने अलपत्र अवस्थामा छन्। महानगरले चाबहिल, माइतीघर, टेकु भन्सार, त्रिपुरेश्वर, बबरमहल, पुतलीसडक, महाराजगन्ज, कोटेश्वर, गौशाला चोकलगायत ठाउँमा आकासे पुल बनाउन आर्थिक वर्ष ०७५/७६ को बजेटमै १२ करोड विनियोजन गरेको थियो।

रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०८०/०५/१३)

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल वमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	धितोको विवरण	व्यक्तिगत धन जमानी दिनेको विवरण/फोटो
१. नामः अस्मि पोखेल ठेगानाः चन्द्रगढी-३, झापा वुवाः भानुभक्त पोखेल श्रीमान्ः दिपेन्द्र भट्टराई कर्जा शिर्षकः व्यक्तिगत कर्जा	अस्मि पोखेलको नाममा दर्ता रहेको झापा जिल्ला, चन्द्रगडी वडा नं. ३ स्थित कित्ता नं १८३३ को क्षेत्रफल ०-०-१५ (बि-क-धु) को घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	दिपेन्द्र भट्टराई ठेगानाः फिक्कल-०८, इलाम वुवाः झगल प्रसाद भट्टराई बाजेः खडानन्द भट्टराई खगेन्द्र ढुंगाना ठेगानाः दुवागडी-८, झापा वुवाः दिपक ढुंगाना बाजेः विश्वनाथ ढुंगाना
२. नामः अनिष किराना तथा फलफुल पसल ठेगानाः बनेपा-७, काभ्रे दर्ता नं.: ६१२६/०७८/०७९ पान नं.: ६१६१५४७३९ कर्जा शिर्षकः साना तथा मझौला कर्जा		कान्छा तामाङ ठेगानाः बनेपा-७, काभ्रे वुवाः सेते तामाङ बाजेः केशर बहादुर तामाङ साइली तामाङ ठेगानाः बनेपा-७, काभ्रे वुवाः बुद्धिमान थिङ श्रीमान्ः कान्छा तामाङ
३. नामः सीता परियार ठेगानाः खजुरा-२, बाँके ससुराः नन्दे दमाई श्रीमान्ः मोहन दमाई कर्जा शिर्षकः व्यक्तिगत कर्जा	नन्दे दमाईको नाममा दर्ता रहेको बाँके जिल्ला, सितापुर वडा नं. ४ स्थित कित्ता नं ३० को क्षेत्रफल २३८ व.मि. जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	नन्दे दमाई ठेगानाः खजुरा-२, बाँके वुवाः बल वीर दमाई बाजेः पुर्णे दमाई अमृता कुमारी दमाई ठेगानाः खजुरा-२, बाँके ससुराः बल वीर दमाई श्रीमान्ः नन्दे दमाई
४. नामः उमादेवी श्रेष्ठ ठेगानाः सुर्यविनायक-७, भक्तपुर वुवाः आसाकाजी माकजु बाजेः पञ्चलाल माकजु कर्जा शिर्षकः व्यक्तिगत कर्जा	उमा देवी श्रेष्ठको नाममा दर्ता रहेको काभ्रे पलाञ्चोक जिल्ला, काभ्रे वडा नं.६ स्थित कित्ता नं २२८७ र ११२२ को क्षेत्रफल क्रमशः ३-८-२-० र १-४-०-० जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	सन्तोष लामा ठेगानाः काभ्रे-३, काभ्रे वुवाः कामी सिंह तामाङ बाजेः संसार सिंह तामाङ
५. नामः मुकुन्द प्रसाद तिमल्सीना ठेगानाः धुलिखेल-७, काभ्रे हाल धुलिखेल-४, काभ्रे वुवाः तिलक प्रसाद तिमल्सीना बाजेः नारायण प्रसाद तिमल्सीना कर्जा शिर्षकः आवास कर्जा	मुकुन्द प्रसाद तिमल्सीनाको नाममा दर्ता रहेको झापा जिल्ला, चन्द्रगडी वडा नं. ६ स्थित कित्ता नं ३१८ को क्षेत्रफल ०-३-६ को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	कल्पना तिमल्सीना ठेगानाः धुलिखेल-७, काभ्रे हाल धुलिखेल-४, काभ्रे वुवाः गोविन्द प्रसाद लुइटेल श्रीमान्ः मुकुन्द प्रसाद तिमल्सीना सपना तिमल्सीना ठेगानाः धुलिखेल-७, काभ्रे हाल धुलिखेल-४, काभ्रे वुवाः मुकुन्द प्रसाद तिमल्सीना बाजेः तिलक प्रसाद तिमल्सीना मनोज लुइटेल ठेगानाः पाँचखाल-३,काभ्रे हाल धुलिखेल-४, काभ्रे वुवाः मदन लुइटेल बाजेः गोबिन्द प्रसाद लुइटेल

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

Head Office: Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

प्रदक्षिणा मार्गमा सवारीसाधन प्रवेश निषेध

भक्तपुर/ भक्तपुर नगरपालिकाभित्र सापारु (गाईजात्रा)को दिन प्रदक्षिणा मार्गमा सवारीसाधन प्रवेश निषेध गरिने भएको छ। नगरपालिका प्रमुख सुनील प्रजापतिको अध्यक्षतामा मंगलबार बसेको बैठकले यस्तो निर्णय गरेको हो।

नगरपालिकाका प्रमुख प्रजापतिले गाईजात्रा अवधिभर हुने भिड र सवारी पार्किङलाई सहज व्यवस्थापन गर्न सबैले भूमिका खेल्नुपर्ने बताए। उनले गाईजात्रा प्रदक्षिणा मार्गमा कुनै अवरोध हुन नदिन अव्यवस्थित तारहरूको व्यवस्थापन अन्तिम चरणमा पुगिसकेको बताए। गाईजात्रालाई बिस्केट जात्रापछिको महत्त्वपूर्ण जात्राका रूपमा लिइन्छ। उनले नगरपालिकाले जात्रा अवधिभर वडाका विभिन्न स्थानमा प्रारम्भिक उपचार केन्द्रको समेत व्यवस्था गरेको बताए। नगरपालिकाले यो वर्षको गुन्हिपुन्ही (जनै पूर्णिमा) र सापारु (गाईजात्रा) एकै दिन परे पनि दुई दिन मनाउने निर्णय गरेको थियो। नगरपालिका, तलेजुका मूल पुजारी (राजोपाध्याय), पुजारीहरू (कर्माचार्य र जोशी)बीच भएको बैठकले १३ भदौमा गुन्हिपुन्ही र १४ भदौमा सापारु मनाउने निर्णय गरेको थियो।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी परिसर, सशस्त्र प्रहरी, ट्राफिक, ख्वपः मिनिबस सेवा समिति, ख्वपः अस्पतालका प्रतिनिधिको सहभागितामा बसेको उक्त बैठकले नगरका विभिन्न वडामा पार्किङस्थलको व्यवस्था गरेको छ। सिद्धपोखरीको दक्षिणी भाग, भक्तपुर क्यान्सर अस्पतालअगाडिको पार्किङस्थल, नःपुखुको दक्षिण-पश्चिमतिरको खुला क्षेत्र, देको, मिवा, इतापाके आवास क्षेत्रका सडकहरू, ब्यासी पर्यटक बसपार्क, ब्यासीबाट कालीघाट जाने सडकको एकछेउ, देकोचा (ख्वपः कलेजका गाडीहरू पार्किङ गर्ने ठाउँ), कमलविनायक सरस्वती विद्यागृह प्राविको चौरको पार्किङ क्षेत्रमा पार्किङको व्यवस्था भएको छ।

मंगलबार उपत्यकामा

चन्द्रागिरि : चन्द्रागिरि नपा-२ बाट अवैध लागुऔषध खैरो हेरोइनसहित झापा मेचीनगर नपा-१० का ३३ वर्षीय राजीव कार्कीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुंगा र लागुऔषध नियन्त्रण ब्युरोबाट संयुक्त रूपमा खटिएको प्रहरीले बा.प्र०३-००१ख २५१३ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त पदार्थसहित पक्राउ गरेको हो।

नागढुंगा : चन्द्रागिरि नपा-२, नागढुंगाबाट अवैध लागुऔषध खैरो हेरोइनसहित बाँके खजुरा गापा-२ का २६ वर्षीय अमृतसिंह ठकुरीलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग नागढुंगा र लागुऔषध नियन्त्रण ब्युरोबाट समेत खटिएको प्रहरीले नेपालगन्जबाट काठमाडौंतर्फ आउँदै गरेको भे.१ ख ३८४८ नम्बरको बसलाई जाँच गर्ने क्रममा ५३ वटा पोका पारी ल्याएको उक्त पदार्थसहित उनलाई पक्राउ गरेको हो।

दक्षिणकाली : दक्षिणकाली नपा-५, फर्पिङबाट नियन्त्रित लागुऔषध डाइजेपाम, फेनारगन र नुर्फिनसहित काठमाडौं मनपा-२४, मखनटोल बस्ने ५० वर्षीय अनिल महाजूलाई प्रहरीले पक्राउ गरेको छ। वीरगन्जबाट काठमाडौंतर्फ आउँदै गरेको मधेस प्रदेश-०३-००१ ज ०३८५ नम्बरको टाटा सुमोलाई प्रहरीले जाँच गर्ने क्रममा सुमोमा सवार उनलाई उक्त लागुऔषधसहित पक्राउ गरेको हो।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

शाखा कार्यालयः गौशाला, काठमाण्डौ, फोनः ०१- ४४९७७२३

को

शाखा कार्यालय गौशाला, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०५/१३ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय गौशाला, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०२/१९ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरूको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति : २०७६/०४/०५ मा दर्ता नं. २१९१३२/०७६/०७७ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, साविक का.म.न.पा. वडा नं. १०, ओखरबोट मार्ग स्थित **शेराकाली बिल्डर्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मेहरमान कार्कीको बुहारी, लब्जी बहादुर कार्कीको पत्नी, सोलुखुम्बु जिल्ला, वासा गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **अन्जु कार्की (ना.प्र.प.नं. ८८०/२६५५१, काठमाण्डौं)**
२. भक्त बहादुर कार्कीको नाति, मेहरमान कार्कीको छोरा, सोलुखुम्बु जिल्ला, वासा गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **लब्जी बहादुर कार्की (ना.प्र.प.नं. १४७, काठमाण्डौं)**
३. बिर्ख बहादुर बस्नेतको नाति, नर बहादुर बस्नेतको छोरा, रामेछाप जिल्ला, रस्नालु गा.वि.स वडा नं. २ स्थित स्थायी ठेगाना भएको **शहदेव बस्नेत (ना.प्र.प.नं. ६७३३१-२११००७, रामेछाप)**

धितोमा रहेको सम्पत्तिको विवरण

अन्जु कार्कीको नाममा मालपोत कार्यालय चाबहिल, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, साबिक कपन गा.वि.स/न.पा. वडा नं. ८ (हाल बुढानिकलकण्ठ न.पा. वडा नं. ११) स्थित कित्ता नं. २६५ को क्षेत्रफल १९०.७७ (व.मि) को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम २०८०/०५/१३ गते बुधबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय गौशाला, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।
३. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
४. शिलबन्दी बोलपत्र मिति २०८०/०५/२७ गते बुधबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
५. शिलबन्दी बोलपत्र मिति २०८०/०५/२८ गते बिहिबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
८. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।
९. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय गौशाला, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७९/०१/२९ मा योजना संचालन अनुमति प्राप्त २०७९/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८० श्रावण मसान्तको खूद सम्पति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
१	शेयर	६२१,४२८,१८७	६१०,९५८,१५५
२	ऋणपत्र	१५,०००,०००	१५,०००,०००
	सूचीकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	१०,१३८,५२१	३४,१६५,१८३
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	६०,०००,०००	३०,०००,०००
	कुल लगानी (क)	**७०६,५६६,७०८**	**६९०,१२३,३३८**
	चालु सम्पति		
१	बैंक मौज्दात	३६३,७६९,६९०	३९०,२९१,८१२
२	अन्य सम्पति	४,७९९,२२६	१६,९१८,५१६
	जम्मा (ख)	**३६८,५६८,९१६**	**४०७,२१०,३२७**
	चालु दायित्व		
१	चालु दायित्व	-	३,२०८,११३
२	भुक्तानी दिनुपर्ने शुल्क	४,६०५,०८५	४,५४३,४४३
	जम्मा (ग)	**४,६०५,०८५**	**७,७५१,५५६**
	कूल सम्पत्ति (क+ख-ग)	**१,०७०,५३०,५३९**	**१,०८९,५८२,१०९**
१	योजना व्यवस्थापक शुल्क	१,४०७,८२१	१,३८८,०९८
२	डिपोजीटरी शुल्क	१८७,७०९	१८५,०८०
३	कोष सुपरीवेक्षक शुल्क	९३,८५५	९२,५४०
	खुद सम्पत्ति	**१,०६८,८४१,१५४**	**१,०८७,९१६,३९१**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.४८**	**१०.६७**

२०८० श्रावण मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	१,६४८,१६२	६९,४७७,३५५
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	७,३९१,१२९	२६,२४९,०३१
	जम्मा आम्दानी	**९,०३९,२९१**	**९५,७२६,३८६**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	१३,०००	१६९,०१७
२	बैंक शुल्क	८६०	१,०६३
३	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	-
४	योजना व्यवस्थापन शुल्क	१,४०७,८२१	१५,५५२,३३३
५	डिपोजीटरी शुल्क	१८७,७०९	२,०७३,६१४
६	कोष सुपरीवेक्षक शुल्क	९३,८५५	१,०३६,८२३
७	योजना लेखा परीक्षण शुल्क	८,३३३	११३,०००
८	सिडिएससि वार्षिक शूल्क	१७०,०००	१७०,०००
९	बुक बिल्डिङ्ग शुल्क	-	१०,०००
१०	सफ्टवेयर खर्च	-	९१,१५३
	जम्मा खर्च	**१,९३१,५७९**	**१९,२१७,००३**
	कुल नाफा/(नोक्सान)	**७,१०७,७१२**	**७६,५०९,३८३**

नोटः १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८० श्रावण मसान्तसम्म गरेको लगानीको परल मुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.६४०,६७७,८६४.९० रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खूद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेवसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सुचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मुल्य (रु.)
क) वाणिज्य बैंक			
१	एनएमबि बैंक लिमिटेड	८६,३२२	१९,५०८,७७२
२	कृषि विकास बैंक लिमिटेड	६८,३८४	१७,९०९,७७०
३	सानिमा बैंक लिमिटेड	८०,२५९	२४,१४१,९०७
४	लक्ष्मी बैंक लिमिटेड	६१,३२२	१०,६०८,७०६
५	नेपाल बैंक लिमिटेड	७२,२२१	१८,२६४,६९१
६	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१७,९९८	१०,११४,८७६
७	प्रभु बैंक लिमिटेड	८७,२७५	१४,२८६,९१८
८	एभरेष्ट बैंक लिमिटेड	३१,७७६	१९,५१०,४६४
९	प्राइम कमर्सियल बैंक लिमिटेड	८८,०४५	१६,३४९,९५७
१०	माछापुच्छ्रे बैंक लिमिटेड	६३,०००	१७,३८८,०००
११	नबिल बैंक लिमिटेड	३७,६९१	२२,३५०,७६३
ख) विकास बैंक			
१	गरिमा विकास बैंक लिमिटेड	५९,७९२	२२,७२०,९६०
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	६३,१९९	२५,०२६,८०४
३	महालक्ष्मी विकास बैंक लिमिटेड	६६,३६४	२१,३६९,२०८
४	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	६०,६२९	२२,९७८,३९१
ग) जीवन विमा कम्पनी			
१	एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५१,५७१	३५,७८५,११७
२	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	८,८१२	५,१३८,२७७
३	नेशनल लाईफ इन्स्योरेन्स लिमिटेड	४२,००७	२५,१९५,७९९
घ) निर्जीवन विमा कम्पनी			
१	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	८,९५४	७,२३४,८३२
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	१७,९५८	१४,०७९,०७२
३	आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	१७,१६६	८,७८८,९९२
ङ) हाइड्रोपावर कम्पनी			
१	चिलिमे जलविद्युत कम्पनी लिमिटेड	६३,३७१	३१,६५३,८१५
२	बुटवल पावर कम्पनी लिमिटेड	६१,४३४	१८,९८३,१०६
३	श्रीस्टार हाइड्रोपावर लिमिटेड	५४३	१५५,८४१
४	अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड	४७८	१५६,३०६
५	कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड	९०	९,०००
६	पिपुल्स पावर लिमिटेड	२	४७३
७	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१५,४५०	४,३२६,०००
८	सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेड	३०,७७१	१०,७७९,०८१
९	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	२२,०००	६,३३६,०००
च) म्युचुअल फण्ड			
१	ग्लोबल आइएमई ब्यालेन्सड फण्ड - १	५००,०००	४,१९५,०००
२	एनएमबि सुलभ इन्भेष्टमेण्ट फण्ड २	३००,०००	२,५९५,०००
३	सानिमा ग्रोथ फण्ड	१,५००,०००	११,८८०,०००
४	आरविवि म्युचुअल फण्ड २	५००,०००	५,२१५,०००
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम-३	१,०००,०००	१०,०००,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	१,५००,०००	१३,६०५,०००
७	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	१२,७२०,०००
८	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,५००,०००
९	प्रभु स्मार्ट फण्ड	१,०००,०००	७,८५०,०००
१०	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१५,६००,०००
छ) लघुवित्त वित्तीय संस्था			
१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	२७,३६३	२५,२५६,०४९
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	२५,९८४	१५,८५०,२४०
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१७,९६६	१७,६०६,६८०
४	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,०००	१०,१०६,०००
५	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१,९८९	१,३२०,६९६
६	बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड	७१	८४,४९०
७	आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड	१५०	३१३,५००
ज) अन्य			
१	घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड	४,०००	२,०२८,०००
२	नागरिक लगानी कोष	५,२३४	१०,७५०,६३६
	जम्मा	**११,४३७,६४१**	**६२१,४२८,१८७**

कोष प्रवर्द्धकः
NIC ASIA
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं ११
टोल फ्री नं : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरीः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

■ संसद्सँगको प्रश्नोत्तरमा प्रधानमन्त्रीले भने-

भ्रष्टाचारको मामिलामा सरकारले कानुनी समानताको सिद्धान्त पूर्णतः आत्मसात् गरेको छ

कमलराज भट्ट/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भ्रष्टाचारविरुद्धको कारबाहीमा सरकारले कानुनी समानताको सिद्धान्त पूर्णतः आत्मसात् गरेको बताएका छन् । मंगलबार प्रतिनिधिसभामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा सांसदका जिज्ञासा सम्बोधन गर्दै प्रचण्डले अनुसन्धानको क्रममा प्रधानमन्त्री नै आए पनि छोड्न आवश्यक नरहेको बताए ।

प्रधानमन्त्री प्रचण्डले सम्बोधनमा चीन भ्रमणका एजेन्डा, धरानको तनाव, अर्थतन्त्रको अवस्था, कृषि उत्पादन र रेशम चौधरीको आममाफीलगायतका विषयमा सरकारको धारणा राखेका छन् । प्रधानमन्त्रीका रूपमा प्रचण्डको संसद्मा तेस्रो प्रश्नोत्तर कार्यक्रम हो । प्रधानमन्त्रीसँग सांसदहरू उदयशमशेर राणा, ईश्वरी न्यौपाने, ऐनबहादुर शाही, ऋषिकेश पोखरेल, आशा विक, उर्मिला माझी, एकनाथ ढकाल, आशाकुमारी चौधरी, उर्मिला थेबे, ईश्वरी घर्ती र असिम शाहले प्रश्न राखेका थिए ।





■ सुशासनमा सरकार प्रतिबद्ध

आफ्नो कुर्सी बलियो बनाउन राजनीतिक दाउपेच गरेको र मुद्दा कमजोर बनाएर आफ्ना एसम्यान बचाउन खोजेर कस्तो सुशासन दिन खोजेको भन्ने प्रश्नमा प्रधानमन्त्री प्रचण्डले कसैलाई बचाउने र कसैलाई अप्ठ्यारो पार्ने नियतले कुनै पनि काम नगरिएको स्पष्ट पारे । दोषी कोही नछुटोस्, निर्दोष कोही नपरोस् भन्ने सिद्धान्तअनुसार नै प्रहरी प्रशासनलाई निर्देशन दिएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले भने, 'मैले यतिसम्म भनेको छु कि यदि अनुसन्धानको क्रममा प्रधानमन्त्री नै आउँछ भने पनि छोड्न आवश्यक छैन । मेरो पार्टीको नेताको त के कुरा भन्ने सार्वजनिक रूपमा भन्दै आएको छु ।'

सबै किसिमका भ्रष्टाचारलाई तथ्य र प्रमाणका आधारमा अनुसन्धान छानबिन गरी दोषीलाई कानुनको दायरामा ल्याउन सरकार प्रतिबद्ध रहेको भन्दै प्रचण्डले थपे, 'भ्रष्टाचारको मामलामा यो आफ्नो यो पराया भनेर सरकारले कसैलाई विभेद गरेको छैन, गर्ने पनि छैन । कानुनी समानताको सिद्धान्तलाई सरकारले पूर्णतः आत्मसात् गरेको छ, गरिरहनेछ ।'

■ चीन भ्रमणका एजेन्डा

प्रधानमन्त्री प्रचण्डले उत्तरी छिमेकी चीनको भ्रमण दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउँदै नेपालको सामाजिक-आर्थिक विकासका लागि चीन-नेपाल सम्बन्धलाई नयाँ गति दिने दिशामा केन्द्रित रहने बताए । भ्रमणका क्रममा यसअघि भएका सम्झौता र समझदारीको कार्यान्वयनमा जोड दिइने उनले जानकारी दिए ।

नेपाल र चीनबीचको आर्थिक तथा व्यापार सम्बन्धलाई थप सघन बनाउने, दुई देशबीच रहेका सीमानाकाहरूको सञ्चालन प्रभावकारी बनाउने र नयाँ नाका खोल्ने विषय एजेन्डामा रहने उनले बताए । यसैगरी सडक, ऊर्जा, कृषि, विज्ञान तथा प्रविधि तथा व्यापार र विकास सहायता क्षेत्रमा कनेक्टिभिटी, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रका रूपान्तरणकारी परियोजनामा चीनको सहयोग विस्तारको विषयसमेत प्राथमिकतामा रहने उनले जानकारी गराए । आसन्न चीन भ्रमणको दौरान चीन र नेपालबीच नयाँ व्यापारिक नाका खोल्ने विषयमा समेत छलफल हुने निश्चित भएको भन्दै प्रचण्डले मुगुको नाक्चेलाग्ना नाका खुलाउनेबारे कुरा उठाएर निष्कर्षमा पुऱ्याउन प्रयत्न गर्ने बताए ।

■ 'धर्मविरुद्ध हुने कार्यलाई छुट हुँदैन'

माओवादीले बहुमत ल्याए जातीय राज्य उपलब्ध गराउने भन्ने आफ्नो अभिव्यक्तिबारे सोधिएको प्रश्नमा प्रधानमन्त्री प्रचण्डले स्पष्ट जवाफ दिएनन् । प्रचण्डले अनेकतामा एकता नेपालीको विशिष्टता र नेपाली समाजको आधारभूत चरित्र भएको बताए । 'परापूर्वकालदेखि यहाँ कायम रहिआएको सामाजिक एकता, सद्भाव र सामाजिक सहअस्तित्वमा खलल पार्ने कुनै पनि किसिमको कार्य हुन नदिन सरकार दृढ प्रतिबद्ध छ,' उनले भने, 'सामाजिक सद्भावमा खलल पार्ने वा एकअर्काको संस्कृति र धर्मविरुद्ध हुने द्वेषपूर्ण कार्यलाई सरकारले छुट दिनेछैन ।' प्रधानमन्त्री प्रचण्डले जातीय विभेदका घटनामा प्रहरी प्रशासनले संवेदनशीलताका साथ उजुरी नलिएको विषयमा सरकारको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै छानबिन गरी कारबाही गरिने बताए ।

■ 'अर्थतन्त्र लयमा फर्किँदै छ'

प्रधानमन्त्री प्रचण्डले सरकारले चालेका सुधारात्मक कदमबाट अर्थतन्त्र विस्तारै लयमा फर्किन थालेको दाबी गरे । राष्ट्र बैंकले हालै प्रकाशन गरेको प्रतिवेदनअनुसार अर्थतन्त्रका सूचकांकहरू सकारात्मक दिशातर्फ उन्मुख रहेको, ०८० असार मसान्तसम्म शोधनान्तर स्थिति २ ९० अर्ब ५२ करोड रुपैयाँले बचतमा रहेको, विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको तुलनामा २६.६ प्रतिशतले वृद्धि भई १५३९ अर्ब ३६ करोड रुपैयाँ पुगेको र यसले करिब १० महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने अवस्था रहेको, विप्रेषण आयमा २१.२ प्रतिशतले वृद्धि भई १२२० अर्ब ५६ करोड पुगेको तथ्यांक उनले प्रस्तुत गरे । वैदेशिक लगानी प्रवर्द्धन गर्न नीतिगत र संस्थागत सुधार गर्दै वैदेशिक लगानीको स्वीकृति प्रक्रियालाई सहजीकरण गर्न ब्रेसहोल्ड घटाउनेलगायतका कार्य अगाडि बढाइएको उनले जानकारी गराए ।

■ गौरवका आयोजनाको स्थिति

राष्ट्रिय गौरवका आयोजनालाई समयमै सम्पन्न गर्न पर्याप्त बजेटको सुनिश्चितता र नियमित अनुगमन भइरहेको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले दुईवटा सम्पन्न भएका, १४ वटाको प्रगति ८० प्रतिशतभन्दा माथि रहेको र सातवटाको प्रगति ५० प्रतिशतसम्म रहेको जानकारी गराए । गौरवका आयोजनाहरूलाई यथाशीघ्र सम्पन्न गर्न सरकारले जोड दिँदै आएको उनको भनाइ थियो । मदन भण्डारी औद्योगिक विश्वविद्यालयको आवश्यक पूर्वाधार तयार गर्नेलगायत कार्य अगाडि बढाउन चालू आर्थिक वर्षमा दुई करोड बजेट विनियोजन गरिएको उनले जानकारी गराए ।

■ विद्युत् निर्यातभन्दा आयात बढी ?

आव ०७९/८० मा भारतलाई १० अर्ब ४५ करोड रुपैयाँको बिजुली बिक्री गर्दा १९ अर्ब ४४ करोड रुपैयाँको किनेको भन्ने प्रश्नमा प्रधानमन्त्री प्रचण्डले हिउँदयाममा नदी प्रवाहमा आधारित विद्युत् प्रणालीबाट उत्पादित विद्युत्मा ठूलो ह्रास आउने हुँदा छिमेकी मुलुकबाट बिजुली आयात गरी आन्तरिक माग धान्नुपर्ने स्थिति रहेको बताए । 'यस वर्ष तुलनात्मक रूपमा हिउँदको समयमा अधिक सुक्खा हुन गई देशभित्रका विद्युत् आयोजनाबाट विद्युत् उत्पादन कम हुन गएको छ,' उनले भने ।

■ 'गंगामायाको संरक्षण भइरहेको छ'

प्रधानमन्त्री प्रचण्डले छोराका हत्यारालाई कारबाहीको माग गर्दै अनशनरत गोरखाकी गंगामाया अधिकारीको संरक्षण सरकारले गरिरहेको बताए । 'प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही नेपाल सरकार तथा अन्तर्गतका निकायबाट गंगामाया अधिकारीलाई मानवीय सेवा प्रदान र संरक्षणका कार्य भइरहेका छन् । अस्पतालको विवरणअनुसार निजको स्वास्थ्य अवस्था सामान्य नै रहेको र उपचारका लागि सरकारले रु. ३७ लाख ४७ हजार उपलब्ध गराएको छ,' उनले भने । गंगामाया न्यायको प्रतीक्षामा रहेको भन्ने सांसदको प्रश्नमा प्रधानमन्त्री प्रचण्डले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गरेर बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्यनिरुपण तथा मेलमिलाप आयोगमार्फत संक्रमणकालीन न्यायको मुद्दा सम्बोधन हुने विश्वास व्यक्त गरे ।

राजनीतिक आवरणमा आपराधिक मुद्दा फिर्ता लिने प्रस्तावविरुद्ध सत्ता र प्रतिपक्ष एकै ठाउँमा

काठमाडौं/ हिंसात्मक क्रियाकलापमा संलग्न राजनीतिक समूहका सदस्यको मुद्दा फिर्ता लिने गरी सरकारले प्रस्ताव गरेको कानुनको सांसदहरूले विरोध गरेका छन् । ७९ कानुन संशोधनका लागि प्रतिनिधिसभामा पेस गरिएको केही नेपाल ऐन संशोधन विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै सांसदहरूले राजनीतिक आवरणमा जघन्य अपराधमा संलग्नलाई उन्मुक्ति हुने गरी कानुन बनाउन नहुने धारणा राखेका हुन् । सांसदहरूले एकैपटक धेरै ऐन संशोधन गर्न खोजेकोमा पनि आपत्ति जनाएका छन् ।

कानुन मन्त्रालयले प्रतिनिधिसभामा पेस गरेको विधेयकमा ३९ वटा ऐनको प्राविधिक र शाब्दिक विषयहरूलाई परिमार्जन र ३८ वटा ऐनमा तात्त्विक प्रभाव पार्ने गरेर परिमार्जनका लागि प्रस्ताव गरिएको छ । जसमा मुलुकी फौजदारी अपराध कार्यविधि संहिताको दफा ११६ पनि संशोधन गर्न खोजिएको छ । दफा ११६ मा फिर्ता गर्न नमिल्ने मुद्दाको सूची छ । मुलुकी फौजदारी अपराध संहितामा नकारात्मक र सकारात्मक सूचीका मुद्दाहरू छुट्याइएर सकारात्मक सूचीमा रहेका मुद्दाहरू अहिले पनि अदालतको सहमतिमा फिर्ता लिन सकिने प्रावधान छ । तर, नकारात्मक सूचीका मुद्दा फिर्ता लिन नमिल्नेमा 'राजनीतिक प्रकृतिका मुद्दा भने फिर्ता गर्न सकिनेछ' भन्ने प्रावधान थप्न विधेयकमा प्रस्ताव गरिएको छ ।

> केही नेपाल ऐन संशोधन विधेयकका नाममा संसद्लाई हेप्न खोजे प्रतिवाद गर्ने चेतावनी

कांग्रेस प्रमुख सचेतक रमेश लेखकले हिंसात्मक गतिविधिमा संलग्न भइरहेको अवस्थामा सरकारसँग राजनीतिक सहमति गरी संविधान र व्यवस्था मानेर शान्तिपूर्ण राजनीतिमा फर्किएका समूहका सदस्यहरू थुनामा रहेकोमा मुक्त गर्ने र मुद्दा खारेज गर्ने भनेर प्रस्तावित व्यवस्थालाई हुबहु कानुन बनाउन नहुने बताए । एमाले सचेतक महेश बर्तौलाले गम्भीर फौजदारी प्रकृतिका विषयलाई असाध्यै हल्का ढंगबाट प्रस्तुत गरिएको टिप्पणी गरे । कांग्रेस महामन्त्री गगनकुमार थापाले मुलुकी फौजदारी संहिताको संशोधनमार्फत जघन्य अपराधमा संलग्नलाई जोगाउने गरी ल्याएको प्रावधान मान्य नहुने बताए । माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले देशलाई शान्तिपूर्ण रूपमा अगाडि बढाउन राजनीतिक रूपमा गरिएका सहमतिलाई मिहीन ढंगबाट हेर्नुपर्ने धारणा राखे । यसमा सरकार पनि गम्भीर बन्नुपर्ने उनको भनाइ थियो । जसपाकी रञ्जु झाले फौजदारी अपराधमा अपराधीलाई छुट दिन नहुने बताइन् ।

सांसदहरूको जिज्ञासामा कानुनमन्त्री धनराज गुरुङले केही ऐनलाई संविधानअनुकूल समयसापेक्ष बनाउन संशोधन विधेयक ल्याइएको र नियत खराब नभएको जवाफ दिए । आफूले राजनीतिलाई अपराधीकरण गर्न नदिने र यसमा सरकार नचुक्ने स्पष्ट पार्दै मन्त्री गुरुङले छलफलका क्रममा पर्याप्त सुझाव दिएर ऐन समृद्ध बनाउनमा योगदान गर्न अपिल गरे । विधेयकमाथिको सैद्धान्तिक छलफल सकिएपछि सभामुख देवराज घिमिरेले विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्न खोज्दा गणपूरक संख्या नपुगेर निर्णय हुन सकेन ।

सुदूरका पहाडी जिल्ला जोड्ने सडकमा पहिरोको पिर

सहज भएन राजमार्गको आवागमन



भीमदत्त राजमार्गअन्तर्गत पर्ने कैलालीको बुढीतोलामा पहिरोले बगाएको स्थानमा ग्याबिन जाली लगाइँदै । तस्बिर : नयाँ पत्रिका

धनगढीमा **तेजराज भट्ट**

कैलालीको बुढीतोलामा गत २२ साउनको राति पहिरो गएपछि भीमदत्त राजमार्ग नौ दिनसम्म अवरुद्ध भयो । पहिरोले बगाएको र भासिएको करिब चार सय मिटर सडकमा नयाँ ट्याक खोलेर एकतर्फी यातायात सञ्चालन गरिए पनि राजमार्गमा आवागमन अझै सहज हुन सकेको छैन । पहिरोग्रस्त ठाउँमा माथिबाट ढुंगा खस्ने र ट्याक धसिएर गाडी फस्ने भएकाले राजमार्गमा आवागमन दैनिकजसो प्रभावित भइरहेको छ ।

पहिरोले बगाएको ठाउँमा नयाँ खोलिएको ट्याक मर्मतका लागि मंगलबार पनि दिनभर राजमार्ग बन्द गरियो । बिहान १० बजेदेखि बेलुकी चार बजेसम्म राजमार्ग पूर्ण रूपमा बन्द गरेर ट्याक मर्मत गरिएको हो । पहिरोले सडक बगाएको र भासिएको ठाउँमा आवागमन सहज नभएपछि गत साता पनि मर्मतका लागि राजमार्ग दिनभर बन्द गरिएको थियो । मर्मतको कार्य भइरहेकाले दिनमा एक-डेढ घन्टासम्म राजमार्गमा आवागमन बन्द हुने गरेको ट्राफिक प्रहरीले जनाएको छ । क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय अत्तरियाका प्रमुख ट्राफिक प्रहरी प्रमुख प्रहरी उपरीक्षक नेत्रमणि गिरीले पहिरो गएको क्षेत्रमा आवतजावत सहज हुन नसकेको बताए । 'एकतर्फी रूपमा गाडी चल्छन् । तर, मर्मत गर्नुपर्ने भएकाले दैनिक केही समय राजमार्ग बन्द गर्नुपर्ने अवस्था छ,' उनले भने ।

राजमार्गमा आवागमन सहज नहुँदा यात्रुले सास्ती खेप्नु परिरहेको छ । भार भएका सवारीसाधनलाई पार गर्न कठिन हुने गरेको छ । सुदूरपश्चिका सात पहाडी जिल्लाको मेरुदण्डका रूपमा रहेको यो राजमार्गमा दैनिक करिब चार सयवटा सवारीसाधनले ओहोरदोहोर गर्ने गरेको ट्राफिक प्रहरीको अनुमान छ । पहिरोले सय मिटर सडक पूर्ण रूपमा बगाउनुका साथै केही ठाउँमा भासिएको थियो ।

सडक डिभिजन कार्यालय कञ्चनपुरले पहिरो गएको ठाउँमा सडक निर्माण र मर्मतको काम गरिरहेको छ । उक्त कार्यालयका इन्जिनियर तारानाथ सिग्देलले यो वर्षामा दुईतर्फी यातायात सञ्चालनको सम्भावना नरहेको बताए । 'पहिरोले बगाएको सय मिटर क्षेत्रमा दुई लेनको सडक बनाउन तत्काल सम्भव छैन, बाँकी तीन सय मिटरमा दुई लेनको ट्याक बनाउने कोसिस गरिरहेका छौं,' उनले भने, 'सडकमाथि दुई सय मिटरसम्म पहिरो छ, सडक चौडा गर्न खोज्दा माथिबाट ढुंगा खस्छ ।'

ढुंगा खस्ने र भासिने भएकाले दैनिक डेढ-दुई घन्टासम्म राजमार्ग अवरुद्ध भइरहेको उनले बताए । सडकको छेउतिर ग्याबिन जाली राख्ने र भित्तापट्टि खनेर दुईतर्फी यातायात चल्ने गरी मर्मतको काम भइरहेको सडक डिभिजनले जनाएको छ । सडक मर्मतका लागि पाँचवटा एक्साभेटर र लोडर खटिएका सिग्देलले जानकारी दिए । उनका अनुसार दुईवटा एक्साभेटर तथा एक-एकवटा लोडर र भाइब्रेटिङ लोडरले त्यहाँ काम गरिरहेका छन् । पहिरो गएको ठाउँमा सडक निर्माणका लागि अध्ययन गर्न सडक विभागको प्राविधिक टोली आउन लागेको इन्जिनियर सिग्देलले जानकारी दिए । 'ठूलो पहिरो हो, जमिन 'सेटलमेन्ट' नभएसम्म कालोपत्रे गर्न सम्भव देखिँदैन,' उनले भने, 'भौगोलिक पक्ष प्राविधिकको टोलीले हेर्ला ।'

शुल्क वृद्धि फिर्ता लिन माग गर्दै नौ दिनदेखि अनशन

काठमाडौं/ इन्जिनियरिङ अध्ययन संस्थानले गरेको शुल्क वृद्धिको विरोधमा अनशन बसेका पुल्चोक इन्जिनियरिङ क्याम्पस नेविसंघ एकाइ अध्यक्ष सुलभ चापागाईंको स्वास्थ्य अवस्था कमजोर बनेको छ । चापागाईं नौ दिनदेखि आमरण अनशन बसिरहेका छन् ।

संस्थानले यसअघि स्नातक तह अध्ययनका लागि तीन लाख १८ हजार शुल्क लिँदै आएको थियो । तर, २५ साउनमा सात लाख ७७ हजार रुपैयाँ पुऱ्याएपछि शुल्क वृद्धिको निर्णय फिर्ता लिन माग गर्दै चापागाईं आमरण अनशन बसेका हुन् । शुल्क वृद्धिको विरोधमा नेविसंघलगायत विद्यार्थी संगठन माइतीघर, थापाथली इन्जिनियरिङ कलेज र संस्थानले प्रांगणमा विरोध प्रदर्शन पनि गर्दै आएका छन् ।

संस्थानका डिन शशीधरराम जोशीले भने ०५४ सालदेखि शुल्क वृद्धि नगरेको भन्दै समयसापेक्ष शुल्क वृद्धि गरिएको दाबी गरेका छन् । उनले यसबारे शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईलाई पनि जानकारी गराइसकेको बताए ।

स्वास्थ्य संस्थामा सुत्केरी गराएपछि शिशु मृत्युदर शून्य

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

बाँकेको नरैनापुर गाउँपालिकामा स्वास्थ्य संस्थामा सुत्केरी गराउने संख्या वृद्धि भएपछि नवजात शिशु मृत्युदर शून्यमा झरेको छ । गर्भवतीले स्वास्थ्य मापदण्डअनुसार नियमित रूपमा गर्भ जाँच गराउने र स्वास्थ्य संस्थामा प्रसूति गराउन थालेपछि शिशु मृत्युदर शून्यमा झरेको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख नगेन्द्रकुमार साहले जानकारी दिए ।

नरैनापुरमा आर्थिक वर्ष ०७७/७८ मा १० र आव ०७८/०७९ मा दुई नवजात शिशुको मृत्यु भएको थियो । तर, ०७९/८० मा नवजात शिशुको मृत्यु नभएको उनले बताए । नरैनापुरमा स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिलाको संख्या बढेको छ । गत आर्थिक वर्षमा एक हजार दुई सय ८१ जनाले स्वास्थ्य संस्थामा प्रसूति गराएका छन् । आव ०७८/७९ मा नरैनापुरका एक हजार दुई सय ४९ जनाले स्वास्थ्य संस्थामा बच्चा जन्माएका थिए । गाउँपालिकाभित्र रहेका ६ वटा स्वास्थ्य संस्थामध्ये सवैभन्दा धेरै लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्रले सुत्केरी सेवा दिएको छ ।

लक्ष्मणपुरमा दुई सय ८८ जनाले प्रसूति सेवा लिएका छन् । नरैनापुर स्वास्थ्यचौकीमा दुई सय ८५, मटेहिया स्वास्थ्यचौकीमा दुई सय ३०, गंगापुर स्वास्थ्यचौकीमा एक सय ८४, कटकुइँया स्वास्थ्यचौकीमा एक सय ४८ जना र कालाफाँटा स्वास्थ्यचौकीमा एक सय १० ले प्रसूति गराएका छन् । आर्थिक वर्ष ०७७/७८ मा पाँच तथा आव ०७८/७९ र आव ०७९/८० मा एक-एकजना सुत्केरी मृत्यु भएको छ ।

■ नियमित गर्भ जाँच गराउने बढे

नियमित रूपमा चारपटक गर्भ जाँच गराउनेको संख्या बढेको छ । नरैनापुरमा ८७.२० प्रतिशतले नियमित जाँच गराएको स्वास्थ्य शाखाले जनाएको छ । साहले भने, 'पहिले स्वास्थ्य संस्थामा आउन करकाप गर्नुपर्थ्यो, अहिले हामीले भन्नुपर्दैन, आफूखुसी आउनेको संख्या बढ्दो छ ।' बाँकेको सुदूरपूर्वमा पर्ने नरैनापुरमा मधेसी र मुस्लिम समुदायको बाहुल्य रहेको छ । गर्भवतीले नियमित जाँच गराएपछि कुपोषित जन्मिने बच्चामा पनि कमी आएको छ । गत आवमा ७.८ प्रतिशत र आव ०७८/७९ मा ९.१ प्रतिशत कम तौल भएका जन्मिएका थिए । गत आवमा कम तौलका ७.८ प्रतिशत बच्चा जन्मिएको तथ्यांक छ ।

■ ढुंगा, गिटी, बालुवाको ठेक्कामा करोड छुट

पूर्वमेयरसहित १० विरुद्ध विशेषमा मुद्दा दायर

> कोभिड- १९ को महामारीका वेला सरकारी कार्यालयबाट अत्यावश्यकबाहेकका सेवा बन्द रहेको अवस्थामा राजस्वसँग सम्बन्धित ठेक्का लगाइएको, ठेकेदारले उत्खनन गरेको परिमाण र उत्खनन गर्न बाँकी परिमाणसमेतको हिसाब गरी राजस्व छुट दिन नमिल्ने संवैधानिक तथा कानुनी क्षेत्राधिकारबाहिर गई ८३ दिनको भ्याटसमेत छुट दिन सक्ने प्रतिवेदन पेस गरेर भ्रष्टाचार गरेको दाबी

सुवास भट्ट/नयाँ पत्रिका

नदीजन्य ढुंगा, गिटी, बालुवाको ठेक्कामा सबा करोड रुपैयाँ छुट दिने पूर्वमेयर र तत्कालीन निमित्त प्रमुख प्रशासकीयसहित १० विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ । आयोगले मंगलबार कञ्चनपुरको भीमदत्त नगरपालिकाका तत्कालीन मेयर सुरेन्द्रबहादुर विष्ट र तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिदत्त जोशीसहितलाई प्रतिवादी बनाएर अदालतमा मुद्दा दायर गरेको हो ।

आर्थिक वर्ष ०७६/७७ मा महाकाली नदीबाट ढुंगा, गिटी, बालुवा, ग्राभेल र माटोको रोयल्टी शुल्क उठाउन ठेक्का सम्झौतापश्चात नगर कार्यपालिकाको कार्यालयलाई बुझाउनुपर्ने ठेक्कामा अनियमितता भएको हो । ठेक्का कबोल गरी भएको सम्झौताबमोजिम कुनै कारणले पनि मिनाहा दाबी-भुक्तानी गर्न नपाइने व्यवस्थाविपरीत रकम भुक्तानी दिइएको अख्तियारको दाबी छ ।

मेयर विष्टको अध्यक्षतामा नगरसभाको निर्णयले राजस्व छुट दिने मनसायले पाँच सदस्यीय कार्यदल गठन गरी त्यसैको सिफारिसका आधारमा एक करोड ३४ लाख ९७ हजार चार सय ५३ रुपैयाँ मूल्य अभिवृद्धि कर (भ्याट) छुट दिइएको आरोपपत्रमा उल्लेख छ । ठेक्का सम्झौताविपरीत र संघीय तथा प्रदेश सरकारको स्वीकृतिबेगर नै छुट दिएर भ्रष्टाचारजन्य गतिविधि गरेको आरोपमा अख्तियारले मेयर बस्नेत र निमित्त प्रमुख प्रशासकीय जोशीविरुद्ध अख्तियारले मुद्दा दायर गरेको छ । उनीहरूविरुद्ध छुट दिएको बराबरको रकमलाई नै बिगो कायम गरिएको छ ।

भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको आरोपमा अख्तियारले नगरपालिकाको तत्कालीन राजस्व छुटका लागि गठित कार्यदलका संयोजक तथा सदस्य तत्कालीन वडा नम्बर १७ का वडा अध्यक्ष हिमालबहादुर चन्द, इन्जिनियर हिमालयसिंह ऐर, लेखा अधिकृत गोविन्द उपाध्याय, लेखा अधिकृत (छैटौं) विक्रम भण्डारी र नायब सुब्बा नरेन्द्रदेव भट्टलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ । कोभिड- १९ को रोकथाम तथा नियन्त्रणका लागि सरकारी कार्यालयबाट अत्यावश्यकबाहेकका सेवा बन्द रहेको अवस्थामा राजस्वसँग सम्बन्धित ठेक्का लगाइएको, ठेकेदारले उत्खनन गरेको परिमाण र उत्खनन गर्न बाँकी परिणामसमेतको हिसाब गरी राजस्व छुट दिन नमिल्ने प्रतिवेदन गर्नुपर्ने संघीय आर्थिक ऐन तथा प्रदेश आर्थिक ऐनविपरीत संवैधानिक तथा कानुनी क्षेत्राधिकारबाहिर गई राजस्व रकममा ८३ दिनको भ्याटसमेत छुट दिन सक्ने प्रतिवेदन पेस गरेर भ्रष्टाचार गरेको आरोप उनीहरूमाथि छ ।



सुरेन्द्रबहादुर विष्ट

अख्तियारले ठेकेदार कम्पनी भवानी कन्स्ट्रक्सन प्राली, त्यसका सञ्चालक ईश्वरीप्रसाद भट्ट तथा उनकी पत्नी खगेश्वरी, केशवराज भट्ट, पुष्पराज भट्टविरुद्ध पनि मुद्दा दायर गरेको छ । ठेक्कामा आफैंले गरेको सम्झौता र बोलपत्रको सर्तविपरीत नगरपालिकासँगको मिलेमतोमा भ्याट छुट दिने निर्णय गराई राजस्व चुहावटमा मतियार भएर भ्रष्टाचार गरेको आरोप उनीहरूमाथि छ । ईश्वरी भट्टको निधन भइसकेको छ । बिगो असुल प्रयोजनका लागि उनकी पत्नी खगेश्वरीलाई अख्तियारले प्रतिवादी बनाएको हो ।

यसैबीच, अनुदानका लागि सिफारिस गरिदिएबापत घुस लिने नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर १३ का तत्कालीन कार्यवाहक वडाध्यक्ष दिलावर कवडियाविरुद्ध पनि मंगलबार नै अख्तियारले मुद्दा दायर गरेको छ । पशु फर्म निर्माण कार्य सम्पन्न भएपछि अनुदान रकम प्राप्त गर्नका लागि वडा कार्यालयबाट सिफारिस गरिदिएबापत सेवाग्राहीसँग नौ हजार रुपैयाँ घुस लिएका उनीविरुद्ध अख्तियारले त्यति नै बिगोदाबी गरेर मुद्दा दायर गरेको हो ।

भूमि आयोगले विद्यालयको तीन बिघा चार कट्ठा जग्गा किर्ते गरी व्यक्तिका नाममा गरेको खुलासा

सिराहामा **सुरेन्द्रकुमार कामती**

भूमि आयोगले सिराहा नगरपालिका- १० नरैहियामा रहेको आधारभूत विद्यालय सुन्दरपुरको तीन बिघा चार कट्ठा जग्गा किर्ते गरेर व्यक्तिको नाममा नामसारी गरेको पाइएको छ ।

साबिक हनुमाननगर प्रम गाविस- ८ 'ख' (हाल सिराहा नगरपालिका- १० नरैहिया)को कित्ता नम्बर २४९ को तीन बिघा चार कट्ठा १५ धुर जग्गा स्थानीय बीरे मुखियाको नाममा ३ मंसिर ०५५ मा नामसारी गरिएको हो । जग्गाधनी दर्ता श्रेस्तामा तत्कालीन सुकुमबासी समस्या समाधान आयोगका जिल्ला अध्यक्ष प्रमोद ठाकुर र नापी निरीक्षक हरिचन्दको हस्ताक्षर छ ।

■ विद्यालयले सोधखोज गरेपछि जग्गा फिर्ताको निवेदन

विद्यालयले सोधखोज गरेपछि मुखियाले हालै मात्र जग्गा फिर्ता गर्ने निवेदन भूमि आयोगको सिराहा कार्यालयमा दिएका छन् । मुखियाले निवेदनमा भनेका छन्- 'राष्ट्रिय भूमि आयोगले मेरो नाममा दर्ता गराई लालपुर्जासमेत बनाई दिएको जग्गा हाल आधारभूत विद्यालय सुन्दरपुरकै नाउँमा रहने गरी मेरो नामको उक्त जग्गा बदर गरी निवेदन पेस गरेको छु ।'

विद्यालयले ३२ साउनमा सिराहा नगरपालिका- १० को वडा कार्यालयलाई पत्राचार गर्दै 'बीरे मुखियाले विद्यालयको नाममा रहेको जग्गाको सुकुमबासी समस्या समाधान आयोगबाट किर्ते जग्गाधनी दर्ता श्रेस्ता बनाएर हकदाबी गरिरहेको' भन्दै छानबिन गरी कारबाही गर्न माग गरेको छ । प्रधानाध्यापक कृष्णदेव यादवले विद्यालयको जग्गा हडप्न किर्ते कागजात तयार गरेको पाइएको बताएका छन् । वडा कार्यालयले उक्त जग्गा विद्यालयको नै भएको प्रमाणित गरिदिएको छ । वडाध्यक्ष दीपक मुखियाले किर्ते प्रमाणपुर्जा बनाएको जग्गा विद्यालयको भएको प्रमाणित गरेका हुन् ।

जनता अधिकारसम्पन्न बनेको प्रतिक्रियावादीलाई पचेन : प्रधानमन्त्री

नयाँ पत्रिका

प्रधानमन्त्री तथा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले समाजवादी मोर्चामा रहेकाहरूलाई बदनाम गर्ने, घेराबन्दी गर्ने र फुटाउने षड्यन्त्र भइरहेको बताएका छन् । समाजवादी मोर्चाले मुलुकमा परिवर्तन ल्याई जनतालाई अधिकारसम्पन्न गराउन खोजेको, तर प्रतिक्रियावादीहरूलाई नपचेको उनको आरोप छ ।

समाजवादी मोर्चा लुम्बिनीले मंगलबार बुटवलमा गरेको सन्देश सभालाई सम्बोधन गर्दै प्रचण्डले मुलुकलाई समाजवादी गणतन्त्रमा रूपान्तरण गर्न शक्ति सञ्चय गर्दै अगाडि बढ्नुपर्ने बताए । उनले विगतमा भएका आन्दोलन तथा परिवर्तन जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलका मुख्य शक्ति अहिलेको मोर्चामा रहेको उल्लेख गरे ।

एकीकृत समाजवादीका अध्यक्ष तथा मोर्चाका अध्यक्ष माधवकुमार नेपाललले मुलुकमा परिवर्तन गरी देश बनाउने अभिभारा मोर्चासामु आएको दाबी गरे । विगतका अनुभवलाई एक ठाउँमा राखेर शक्ति गोलबद्ध गर्दै अगाडि बढ्नुपर्ने उनको जोड छ ।



समाजवादी मोर्चा लुम्बिनीले मंगलबार बुटवलमा गरेको सन्देश सभा । तस्बिर : रासस

नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवले मुलुकमा स्वाधीनताको लडाइँ जारी रहेको भन्दै साम्राज्यवादीको चंगुलबाट मुक्त बनेको देख्न चाहेको बताए । उनले प्रचण्डलाई सरकारमा रहेर मुलुक बनाउन आग्रह गर्दै आफूहरू सडक र चोक-चोकबाट लड्ने बताए । जसपाका नेता राजकिशोर यादवले भ्रष्टाचार, बेथितिका गाथा अन्त्य गरी सुशासनतर्फ अगाडि बढ्ने कार्यभार सरकार तथा प्रचण्डसँग रहेको बताए ।

मोर्चाको लुम्बिनी प्रदेश समिति गठन

समाजवादी मोर्चाको लुम्बिनी प्रदेशमा समिति घोषणा गरिएको छ । 'सन्देशसभा'मा समितिका सदस्यहरूको नाम घोषणा गरिएको हो । मोर्चामा आबद्ध दलका तीन-तीनजना नेता सदस्य रहने गरी समिति गठन गरिएको छ । माओवादी केन्द्रका तर्फबाट लुम्बिनी अध्यक्ष सुदर्शन बराल, उपाध्यक्ष दुर्गाबहादुर थारू र सचिव कृष्ण अधिकारी सदस्यका रूपमा रहेका छन् ।

■ कांग्रेसका निर्णय अलपत्र

डेटलाइनभित्र विभाग नबन्ने, भ्रातृ संस्थाको विवाद लम्बियो

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसको गत २ देखि १० साउनसम्म चलेको केन्द्रीय कार्यसमिति बैठकले १५ भदौभित्र विभाग गठनलाई पूर्णता दिने निर्णय गरेको थियो । लामो समयदेखि विभाग गठन हुन नसक्दा नेतृत्वको आलोचना भएपछि बैठकले त्यस्तो निर्णय गरेको थियो । तर, पनि तोकिएको समयमा विभाग गठन अनिश्चित बनेको छ ।

पछिल्लो समय पार्टीको संस्थापन र इतर पक्षबीच भ्रातृ संस्थाहरूको गठनको कारण बढेको असन्तुष्टिले विभाग गठनलाई पनि प्रभावित बनाएको देखिन्छ । तर, सभापति शेरबहादुर देउवानिकट नेताहरू पार्टीभित्रको असन्तुष्टिको कारण नभई बर्खाको समय भएकाले तय गरिएका अभियान सम्पन्न हुन ढिलाइ हुनु तथा संसद् भित्रको भूमिकामा नेताहरू व्यस्त हुनुले विभाग गठन निर्धारित समयभित्र हुन नसक्ने अवस्था आएको बताउँछन् । कांग्रेस केन्द्रीय समिति बैठकले पारित गरेको कार्यतालिकाअनुसार १५ भदौभित्र विभाग गठन हुनुपर्ने हो । देउवानिकट स्रोतका अनुसार नै अब डेटलाइनभित्रै समिति गठनको सम्भावना टरेको छ ।

सहमहामन्त्री किशोरसिंह राठौरले वर्षा र प्रतिकूल मौसमका कारण रोकिएको दोस्रो चरणको संगठन सुदृढीकरण अभियान र पछिल्लो अवस्थाले सम्भावना नरहेको जिकिर गरे । उनले केन्द्रीय समिति बैठकसमेत केही दिन सार्ने तयारी रहेको जानकारी दिए । 'पछिल्लो समय दोस्रो चरणको संगठन सुदृढीकरण अभियान पनि रोकिएको छ । संसदीय समितिमा नयाँ नेतृत्व चयनलगायतका काममा व्यस्त हुनुपरेकाले पार्टीका छलफल पनि पर्याप्त हुन सकेका छैनन् । त्यसैले १५ भदौभित्र विभाग गठनको सम्भावना छैन । केन्द्रीय समिति बैठक पनि केही दिन सार्ने तयारी छ,' भने ।

महिला संघको विवाद उत्कर्षमा

महिला संघको विवाद उत्कर्षमा छ । असन्तुष्ट शेखर-गगननिकट समूहले ४ भदौमा नौ जिल्लामा समानान्तर कमिटी घोषणा गरेको छ । यो समूहले महिला संघकी अध्यक्ष उषाकुमारी राउत मिश्रले विधानविपरीत एकलौटी रूपमा संघका गतिविधि गरेको आरोप लगाँउदै आएको छ । सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाका अनुसार ५ भदौमा सभापति देउवानिवास धुम्बाराहीमा बसेको पदाधिकारी बैठकमा भ्रातृसंस्थाका विवाद समाधानका लागि अध्यक्षहरूसँग छलफल गर्ने, कार्यतालिकाअनुसार बाँकी भ्रातृ संस्था, विभाग र समितिलाई १५ भदौभित्र पूर्णता दिने विषयमा छलफल भएको थियो । बैठकमा देउवाले आवश्यकताअनुसार बैठक बस्ने र छलफल गरेर अगाडि बढ्ने बताएका थिए । तर, त्यसयता कांग्रेसको बैठक बसेको छैन ।

२ असोजका लागि तय भएको केन्द्रीय समिति बैठक १ असोजमा तीज, २ असोजमा ऋषिपञ्चमी र ३ असोजमा संविधान दिवस परेकाले उपयुक्त नहुने भन्दै सार्ने तयारी रहेको छ । नेताहरूका अनुसार पछिल्लो समय संसदीय समिति गठनलगायतका कारण यसबारे पर्याप्त छलफल भएको छैन । संसदीय समितिका विषयमा शेखर-गगन समूह असन्तुष्ट देखिएको छ । सोमबार कांग्रेसले पाएका चारमध्ये दुई समिति आफूले पाउनुपर्ने शेखर-गगन समूहको माग थियो । तर, सभापति देउवा यसका लागि तयार नभएपछि संसदीय सुनुवाइ समिति (संयुक्त)का लागि नाम सिफारिस भएका सहमहामन्त्री जीवन परियारले सभापति बन्न अस्वीकार गरेका थिए ।

इतर निकट एक पदाधिकारीका अनुसार सभापति देउवाले आफ्नो समूहलाई संसद् र भ्रातृ संस्थाको जिम्मेवारीमा बाइपास गरेर लान खोजेको निष्कर्ष समूहले निकालेको छ । यससँगै विवाद थप बल्झिने देखिएको छ । केन्द्रीय समिति बैठकले ४८ विभाग रहेकोमा २२ विभाग थपेर ७० विभाग पुऱ्याउने निर्णय गरेको थियो । तर, नयाँ विभागको नाम टुंगिएको छैन भने संख्या फेरबदलको सम्भावना छ । हालसम्म प्रचार विभाग मात्र बनेको छ ।

नेविसंघमा गरिएको सहमति कार्यान्वयन भएन

पछिल्लो समय भ्रातृ संस्थामा रहेका विवाद पनि तत्काल समाधान हुने सम्भावना न्यून देखिएको नेताहरूको भनाइ छ । नेविसंघ र महिला संघको विवाद समाधानका लागि ठोस प्रगति भएको छैन ।

नेविसंघमा गत २२ साउनमा केन्द्रीय समितिमा ७१० जम्बो कार्यसमिति घोषणासँगै सुरु भएको विवाद देखिएको थियो । त्यसपछि शेखर-गगननिकट असन्तुष्ट समूहले समानान्तर समिति गठनको तयारीसमेत गरेको थियो । साथै, तीनबुँदे मागसहित ३१ साउनबाट सानेपामा रिले अनशन थालेको थियो । ३ भदौमा एक सातीभित्र असन्तुष्टलाई समेटेर लैजाने सहमतिपछि अनशन तोडिएको थियो । तर, नामको टुंगो अझै लागेको छैन । नेविसंघ अध्यक्ष डुजाड शेर्पाले नामबारे छलफल भइरहेको बताए । तर, नेविसंघले इन्जिनियरिङ अध्ययनको शुल्क वृद्धिविरुद्धको आन्दोलनमा नेतृत्व गरिहेकोले केही समय लाग्ने उनले जानकारी दिए ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
७)	७) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. २६२८०१/०७७/०७८ अन्तर्गत मिति २०७८/०१/०९ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला,नागार्जुन न.पा. वडा नं. ५, सितापाइला स्थित **कालिका देवी इन्टरप्राइजेज प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: प्रविण गुप्ता** स्थायी ठेगाना: मोरङ जिल्ला,विराटनगर उ.म.न.पा वडा नं.२ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २, लाजिम्पाट बाबु :रघुनन्दन प्रसाद गुप्ता बाजे : रामनाथ गुप्ता	**७) स्मीता गुप्ता (संचालक)** स्थायी ठेगाना : मोरङ जिल्ला,विराटनगर उ.म.न.पा वडा नं.२ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २, लाजिम्पाट बाबु : रघुनन्दन प्रसाद गुप्ता बाजे : रामनाथ गुप्ता
	ऋणीको विवरण	**जमानीकर्ताहरुको विवरण**
	२) प्रविण गुप्ता स्थायी ठेगाना : मोरङ जिल्ला,विराटनगर उ.म.न.पा वडा नं.२ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २, लाजिम्पाट बाबु :रघुनन्दन प्रसाद गुप्ता बाजे : रामनाथ गुप्ता	**१) नविन गुप्ता** स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं.२ हालको ठेगाना:काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २, लाजिम्पाट बाबु :रघुनन्दन प्रसाद गुप्ता बाजे : रामनाथ गुप्ता **२) स्मीता गुप्ता** स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं.२ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २, लाजिम्पाट बाबु : रघुनन्दन प्रसाद गुप्ता बाजे : रामनाथ गुप्ता
	धितोको विवरण १) रामनाथ गुप्ताको नाति, रघुनन्दन प्रसाद गुप्ताको छोरा मोरङ जिल्ला,विराटनगर उ.म.न.पा वडा नं.२ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २, लाजिम्पाट बस्ने प्रविण गुप्ताको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला,गोलढुङ्गा गा.वि.स वडा नं. १/१२ख (हाल: तारकेश्वर न.पा.वडा नं.४) स्थित किता नं.९६० र ९६१ को क्षेत्रफल क्रमश : १०७.३१ र ३५.७७ (व.मी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) कालिका देवी इन्टरप्राइजेज प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	**धितोको विवरण**
२)	१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, काठमाडौंमा प्रा.फ.र.नं. १२६०५५/०७२/७३ स्थानीय व्यापार अर्न्तगत मिति २०७२/११/२० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट, स्थित **गौरव एण्ड आशिष ट्रेड्र्स** **प्रोपाईटर तथा जमानतकर्ता: ज्ञानेन्द्र प्रसाद खनाल** स्थायी ठेगाना : गोरखा जिल्ला, बुङकोट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट बाबु : होमनाथ खनाल बाजे : अग्नीकान्त खनाल	१) पितामबर गौतमकी छोरी, होमनाथ खनालकी बुहारी, ज्ञानेन्द्र प्रसाद खनालकी पत्नी गोरखा जिल्ला, बुंकोट गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट बस्ने सन्तोषी खनालको नाममा मालपोत कार्यालय कलंकी काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थानकोट गा.वि.स. वडा नं. ४ (हाल चन्द्रागिरी न.पा. वडा नं. ३), स्थित किता नं. ३२५ को क्षेत्रफल ०-३-३-० (रोपनी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सवारी मोडल: Mahindra Bolero Pick Up 2WD 1.5T च्यासिस नं.: MA1ZU2TBKK1H64646 | ईन्जिन नं.: TBK1H71369 | सवारी दर्ता नं.: प्रदेश ३-०१-०२३ च २९५९ ३) गौरव एण्ड आशिष ट्रेड्र्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१. सन्तोषी खनाल स्थायी ठेगाना : गोरखा जिल्ला, बुंकोट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट बाबु : पितामबर गौतम पती : ज्ञानेन्द्र प्रसाद खनाल ससुरा: होमनाथ खनाल	**२. गौरव खनाल** स्थायी ठेगाना : गोरखा जिल्ला, बुंकोट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट बाबु : ज्ञानेन्द्र प्रसाद खनाल बाजे : होमनाथ खनाल **३. आसिष खनाल** स्थायी ठेगाना : गोरखा जिल्ला, बुंकोट गा.वि.स. वडा नं. ४ हालको ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. ५, थानकोट बाबु : ज्ञानेन्द्र प्रसाद खनाल बाजे : होमनाथ खनाल

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उज्रुर वाज्रुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

मिक्लाजुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मधुमल्ला, मोरङ

पत्रिकामा सूचना छाप्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०५/१३

मिक्लाजुङ गाउँपालिकाबाट राष्ट्रिय स्तरका पत्रिकाहरुमा सूचना पत्रिकामा प्रकासन गर्न, व्यवसायीहरु छनोट गरी काम गर्नुपर्ने भएको हुँदा उक्त सूचनाहरू प्रकासन गर्न इच्छुक पत्रिका वा पत्रिकामा सूचना प्रकासन गर्न इजाजत प्राप्त संस्था वा कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय, मितिमा E-Bidding मार्फत सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन जानकारी गराइन्छ ।

तपसिल

ठे.न.	विवरण	फारम दस्तुर	दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय	दरभाउपत्र फारम खोलिने मिति र समय
१.	MRM/MOR/ Advertising/ SQ/01-2080.81 राष्ट्रिय दैनिकमा सूचना प्रकाशन	रु.१००० (फिर्ता नहुने गरी)	१६औं दिन २०८०/०५/२८ गते १२:०० बजे E-Bidding	१६औं दिन २०८०/०५/२८ गते १२:०० बजे E-Bidding

थप शर्तहरु तथा जानकारीको लागि मिक्लाजुङ गाँउपालिकाको वेब साईट
https://miklajungmunmorang.gov.np/ र
https://www.bolpatra.gov.np/egp हेर्नुहोला ।

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौं

बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशन मिति : २०८०/०५/१३

यस नगरपालिकाबाट सञ्चालन हुने तपसिल अनुसारको निर्माण कार्य गर्नको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रितपूर्वक बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ । सोको विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp र यस कार्यालयको वेवसाइट www.kageshworimanoharamun.gov.np मा गई हेर्न सकिनेछ ।

तपसिल :

S. No.	Contract Identification No.	Name of Project	Estimate amount (excluding VAT and contingencies) NRs.	Bid security amount NRs.	Bid document fee (Non – refundable) NRs.
1	Interior Works/W/ NCB/01/2080-81	Interior construction works for Administrative Building .		935,000.00	5,000.00
2	Pipaldanda-Manichaur Road/W/NCB/ 02/2080-81	Construction of Satghattey-Adhikari gaun-Pipaldanda – Manichaur Road.		895,000.00	5000.00
3	Aadarsha School/W/NCB/ 03/2080-81	Finishing works of Aadarsha school Administrative Building.	13,415,525.11	400,000.00	3000.00
4	Gairi Basti Road/W/NCB/ 04/2080-81	Gairi Basti Toll Road Pavement Work.	4,535,588.51	115,000.00	3000.00
5	Kuikel gaun Road Phase II/W/NCB/ 05/2080-81	Construction of Sahid Park – Kuikel Gaun Road.	16,609,828.47	480,000.00	3000.00

प्रमुख प्रशासकीय अधिकृत

२९ मंसिरमा 'दुई कदम'

उदय सुब्बाको निर्देशनमा बनेको फिल्म दुई कदम २९ मंसिरदेखि प्रदर्शनमा आउने भएको छ। फिल्ममा गौरव पहारी, इओन लिम्बू, सिमोन गिरी, सुनील थापा, कविता आले, बुद्धि तामाङलगायत कलाकारको अभिनय छ। दयाराम घिमिरेले लेखेको यस फिल्मलाई विक्रम डिसीले छायांकन गरेका हुन्। ताराप्रकाश लिम्बू र विकास चौधरीले संगीत दिएका छन्।





द आर्चिजमा सुहाना

सुहाना खान, खुसी कपुर, अगस्त्य नन्दाको मुख्य भूमिका रहेको फिल्म द आर्चिज ७ डिसेम्बरमा नेटफ्लिक्समा रिलिज हुने भएको छ। यो फिल्म अमेरिकन कमिक 'द आर्चिज' मा आधारित छ। फिल्मले तीन किशोरीहरूको मित्रता र उनीहरूको जीवनमा आउने उतार-चढावलाई देखाएको छ। जोया अख्तरले यस फिल्मको निर्देशन गरेकी हुन्।

सहरमा सजिँदै ह्यांगिङ प्लान्ट

नयाँ पत्रिका

घरको सजावट र सुन्दरताका लागि सामान्यतया आँगन र गमलामा फूल रोप्ने चलन छ। विभिन्न प्रजातिका फूलले घरको सुन्दरता बढाउने र रमाइलो वातावरण सिर्जना गर्ने गर्छन्। त्यसैले, सुन्दर बर्गैंचालाई इज्जतको प्रतीक पनि मानिन्छ। नेपालमा हिजोआज बर्गैंचाका सौखिन पनि बढेका छन्। पछिल्लो समय आधुनिक जीवनशैलीसँगै घरको सजावटमा पनि परिवर्तन आएको छ।

सहरी क्षेत्रमा घरको आँगन, कौसी, भऱ्याङ, बार्दली, झ्यालललगायत ठाउँमा ह्यांगिङ बिरुवा अर्थात् गमलामा झुन्ड्याएर राख्ने चलन बढ्दो छ। फ्लोरीकल्चर एसोसियसन नेपालका उपाध्यक्ष सीताराम पन्त आधुनिक शैलीमा निर्माण भएका घरबाहिर र भित्र ह्यांगिङ प्लान्ट सजाउनेको संख्या बढेको बताउँछन्। 'घर ठूला वा साना भए पनि बाहिरी आकर्षण बढाउन ह्यांगिङ प्लान्टको बर्गैंचा बनाउन सकिन्छ। झ्याल, बार्दली, कौसीमा झुन्ड्याएर राख्न मिल्छ भने आँगनमा पनि स्ट्यान्ड बनाएर राख्न सकिन्छ,' उनी भन्छन्, 'फरक रङ र प्रजातिका फूलको प्रयोग गर्दा घरको सुन्दरतामा निखार आउँछ। लहरा प्रजातिका फूल र बिरुवा आकर्षक देखिन्छन्। कतिपयले झ्यालमै गमला झुन्ड्याएर राखेको पनि देखिन्छ।'



थोरै क्षेत्रफलमा भएको घरमा पनि ह्यांगिङ प्लान्टको उचित व्यवस्थापन गरेर राख्न सकिने उनले बताए। 'फूलका पारखीहरूले थोरै क्षेत्रफलमा पनि बिरुवाहरू सजाउने गरेका छन्। पछिल्लो समय नेपालमा पर्खाल गार्डेन बनाउने चलन पनि सुरु भएको छ। फूलले घर आकर्षक बढाउने मात्रै होइन, सकारात्मक सोच प्रवाह गर्ने काम गर्छ। त्यसैले घर, कार्यालय, होटेल-क्यापे सबैतिर राख्ने चलन आएको हो,' उनले भने।

गमला घरका सञ्चालक दीपेन्द्र तन्डुकार धामको प्रकाश देखिने ठाउँमा साना तथा लहरायुक्त बिरुवालाई ह्यांगिङ बास्केटमा राखेर सजाउन सकिने बताउँछन्। 'आफ्नो रुचिअनुरूप फरक फरक बिरुवा सजाउन सकिन्छ। घरमा मात्र होइन, ह्यांगिङ प्लान्टको प्रयोग व्यावसायिक भवन, कार्यस्थल, पसलमा पनि गर्न सकिन्छ,' उनले भने।

घरको बाहिरी भागमा मात्र होइन, बर्गैंचालाई समेत थप आकर्षक बनाउन पनि ह्यांगिङ प्लान्टको प्रयोग गर्न सकिने तन्डुकारले बताए। 'इन्डोरमा राख्न पनि मिल्छ। तर, घामको प्रकाश देखिने ठाउँमा राख्नुपर्छ,' उनले भने। उनका अनुसार डंकी टेल, ब्ल्याक पर्ल, ,स्पाइटर स्ट्रङ अफ पर्ल, बनाना, ह्यांगिङ जिरेनियम, ह्यांगिङ पिटुनियालगायत लहरा प्रजातिका बिरुवा धेरैको रोजाइमा पर्ने गरेको छ।

ह्यांगिङ प्लान्टका लागि छुट्टै ठाउँको आवश्यकता नपर्ने उनी बताउँछन्। 'ह्यांगिङ गमला विभिन्न आकारका पाइन्छन्। रेलिङमा राख्न हुक भएको गमला पाइन्छ। तर, प्लास्टिक गमला प्रयोग गर्नु राम्रो हुन्छ, उनले भने, 'फूल सजाएर पनि घरका विभिन्न भागलाई सुन्दरता ल्याउन सकिन्छ। ह्यांगिङ बास्केट रङ र बिरुवाहरू छनोट गर्ने सक्नुपर्छ। फूल रोप्ने भाँडोमा रंगीचंगी फूल एवं विभिन्न प्रजातिका विरुवा प्रयोग गर्न सकिन्छ।'

घरको वरिपरि तथा घरभित्र ह्यांगिङ गार्डेन बनाउन सकिन्छ। यसका लागि सबैभन्दा पहिले उपयुक्त ठाउँ छनोट गर्नुपर्छ। 'टिपिदिने वा मुन्टा भाँचिदिने खतरा हुन्छ, त्यसैले लहरा झुन्ड्याउन मिल्ने र बालबालिकाले नभेट्ने ठाउँमा रोप्दा राम्रो हुन्छ,' उनले भने।

भुईंमा गमला राख्ने ठाउँ नभएकाले झुन्ड्याएर राख्न सकिन्छ, जसले घरको लुक्स नै परिवर्तन गर्छ। भित्तामा राख्न मिल्ने 'स्ट्यान्ड'मा सामान्य प्लास्टिकको गमलामा रोप्न मिल्छ,' उनी भन्छन्, फूल फुल्ने र नफुल्ने विभिन्न प्रजातिका बिरुवा पाइन्छन्। तर, लहरा फैलिने खालका जातका बिरुवा रोज्दा राम्रो हुन्छ।

'घरको मूल ढोकाको दुवैतिर ह्यांगिङ फूल राख्न सकिन्छ। जसले पाहुनालाई स्वागतको आभास दिलाउँछ। प्लास्टिकको गमलामा सानो खालको बिरुवा उपयुक्त हुन्छ,' उनले भने।

आँखा सुक्खा हुन नदिन...

सामान्य अवस्थामा प्रतिमिनेट झन्डै १२ देखि २० पटकसम्म आँखा झिम्किरहेको हुन्छ। तर, हामीले टिभी वा ग्याजेटअगाडि बस्दा लामो समयसम्म आँखा झिम्किरहेको हुँदैन। मिनेटमा एक वा दुईपटक मात्रै झिम्किन्छ। जो आँखाको स्वास्थ्यका लागि हानिकारक छ। यसले आँखालाई सुक्खा बनाउँछ।

घन्टौंसम्म टिभी वा ग्याजेटअगाडि बस्नुहुन्छ वा कार्यालयको काम गर्नुहुन्छ भने तपाईंले आँखाको सुरक्षाका लागि '२०-२० नियम' फलो गर्न सक्नुहुन्छ। यस नियमले २० मिनेट कम्प्युटरमा बसेपछि तपाईंले २० सेकेन्ड आँखा चिम्लनु वा २० फिट टाढा हेर्नुपर्छ।

आँखा सुक्खा हुने, आँखाको आयल क्याप वा ग्रन्थी ब्लक हुने समस्या कम गर्न तपाईंले आई मसाज पनि गर्न सक्नुहुन्छ। त्यस्तै, चिकित्सकको सल्लाह लिएर मलम लगाउने, आई ड्रप प्रयोग गर्ने तातो पानीले सेक्ने पनि गर्न सक्नुहुन्छ।



डा. अर्चना बुढाथोकी
आँखारोग विशेषज्ञ
दृष्टि आई केयर

मोबाइलको असरलाई कम गर्न ब्लु कट लेन्स पनि युज गर्न सकिन्छ। मोबाइलबाट आउने ग्रिन रेलाई यसले कम गर्छ। १०० प्रतिशत ब्लक नगरे पनि ९० प्रतिशतभन्दा धेरै ब्लक गर्छ।

एसी वा फ्यान पनि सीधै आँखाकै अगाडि प्रयोग गर्न हुँदैन। यसले पनि आँखा सुक्खा गराउँछ। भिटामिनयुक्त खाना, जस्तै- हरियो सागसब्जी/गाँजर खाने गर्नुपर्छ। यसको कमीले पनि आँखा कमजोर हुन्छ। बच्चा र वृद्धवृद्धाले धेरैभन्दा धेरै भोलिलो खानेकुरा लिनुपर्छ। यसले आँखालाई हाइड्रेट गर्ने तथा आँखाका माध्यमबाट शरीरभित्र छिरेका टक्सिन पार्टिकललाई बाहिर निकाल्ने काम गर्छ।

थाइराइड भएकाहरूमा पनि आँखा सुक्खा हुन्छ। थाइराइड चेक गर्ने र नियमित औषधि खाने गर्नुपर्छ। प्रेसर, पार्किन्सन रोगको औषधि खाइरहेकामा पनि आँखा सुक्खा हुने समस्या देखिन्छ। यसलाई रोक्न सकिन्न, तर औषधि प्रयोग गरेर कम गर्न सकिन्छ।

पानी र निद्राको कमीले डार्क सर्कल पनि देखा पर्न सक्छ। यसका लागि पर्याप्त निद्रा पुऱ्याउने, पानी खाने र चिसोले आँखा सेक्ने गर्नुपर्छ। चिकित्सकको सल्लाहमा कालो घेरा हटाउने मलम पनि लगाउन सकिन्छ।

कोठामा पनि हामीले थाहा नपाउने गरी विकिरणहरू आइरहेका हुन्छन्। त्यसलाई कम गर्नका लागि हामीले ह्युमिडिफायर प्रयोग गर्न सक्छौं। यो उपकरणले कोठामा हावाको आर्द्रता बढाएर सुक्खापन हटाउने गर्छ।

सकारात्मक सोचले सकारात्मक व्यक्तित्व

तपाईंले परीक्षामा ल्याएको अंकलाई मात्रै महत्त्व नदिनुस्। परीक्षामा फेल हुनु वा कम अंक ल्याउनु र जीवनमा फेल हुनु एउटै हो भन्ने भ्रम त्याग्नुस्। युवापुस्ताले संसार धेरै प्रतिस्पर्धात्मक छ भन्ने बुझेको छ। अब सोच्नुहोस्, सफलता आज पनि सहज छ र अवसरहरू छन्। पुराना कुराको चिन्ता नगर्नुस्। कडा मिहिनेत गर्ने इच्छाशक्ति निर्माण गर्नुस्। सबै ठीक हुनेछ।

आफ्नो लक्ष्य निर्धारण गर्नुस्। यसले तपाईंलाई कहाँ जाँदै छु भन्ने जानकार गराउँछ। दृष्टिकोण तय गर्नुस्। यसले तपाईंले नदेखिने कुरा देख्न सक्ने क्षमता विकास गर्छ। तपाईंले असम्भव कुरालाई हासिल गर्न सक्नुहुन्छ। विश्वसनीयता र इमानदारिताले संस्थालाई धेरै फाइदा पुऱ्याउँछ। सम्मानित हुनुभन्दा सम्मानको लायक हुनु राम्रो हो। कहिल्यै हरेस नखानुस्।



नयाँ-नयाँ सीप सिक्ने प्रयास गर्नुस्। प्राविधिक सीप सफलताका लागि महत्त्वपूर्ण छ। सीपले नै करिअरको शिखरमा लैजान्छ। तर, सीपभन्दा धेरै भूमिका तपाईंभित्र लुकेको इच्छाशक्तिको हुन्छ। तपाईंसँग सीप भएर पनि सफलता हासिल गर्ने इच्छाशक्ति भएन भने त्यो निरर्थक हुन्छ। यी दुईबीचको सम्बन्ध बनाएर धेरै समस्या समाधान गर्न सकिन्छ। मानिसमा सीपको कमी भयो भने उनीहरूले सफलताको स्वाद चाख्न पाउँदैनन्। त्यसैले सीप बढाउनका लागि इच्छाशक्ति चाहिन्छ।

तपाईंले आफूलाई कसरी मार्केटिङ गर्न सक्नुहुन्छ भन्ने कुराले पनि सफलता निर्धारण गर्छ। इमानदारिता र विनम्रता यसका लागि आवश्यक छ। यो रणनीति होइन, बरु जीवनको महत्त्वपूर्ण मान्यता हो। त्यसैले इमानदार रहनुस्।

हामीमध्ये धेरैलाई नकारात्मक सोच्ने बानी परिसकेको छ। हामी जस्तो छौं, त्यस्तै देखिन्छौं। त्यसैले राम्रो बानीको विकास गरौं। राम्रो व्यवहार गरौं। आफ्नो इमान र प्रतिष्ठालाई महत्त्व दिनुस् र त्यहीअनुसार चरित्र निर्माण गर्नुस्। हामीले आफ्नो भ्यालु आफैं बनाउने हो।

हरिवंशलाई उत्कृष्ट अभिनेताको अवार्ड



काठमाडौं/ हरिवंश आचार्यले उत्कृष्ट अभिनेताको राष्ट्रिय अवार्ड जितेका छन्। त्यसैगरी दिया मास्केले 'प्रकाश'बाट उत्कृष्ट अभिनेत्री तथा यही फिल्मबाट दिनेश राउतले उत्कृष्ट निर्देशकको अवार्ड जिते।

०७८/७९ मा प्रदर्शन भएका चलचित्रमध्येबाट विभिन्न विधामा उत्कृष्टलाई राष्ट्रपति रामचन्द्र पौडेलले पुरस्कार प्रदान गरेका हुन्।

राष्ट्रपति भवन शीतलनिवासमा मंगलबार आयोजित समारोहमा पटकथा, छायांकन, सम्पादन, अभिनेत्री, अभिनेता, निर्देशक, आदिवासी जनजाति र जुरी अवार्ड वितरण गरिएको थियो। उत्कृष्ट छायांकनतर्फ चलचित्र 'लप्पन छप्पन- २' बाट पुरुषोत्तम प्रधानले अवार्ड जिते। उत्कृष्ट सम्पादनतर्फ चलचित्र 'दोख'का निमेष श्रेष्ठले अवार्ड हात पारे।

उत्कृष्ट पटकथा संवादलेखनका रूपमा 'चिसो मान्छे'बाट दीपेन्द्र के खनालले अवार्ड हात पारेका छन्। त्यस्तै, समारोहमा ०७८/७९ को दीर्घ साधना सम्मानबाट अभिनेत्री लक्ष्मी गिरी र शिव श्रेष्ठ सम्मानित भए।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

ICFC

कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०५/१३

यस फाइनान्सको शाखा कार्यालय भैरहवा, रुपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिंदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईले धितो स्वरुप यस फाइनान्सको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन तथा फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ। सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीहरुको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरुबाट नै भराई लिईनेछ। तपाई ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण बापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही, सिद्धार्थनगरमा साझेदारी ऐन २०२०, अन्तर्गत मिति २०६५/१२/२५ मा दर्ता नं. ३१९/०६५/६६ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय भैरहवाबाट स्थायी लेखा नं. ३०३५९८९५६को प्रमाण पत्र प्राप्त होटल संगम एण्ड क्याटरिङ सर्भिसेज।
साझेदार : कृष्ण बहादुर कार्की र डिल कुमारी कार्की
ठेगाना : सिद्धार्थनगर न.पा.-७, परिवर्तित सिद्धार्थनगर न.पा.-९, रुपन्देही।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : डिल कुमारी कार्की	ख) नाम : कृष्ण बहादुर कार्की
बुवा : राम बहादुर खत्री	बुवा : कर्न बहादुर कार्की
पति : हरि बहादुर कार्की	बाजे : धनराज कार्की
ससुरा : प्रेम बहादुर कार्की	ना.प्र.नं. : १९९२-१५४, जि.प्र.का. वाग्लुङ्ग।
ना.प्र.नं. : २/६५६, जि.प्र.का. रुपन्देही।	मिति : २०५०/११/२७
मिति : २०४६/०२/१२	ठेगाना : रेश १, वाग्लुङ्ग
ठेगाना : हा. वनगाई ४, रुपन्देही	हाल : सिद्धार्थनगर न.पा. ७, रुपन्देही।
हाल : मायादेवी गा.पा. ८, रुपन्देही।	

धितोमा रहेको सुरक्षणको विवरण :

१) मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा डिल कुमारी कार्कीको नाममा दर्ता कायम रहेको सिद्धार्थनगर न.पा. ९ क स्थित कित्ता नं. १५३३, १५६० र १५६२, क्रमशः क्षेत्रफल ०-०-२.२५-०, ०-०-१३.७५-० र ०-१-१.२५-० (बि-क-धु) को घरजग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत..... ।

२. ऋणीको विवरण

नाम : डिल कुमारी कार्की
बुवा : राम बहादुर खत्री
पति : हरि बहादुर कार्की
ससुरा : प्रेम बहादुर कार्की
ना.प्र.नं. : २/६५६, जि.प्र.का. रुपन्देही।
मिति : २०४६/०२/१२
ठेगाना : हा. वनगाई ४, रुपन्देही
हाल : मायादेवी गा.पा. ८, रुपन्देही।

व्यक्तिगत जमानी दिनेको विवरण

नाम : कृष्ण बहादुर कार्की
बुवा : कर्न बहादुर कार्की
बाजे : धनराज कार्की
ना.प्र.नं. : १९९२-१५४, जि.प्र.का. वाग्लुङ्ग।
मिति : २०५०/११/२७
ठेगाना : रेश १, वाग्लुङ्ग
हाल : सिद्धार्थनगर न.पा. ७, रुपन्देही।

धितोमा रहेको सुरक्षणको विवरण :

क) मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा शिव कुमार लामिछानेको नाममा दर्ता कायम रहेको मधवलिया ९ ख स्थित, कित्ता नं. ७७७ र ७७८, क्रमशः क्षेत्रफल ०-०-११-० र ०-०-९.७५-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत..... ।
ख) मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा शिव कुमार लामिछानेको नाममा दर्ता कायम रहेको टिकुलीगढ ९ क स्थित, कित्ता नं. १०५२, १०५९ र १०५५, क्रमशः क्षेत्रफल ०-०-०.५-०, ०-०-२.५-० र ०-०-५-० (बि-क-धु) को घर जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत..... ।
ग) मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा शिव कुमार लामिछानेको नाममा दर्ता कायम रहेको मधवलिया ४ क स्थित, कित्ता नं. ३३३७, क्षेत्रफल ०-०-१८-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत..... ।
घ) मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा भगवती लामिछानेको नाममा दर्ता कायम रहेको मधवलिया ४ क, स्थित कित्ता नं. ३३२७, क्षेत्रफलः ०-०-१६-० (बि-क-धु) को घर-जग्गा तथा त्यसमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत..... ।
ङ) मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा होटल सङ्घीयता रिसोर्ट एण्ड इभेन्ट प्रा.लि. को नाममा दर्ता कायम रहेको मधवलिया ६, स्थित कित्ता नं. ४९०, क्षेत्रफल ०-१-१५-० (बि-क-धु) को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु, लिगलगापात समेत..... ।

धितोमा रहेको सुरक्षणको विवरण :

क) नाम : शिव कुमार लामिछाने	ख) नाम : भगवती लामिछाने
बुवा : शालिक राम लामिछाने	बुवा: ढाँचा नन्द पौडेल
बाजे : टिकाराम लामिछाने	पति : शिव कुमार लामिछाने
ना.प्र.नं. : १७२७८, जि.प्र.का. स्याङ्जा।	ससुरा : शालिक राम लामिछाने
मिति : २०६१/०९/०७,	ना.प्र.नं. : ३७१०१६/३८१६०, जि.प्र.का. रुपन्देही।
ठेगाना : जगतभञ्ज्याङ २, स्याङजा	मिति : २०६५/१२/२५,
हाल: तिलोत्तमा न.पा. १५, कोटीहवा, रुपन्देही।	ठेगाना : टिकुलीगढ ९, रुपन्देही
	हाल : तिलोत्तमा न.पा. १५, कोटीहवा, रुपन्देही।

४. ऋणीको विवरण

प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशानलय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत मिति २०७५/०६/१६ मा उ.द.नं. १६०११/०७५/७६ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट स्थायी लेखा नं. ३०४७११९७६ को प्रमाणपत्र प्राप्त एस एस पि कटेज एण्ड लज।
प्रोप्राइटरको नाम : शिव कुमार लामिछाने
ठेगाना : तिलोत्तमा १५, रुपन्देही।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : शिव कुमार लामिछाने	ख) नाम : भगवती लामिछाने
बुवा : शालिक राम लामिछाने	बुवा: ढाँचा नन्द पौडेल
बाजे : टिकाराम लामिछाने	पति : शिव कुमार लामिछाने
ना.प्र.नं. : १७२७८, जि.प्र.का. स्याङ्जा।	ससुरा : शालिक राम लामिछाने
मिति : २०६१/०९/०७,	ना.प्र.नं. : ३७१०१६/३८१६०, जि.प्र.का. रुपन्देही।
ठेगाना : जगतभञ्ज्याङ २, स्याङजा	मिति : २०६५/१२/२५,
हाल: तिलोत्तमा न.पा. १५, कोटीहवा, रुपन्देही।	ठेगाना : टिकुलीगढ ९, रुपन्देही
	हाल : तिलोत्तमा न.पा. १५, कोटीहवा, रुपन्देही।

धितोमा रहेको सुरक्षणको विवरण :

धनी आइ.सि.एफ.सि. फाइनान्स लि. ऋणी एस.एस.पि. कटेज एण्ड लज कायम रहेको लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको लु.२ च. ८२०५, इन्जिन नं: E001479, च्यासिस नं. MEERHA002J4006155 भएको १ थान रेनोल्ट क्यापचर सवारी साधन।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

अन्तर्जातीय प्रेममाथिको विभेद र अपराध

दलित र गैरदलितबीच अन्तर्जातीय प्रेम भई विवाह गर्ने जोडीको संख्या बढे पनि त्यसलाई टिकाउने र छिचोल्ने चुनौती भने यथावत् छ



● परशुराम रम्तेल

अग्रलेख

आजको एक्काइसौँ शताब्दीमा पनि दक्षिण एसियाली समाजमा दलित समुदायमाथि छुवाछुत र विभेद कायमै छ भन्दा विकसित देशका मानिस पत्याउँदैनन् । संयुक्त राष्ट्रसंघका विभिन्न कार्यक्रममा भारत र नेपालबाट सहभागी हुने प्रतिनिधिले आफ्नो देशमा छुवाछुत र विभेद छ भन्न हिचकिचाउँछन्, लाज मान्छन् । तर, यथार्थ हाम्रो नेपाली समाजमा उमेर पुगेका युवायुवतीले एकापसमा भावना साटासाट गरी प्रेम गर्दा, विवाह गर्दा ज्यान गुमाउनुपर्छ । राणाकालीन समयमा पनि एउटा दलित केटाले राणाकी छोरीसँग प्रेम गरी भागी विवाह गर्दा घरपरिवारबाट टाढै रहेर भए पनि प्रेमपूर्ण जीवन बिताई बाँच्न पाउँथे, सो प्रेमजोडीलाई खोजेर पिट्दैनथे, मार्दैनथे । तर, आजको नेपाली समाजमा भने त्यस्ता प्रेमी-विवाहित जोडीलाई बाँच्ने छुट छैन । नवराज विकजस्ता सयौँ अन्तर्जातीय जोडीको हत्या भएको छ । कैयौँले अपमान सहेका छन् । कैयौँले आत्महत्या गरेका छन् भने धेरैले जबर्जस्ती करणीको झुटो आरोपमा जेलजीवन भोगिरहेका छन् । यस्ता कार्य जघन्य अपराधको पराकाष्ठा मात्रै नभई समाजको उल्टो गति हो । यस्तो संवेदनशील विषयमा राज्य गम्भीर बन्नुपर्छ ।

छुवाछुत र जातीय विभेदजन्य सबैखाले कार्य जघन्य अपराध हुने संवैधानिक व्यवस्था भए पनि राज्यको उदासीनताका कारण व्यावहारिक रूपमा सो प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । प्रेम गर्नु व्यक्तिको मौलिक अधिकार हो । यसमा जात, रूप वा धनको मतलब हुँदैन । पछिल्लो केही वर्षदेखि नेपाली समाजमा दलित र गैरदलितबीच प्रेम गर्ने, विवाह गर्ने, परिवार र आफन्त मिलेर राज्यकै सहयोगमा सम्बन्धविच्छेद गराउने, झुटा मुद्दामा दलितलाई फसाएर जेल हाल्ने, यातना दिने, हत्या गर्नेजस्ता गैरकानुनी कार्य हुँदै आएका छन् । मानव जातिकै कलंकका रूपमा रहेको यस्तो विभेदकारी व्यवहारविरुद्ध सिंगो राज्यसत्ता र चेतनशील मानिसले सामाजिक रुपान्तरणका लागि निकै मिहिनेत गर्नुपर्छ । मुख्य रूपमा न्याय क्षेत्रमा क्रियाशील वकिल र न्यायाधीशले यस्ता मुद्दाको संवेदनशीलतालाई बुझेर गम्भीर भई समाज रुपान्तरणमा लाग्नुपर्ने देखिन्छ ।

प्रगतिशील चेतनाको विकास : दक्षिण एसियाली समाज सदियौँदेखि सामन्तवादी विचार र संस्कृतिद्वारा अभ्यस्त हुँदै आएको हुनाले महिला र दलित समुदायमाथि हेर्ने दृष्टिकोण र गरिने व्यवहार पनि असाध्यै असभ्य र विभेदकारी छ । हिन्दू सामन्तवादले दलित र महिलालाई अक्षम, निर्बल, अज्ञानी, निर्धन र अविवेकी हुन्छन् भन्ने सैद्धान्तिक मान्यता राख्दै त्यहीअनुसारको निकृष्ट र अमानवीय खालका नीति, विधि र व्यवहारको विकास गर्छ । जसको परिणाम आजको विज्ञान र प्रविधिको जमानामा पनि यी समुदायमाथि सबै प्रकारका उत्पीडन र विभेद हुँदै आएको छ । राज्यसत्ता जुन वर्ग र समुदायको हातमा छ, उसैलाई बलियो बनाउने गरी शिक्षा र संस्कृतिको पनि विकास गरिएको हुन्छ ।

केही वर्षयता दलित र गैरदलित युवा-युवतीबीच प्रेम गर्ने, विवाह गर्ने घटना बढेका छन् । समाज विकास र रूपान्तरणका लागि यस्ता समानता र सम्मानजनक कार्य धेरै सकारात्मक र प्रगतिशील छन् । पछिल्लो समयमा युवापुस्तामा रुढिवादविरुद्ध र सामाजिक रूपान्तरणका पक्षमा लहर चलेको छ । युवापुस्तामा उमेर चढ्दै र बढ्दै जाँदा माया, प्रेम, भावना मिल्नु स्वाभाविक मानवीय र प्राकृतिक कुरा हो । दलित र गैरदलितबीच अन्तर्जातीय प्रेम भई विवाह गर्ने जोडीको संख्या बढे पनि त्यसलाई टिकाउने र छिचोल्ने चुनौती भने यथावत् छ । यसका लागि विभेद गर्नेविरुद्ध र समानताका पक्षमा राज्यले सही नीति र विधिको विकास गरी प्रभावकारी कार्यान्वयनमा लैजानुपर्छ ।

प्रेमलाई अपराधमा रुपान्तरण गर्ने कोसिस : उमेर चढ्दै गएपछि मान्छेमा मात्रै नभएर पशुपक्षी सबैमा विपरीतलिंगीप्रति आकर्षण हुनु स्वाभाविक हो । भनिन्छ, स्वाभाविक रूपमा सँगसँगै काम गर्दा, पढ्दा वा सहकार्य गर्दै जाँदा पुरुष र महिलाबीच मन, भावना र स्वभाव मिलेर प्रेमको रूप लिन्छ । वास्तवमा प्राकृतिक प्रेममा रंग, जात, धन वा रूपको महत्त्व हुँदैन । हाम्रो नेपाली समाज सदियौँदेखि पितृसत्तात्मक सामन्ती सोच र चिन्तनबाट निर्देशित तथा नियन्त्रित हुँदै आएको हुनाले मुख्यतः माया, प्रेम र विवाहलाई वर्गीय र जातीय रूपमा लिने गरिन्छ । पछिल्लो केही वर्षयता भएका अन्तर्जातीय प्रेम र विवाहलाई विश्लेषण गर्दा दलित र गैरदलितबीच भएका अधिकांश प्रेम विवाहलाई सम्बन्धित अभिभावक र समाजले सर्लक्क स्वीकार गरेको छैन । ती प्रेमी जोडीलाई एकाधबाहेक सत्ताको बलमा छुटाउने वा दलित केटालाई बलात्कार, अपहरण, महिला बेचबिखन वा बालविवाहको मुद्दामा फसाएर आफ्नी छोरी, बहिनी असल भएको पुष्टि गर्ने प्रयास गरिन्छ । दलित भएकै कारण त्यस्ता प्रेमविवाहलाई स्विकार्नुको सट्टा उल्टो झुटा मुद्दामा फसाउने कार्य हुँदै आएका छन् । नेपालको संविधान र कानुनमा छुवाछुत र जातीय भेदभावजन्य सबै प्रकारका कार्य जघन्य अपराध हुने व्यवस्था भए पनि सिंगो राज्यसत्ताका अवयवमा मनुवादी चिन्तन र प्रवृत्ति



हाबी भएकाले त्यस्ता अन्तर्जातीय विवाहलाई अन्यत्र मोड्ने प्रयत्न हुँदै आएका छन् ।

युवापुस्ताले मनैदेखि पवित्र ढंगले गरेका प्रेमलाई जातीय विभेदको तगाराले छेकेको मात्रै छैन, परिवार, समाज र प्रशासनको आडमा घेराबन्दी र चर्को दबाबबाट गैरदलित केटीलाई बाध्य बनाएर झुटा बयान दिन लगाएर दलित केटालाई फसाइन्छ । जात व्यवस्थालाई अस्वीकार गरी एउटा अपराधलाई ढाक्न फेरि केटालाई झुटा मुद्दामा फसाएर अर्को अपराध गर्छन् । यस्तो आपराधिक कार्य दिनानुदिन समाजमा झन् बढ्दो छ । नेपालमा जातीय विभेदको सवालमा पवित्र प्रेमलाई अपराधीकरण गर्दै खास अपराधीलाई बचाउने प्रपञ्चमा सरकारी निकाय नपरी युवापुस्ताको पवित्र प्रेमविवाहलाई प्रोत्साहित गर्नु आज राज्य र जिम्मेवार नागरिकको दायित्व बनेको छ ।

> अन्तर्जातीय प्रेमभित्र विभेद र अपराध छुट्याउनै नसकिने गरी लट्पटिएको छ । सामन्तवादी संस्कृतिको दम्भ र जातीय विभेदबाट ग्रसित मनोविज्ञान बोकेका मानिस प्रगतिशील प्रेम र विवाहलाई स्विकार्नुभन्दा शृंखलाबद्ध अपराध गर्न तम्सिरहेका देखिन्छन् ।

प्रहरी अनुसन्धानमा विभेदजन्य मनोविज्ञान : अन्तर्जातीय प्रेम र विवाहबारे परेका उजुरीका सवालमा प्रहरी प्रशासनले मुद्दाको अनुसन्धान प्रक्रिया अघि बढाउँदा जातीय विभेदको मनोविज्ञानलाई गहिरोसँग अध्ययन र अनुसन्धान तथा तहकिकातमा ध्यान दिनु आवश्यक छ । मनुवादी विचार र व्यवहारद्वारा ग्रस्त नेपाली समाजमा गैरदलितले सहजै दलित ज्वाइँ वा बुहारी स्विकार्ने चेतना एकाधबाहेक विकास अझै भइसकेको छैन । त्यसैले यस्ता अन्तर्जातीय प्रेमविवाहका विषयमा परेका उजुरी वा मुद्दामा प्रहरीले कानुनको आधारमा मात्रै अनुसन्धान र व्याख्या गर्दा दलितले न्याय पाउँदैनन् । उमेर नपुगेका जात मिलेका केटाकेटीले विवाह गर्दा उमेर पुगेपछि विवाह गरौंला, अहिले आ-आफ्नो घर जाऊ भनेर अभिभावकको जिम्मा लगाइन्छ, तर दलितसँगको विवाह छ भने बालविवाहको मुद्दा दर्ता गरिन्छ । यस्ता मुद्दामा गैरदलित अभिभावकले आवेगमा आएर केटालाई फसाउन बल गर्छ भने प्रहरी प्रशासनले पनि जातीय विभेदको मनोविज्ञानलाई खासै वास्ता गर्दैन । कहिलेकाहीं देखेको कुरा पनि सत्य हुँदैन, जस्तै सूर्य पूर्व दिशाबाट उदाउँछ भन्ने मान्यता स्थापित छ, तर यो सत्य होइन । वास्तवमा सूर्यलाई पृथ्वीले परिक्रमा गर्छ भन्ने विज्ञानले पुष्टि गरिसकेको छ । दलित र गैरदलितबीच हुने प्रेम र विवाहका सवालमा पनि जातीय विभेदको मनोविज्ञानका कारण अन्तर्जातीय विवाहलाई अपराधमा रुपान्तरण गरिँदै छ भन्ने सत्यलाई प्रहरी प्रशासन र न्यायालयमा काम गर्ने जनशक्तिले राम्रोसँग बुझ्न जरुरी छ ।

न्यायालयमा दलितमैत्री फैसलाको खाँचो : न्याय क्षेत्र जहिले पनि निष्पक्ष हुनुपर्छ भन्ने कुरा अन्तर्राष्ट्रिय रूपमा स्थापित रहँदै आएको छ । नेपालका सन्दर्भमा आजका दिनसम्म आइपुग्दा दर्जनौं संख्याका दलित प्रेम गरेकै कारण मारिएका छन्, अंगभंग भएका छन् भने सयौँले झुटा मुद्दामा जेलजीवन बिताइरहेका छन् । हाम्रो न्यायालयले दलित समुदायलाई न्याय नदिने पो हो कि अथवा न्यायालय उनीहरूका लागि होइन कि भन्नेजस्ता अनगिन्ती प्रश्न आज न्यायालयमाथि उठ्न थालेका छन् । किनकि पवित्र प्रेम गर्ने दलित युवा बलात्कार, अपहरण, बेचबिखन वा बालविवाहको निहुँमा जेलजीवन बिताउन बाध्य छन् । अन्तर्जातीय प्रेमभित्र विभेद र अपराध छुट्याउनै नसकिने गरी लट्पटिएको छ । सामन्तवादी संस्कृतिको दम्भ र जातीय विभेदबाट ग्रसित मनोविज्ञान बोकेका मानिस प्रगतिशील प्रेम र विवाहलाई स्विकार्नुभन्दा शृंखलाबद्ध अपराध गर्न तम्सिरहेका देखिन्छन् ।

जातीय विभेदलाई ढाकछोप गर्न र समाजबाट आफ्नो इज्जत बचाउन मेरी छोरी वा दिदीबहिनीमाथि बलात्कार गऱ्यो वा अन्य त्यस्तै अपराधजन्य झुटा आरोप लगाएर मुद्दा दायर गरिन्छ । आजकल त दलित समुदायका युवालाई बचाउनै गाह्रो भएको गुनासो आमदलित अभिभावकबाट सुनिन्छ । दलित समुदायमाथिको उत्पीडन र विभेदको मनोविज्ञानलाई न्यायिक क्षेत्रमा कार्यरत वकिल र न्यायाधीशले विशेष ध्यान दिनुपर्छ । आफूले हरेक मुद्दाको वकालत, पैरवी वा फैसला गर्दै गर्दा युगौँदेखि रहिआएको परम्परा, संस्कृति वा प्रथाका नाममा चलेको र हालको संवैधानिक र कानुनी व्यवस्थाद्वारा अपराध मानिएको जातीय विभेदजन्य कार्यबाट प्रभावित वा आकर्षित भएका त छैनन् भन्नेबारे विचार पुऱ्याउन आवश्यक देखिन्छ । न्यायालयको ध्यान नपुग्दा विगतमा थुप्रै दलित युवा झुटा मुद्दामा अन्यायपूर्ण रूपमा जेलमा रहेको यथार्थ हामी कसैले पनि भुल्नु हुँदैन ।

नेपालको सन्दर्भमा दलित समुदायमाथिको उत्पीडन र विभेद अमानवीय मात्रै नभई अत्यन्त निकृष्ट रहँदै आएको छ । त्यसैले, अन्तर्जातीय प्रेम र विवाहका सन्दर्भमा प्रारम्भमा प्रहरीमा पर्ने उजुरी र अदालतमा हालिने मुद्दाका सवालमा नेपालको विद्यमान संवैधानिक र कानुनी प्रावधान, समाजमा दलितमाथि हुँदै आएको विभेदकारी व्यवहार, दलित समुदायको प्रशासनिक र न्यायिक क्षेत्रमा पहुँचहीनता आदिलाई विचार गरी निष्पक्षतामा आधारित रहेर अनुसन्धान, तहकिकात र न्याय दिइनुपर्छ । यसका लागि राज्य दलितमैत्री बन्नु आवश्यक छ । राज्यले प्रहरी जनशक्तिलाई पनि दलितमैत्री प्रशिक्षण दिने, दलित सेलमा निश्चित दरबन्दीको व्यवस्था गर्ने प्रावधानको विकास गरिनुपर्छ । त्यसैगरी सर्वोच्च अदालतले आफ्नो मातहतका न्यायिक निकायमा संविधान र कानुनमा भएका दलित हक-अधिकारको प्रभावकारी कार्यान्वयनका लागि दलित विशेष इजलासको व्यवस्थासहित वर्षमा एक साता सबै तहका न्यायालयमा कार्यरत जनशक्तिलाई अनिवार्य प्रशिक्षण र तालिम दिने व्यवस्था गरिनुपर्छ । त्यसैगरी वेलावेलामा यसको प्रभावकारी कार्यान्वय भएको छ कि छैन भनेर सम्बन्धित निकायबाट अनुगमन गर्ने संयन्त्रको पनि विकास गरिनुपर्छ । यसरी राज्यका सबै क्षेत्र र निकायले तदारुकतासाथ लागेमा मात्रा देशलाई छुवाछुतमुक्त राष्ट्र बनाई यहाँ दलितले पनि न्याय पाउँछन् भन्ने भाष्य निर्माण गर्न सकिन्छ । यसरी राज्यका समग्र निकाय सुनियोजित तरिकाले लागेमा मात्रै प्रेमभित्र लट्पटिएको विभेद र अपराधलाई उन्मूलन गर्न सकिन्छ । यसमा सरोकारवाला सबै पक्ष गम्भीर हुन आवश्यक छ ।

(रम्तेल संविधानसभाका सदस्य तथा दलित मोर्चाका इन्चार्ज हुन्)

---

३ प्रश्न

नेपाल कानुन आयोगका पूर्वअध्यक्ष **माधव पौडेल**लाई



'राइट टु रिजेक्ट' को व्यवस्था भनेको कस्तो व्यवस्था हो ?

यसलाई 'राइट टु रिजेक्ट' होइन, 'माथिका कसैलाई मत दिन्नँ' अर्थात् 'नन अफ द एभब' (नोटा) भन्नुपर्छ । यस्तो व्यवस्था धेरै देशमा लागु भइसकेको छ । यसलाई नागरिक अधिकार नै मानिन्छ । यस्तो व्यवस्था नहुँदा मन नपरे पनि कुनै न कुनै उम्मेदवारलाई मत दिनैपर्थ्यो । अब भने मन नपरे 'कसैलाई पनि मत दिन्नँ' भन्न पाइन्छ । यसका लागि अलग्गै निर्वाचन चिह्न राखिन्छ । यसमा सदर मतमध्ये ५० प्रतिशतभन्दा बढी मत परेमा सो क्षेत्रको निर्वाचन रद्द हुन्छ र पुनः निर्वाचन गराउनुपर्छ ।

विधेयकका सकारात्मक व्यवस्था संसद्बाट पारित हुने सम्भावना कति देख्नुहुन्छ ?

अहिले नै पारित हुँदैन कि भनेर शंका गर्नु हुँदैन । यस विषयमा दलहरूले पनि विचार पुऱ्याउनुपर्ने देखिन्छ । भ्रष्टाचार आरोप लागेका उम्मेदवार उठाउँदा उसले संसद्मा गएर काम गर्न नपाएको अहिले हामीले देखिरहेका छौं । समानुपातिक व्यवस्था, महिलाको प्रतिनिधित्व जस्ता अनेक सकारात्मक विषय समेटिएको हुनाले यो विधेयक पारित हुनुपर्छ ।

विधेयक पारित भएमा यसले निर्वाचनलाई स्वच्छ बनाउन कति मद्दत पुऱ्याउला ?

धेरै हदसम्म यसले सकारात्मक प्रभाव पार्छ । मतदान स्थलमै मत गणना गर्ने व्यवस्थाले लामो समयसम्म नतिजा कुर्नुपर्ने पट्यारलाग्दो अवस्थाको अन्त्य हुनेछ । अग्रिम मतदानको व्यवस्थाले समानुपातिक मत प्रतिशत बढाउनेछ । निर्वाचनको मिति ऐनमै तोकिएपछि मितिको अन्योल हट्नेछ । यस्ता धेरै विशेषता भएकाले यसले निर्वाचनलाई स्वच्छ बनाउन भूमिका खेल्नेछ ।

प्रेरक प्रसंग

फुर्ती देखाउँदाको परिणाम

व्यवस्थापन संकायको उच्च शिक्षा प्राप्त गरेको एक युवकले निकै राम्रो जागिर पाए । कम्पनीले उनलाई काम गर्न एक अलग्गै क्याबिन पनि दियो । आज उनको जागिरको पहिलो दिन थियो । उनी समयमै कार्यालय पुगे । कम्पनीले आफूलाई दिएको कुर्सीमा बसेर उनी सानदार क्याबिन नियाल्दै थिए । त्यति नै वेला उनको ढोका कसैले ढकढकाएको आवाज आयो । उनले ढोकातिर यसो हेरे । त्यहाँ एक सामान्य देखिने मानिस एउटा झोला बोकेर उभिइरहेका थिए । युवकले ती आगन्तुकलाई भित्र बोलाएर आउनुको कारण सोध्नुको साटो आधा घन्टा प्रतीक्षा गर्नू भनेर आफू काममा लागेजस्तो गर्न थाले । आधा घन्टापछि पुनः तिनै मानिसले भित्र आउने अनुमति माग्दै ढोका ढकढकाए । उनलाई भित्र आउने अनुमति दिएर युवक आफ्नो टेबलमा राखिएको टेलिफोनको रिसिभर उठाएर कसैसित कुरा गर्न थाले । उनी फोनमा कसैसित धेरै-धेरै पैसा र सुविधाको कुरा गर्न थाले । उनी फोनमा आफ्नो ऐसआरामबारे अनेक कुरा गरिरहेका थिए । भित्र पसेका व्यक्ति पनि उनका कुरा चुपचाप सुनिरहेका थिए । तैपनि, ती युवकले आफ्नो वार्तालाप रोक्नुको साटो जारी नै राखे ।



जब उनको कुराकानी सकियो । त्यसपछि टेलिफोन राखिसकेपछि उनले ती आगन्तुकसित प्रश्न गरे- तिमी यहाँ किन आएका हौ ? मसँग तिम्रो के काम थियो ? आगन्तुकले युवकको टेबलमा रहेको टेलिफोनतिर देखाउँदै विनम्रतापूर्वक भने- म टेलिफोन कार्यालयबाट टेलिफोन मर्मतका लागि आएको हुँ । तपाईं भर्खरै जुन टेलिफोनमार्फत कसैसित कुरा गर्दै हुनुहुन्थ्यो, त्यो एक साताभन्दा लामो समयदेखि बन्द छ भन्ने मैले खबर पाएको थिएँ । त्यसैले, यसको मर्मत गर्न आएको हुँ हजुर । आगन्तुकको जवाफ सुनेपछि ती युवक लाजले रातोपिरो भए । उनी चुपचाप आफ्नो क्याबिनबाट बाहिर निस्किए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

गौतमको लेख पढेपछि ...

११ भदौको नयाँ पत्रिकामा पामीर गौतमको लेख 'विश्व राजनीतिमा ब्रिक्स विस्तारको प्रभाव' पढें । जति अमेरिकाविरोधी नभने पनि अन्त्यमा एक विश्लेषकले पश्चिमा राजनीति खस्किएको परिणाम हो, भनिदिएका छन् नै । जसले जे भने पनि नयाँ विश्वव्यवस्थाको पूर्वतयारी नै हो ब्रिक्स । यसको मतलब यो अमेरिकाविरोधी त हुन्छ नै ।

डलरलाई विस्थापित गर्ने विषयले पनि त्यसैको संकेत गरिरहेको छ । मलाई त यति मात्र होइन, ब्रिक्स आखिरमा भारतविरोधी पनि हुनेछ भन्ने पनि लाग्छ । ब्रिक्समा अन्य देशको हुल आखिर चीनकै पक्षमा हुने निश्चित छ ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

आयोगको सकारात्मक प्रस्ताव

निर्वाचन आयोगले 'राइट टु रिजेक्ट'को व्यवस्थासहितको विधेयक तयार गरेको समाचार पढ्दा खुसी लाग्यो । तर, यो व्यवस्था दलहरूले जस्ताको तस्तै पारित गर्लान् भन्नेमा भने कुनै विश्वास छैन । उनीहरू जसरी भए पनि निर्वाचन कानुन आफू र आफ्नो दलअनुकूल बनाउन चाहन्छन् । तर, आयोगले ल्याएको यो व्यवस्था एकदमै सकारात्मक छ । यसलाई जसरी भए पनि लागू गरिनुपर्छ । यसमा दलहरूले चलखेल गर्ने मौका नपाऊन् । हामी सबैले जोडदार खबरदारी गरौं ।

● **वन्दना परियार**
टोखा-४, काठमाडौं

समयमै सचेत बनौं

यतिखेर देशका कतिपय जिल्लामा डेंगुको संक्रमण तीव्र गतिमा फैलिरहेको छ । हरेक दिनजसो संक्रमितको संख्या बढिरहेको छ र तीमध्ये कतिपयले ज्यानसमेत गुमाइरहेका छन् । खासगरी डेंगुसम्बन्धी पर्याप्त जनचेतनाको अभावले गर्दा पनि यो रोग फैलिरहेको हुन सक्छ । किनकि, मानिसहरूले अपनाउन सक्नेजति सचेतता नअपनाउँदा पनि यसको संक्रमण बढिरहेको हुन सक्छ । साथै, रोग लागिसकेपछि पनि हेलचेक्राइँ गर्दा संक्रमितको ज्यान गएको हुन सक्छ । त्यसैले, घातक रोग डेंगुबारे समयमै सचेत बनौं ।

● **अपूर्व भुसाल**
सानेपा, ललितपुर

एमसिसीले कायापलट गर्छ त देशमा ?

मुलुकमा जनताको यत्रो विरोध हुँदाहुँदै पनि सरकारले एमसिसी सम्झौता गरेको छ । के यो दीर्घकालीन रूपमा मुलुकका लागि हितकर छ त ? के यति रकमले नेपालको विकास निर्माणमा कायापलट नै हुन्छ त ? कति साँघुरो र संकुचित धारणा छ सरकारको ? किन सत्तामा बसेपछि नेताहरू दूरगामी चिन्तनबाट सधैं मुक्त हुन्छन् ? किन अलिकति जनमानसको भावनालाई कदर गर्ने खालका वा उनीहरूको मनलाई छुने खालका काम गर्न सक्तैनन् ? अचम्म लाग्छ । जुन जोगी आए पनि कानै चिरेको भनेझैं जुन सरकार आए पनि यस्तै हुन्छ ।

यो मुलुकमा सबैभन्दा पहिला भ्रष्टाचारलाई नियन्त्रण गर्ने हो भने यहाँ जे पनि गर्न सकिने अवस्था छ । तैपनि, सरकारले खोज्दैन र चाहँदैन । कसरी मुलुकलाई आत्मनिर्भर बनाउने भन्नेतर्फ त ध्यानै दिँदैन । जेजसरी हुन्छ, विदेशीको दास बन्दै कमाउने धन्दामा मात्र लागिरहन्छ । अनि, कसरी मुलुकको उन्नति र प्रगति हुन्छ ?

यहाँका विभिन्न उद्योगलाई करको दायरामा ल्याउन सक्ने हो भने मात्रै पनि त्यस्ता एमसिसीको रकम यहीं उठ्न सक्छ । हिजो त्यत्रो घाटामा रहेको विद्युत् प्राधिकरण त आज अर्बौं कमाउने अवस्थामा पुगेको छ । गरे के हुँदैन ? जबसम्म यो मुलुकका शासकवर्ग दास मनोवृत्तिबाट मुक्त हुन सक्दैनन्, तबसम्म यस्ता एमसिसीका रकम ७० करोड डलर मात्र होइन, ७० खरब डलर नै आए पनि यहाँ केही हुनेवाला छैन ।

● **नारायणप्रसाद न्यौपाने**, बुढानीलकण्ठ-४, काठमाडौं
neupanenp024@gmail.com

प्रिगोजिनलाई पुटिनले मारेका हुन् भने परिणाम भयानक हुनेछ

रुसी राष्ट्रपतिले जोखिम बढाएका छन्, किनकि उनको सत्तालाई हाँक दिनेसँग अब अन्तिमसम्म लड्नुको विकल्प हुनेछैन




देश/विदेश

● समन्था डे बेन्डर्न

'हामी सबै नर्कमा जानेछौं । तर, नर्कमा हामी सबैभन्दा राम्रो स्थानमा हुनेछौं,' वाग्नर समर्थित ग्रे जोन टेलिग्राम च्यानलमा २२ अगस्टको राति प्रकाशित एक अन्तर्वार्तामा मृत्युप्रति आफ्नो धारण राख्ने क्रममा येवगेनी प्रिगोजिनको टिप्पणी यस्तो थियो ।

कुनै उल्लेखनीय परिघटना देखा परेन भने रुसी रिपोर्टअनुसार येवगेनी गत बुधबार दिउँसो मस्कोबाट सेन्ट पिटर्सबर्ग जाने क्रममा रुसी क्षेत्र टिभरको एक विमान दुर्घटनामा मरिसके । करिब एक वर्षपहिले जब उनको निजी सैन्य कम्पनी वाग्नरले युक्रेनमा लड्न रुसी जेलका कैदीलाई भर्ती गरिरहेको भिडियो बाहिरियो । त्यसले उनलाई युक्रेन युद्धको एउटा महत्त्वपूर्ण रुसी खेलाडीको रूपमा स्थापित गऱ्यो साथै उनको कुख्याति पनि अन्तर्राष्ट्रिय रूपमा नै स्थापित भयो । उनको कुख्याति जब वाग्नरले नौ महिनाको रक्तपातपूर्ण लडाइँपछि पूर्वी युक्रेनको बाख्मुत सहरलाई गत मेमा प्रतीकात्मक कब्जा गर्दा शिखरमा चुलियो । बाख्मुत युद्धको क्रममा प्रिगोजिन रुसका शीर्ष सैन्य नेतृत्वको आलोचनामा मुखर रहे । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको समेत परोक्ष रूपमा आलोचना गर्न भ्याए । त्यसपछि त्यहाँ असफल विद्रोह भयो । जुनको अन्त्यमा प्रिगोजिन नेतृत्वको सशस्त्र विद्रोह रुसको दक्षिणी सहर रोस्तोभ-अन-डोन स्थित रुसी सेनाको मुख्यालयलाई कब्जामा लिएर रसियाका रक्षामन्त्री सर्गेई सोइगु र सेना प्रमुख भ्यालेरी गेरासिमोभलाई अपदस्त गर्न माग गर्दै मस्कोतर्फ अघि बढ्दा सारा विश्वले उनको कदमलाई सास रोकेर हेरेको थियो । प्रिगोजिनले आफ्नो विद्रोहलाई मस्कोबाट करिब २०० किलोमिटर वरै रोके र राष्ट्रपति पुटिनले उनलाई माफी दिएको बताइयो (जसले एकदिन पहिले मात्रै सबै राष्ट्रघातीलाई दण्डित गरिने अभिव्यक्ति दिएका थिए) । तर, कुन परिस्थितिमा उनले विद्रोह रोकेका थिए, त्योचाहिँ अझै प्रस्ट भइसकेको छैन । प्रिगोजिनलाई बेलारुस जाने सुरक्षित मार्ग उपलब्ध गराइयो । माफीको संकेत गर्ने गरी उनीविरुद्ध लगाइएका आपराधिक आरोप पनि फिर्ता गरिए ।



रुसी समाचार रिपोर्टका अनुसार दुर्घटनास्थलमा १० वटा शव फेला परेका छन् र यात्रुहरूको सूचीले प्रिगोजिनका साथै वाग्नर संस्थापक दिमित्री उत्किन पनि विमानमा सवार रहेको देखाउँछ । अन्य मृतकमा वाग्नर समूहका अन्य शीर्ष व्यक्ति छन् । प्रिगोजिनले कथं आफ्नो मृत्यु भएको अवस्थामा समूहको नेतृत्व कसले गर्ने भन्नेबारे आकस्मिक योजना बनाएका थिए भनिन्छ । तर, दुर्घटनाग्रस्त विमानमा अन्य प्रमुख वाग्नर सदस्यहरू पनि देखिँदा (उनीहरूको मृत्युले) यो संगठन नेतृत्वविहीन बनेको संकेत गर्छ । चाखलाग्दो विषय के भने प्रिगोजिन, उत्किन र अन्य वरिष्ठ वाग्नर कमान्डरहरूले कुनै पनि महत्त्वपूर्ण संगठनका सबै सदस्यले एउटै विमानमा यात्रा गर्नु नहुने नियमलाई बेवास्ता गर्नुले उनीहरू रुसमा आफ्नो सुरक्षालाई लिएर एकदमै विश्वस्त थिए भन्ने देखिन्छ ।

रुसले यो दुर्घटनाबारे अनुसन्धान सुरु गरेको छ । केही रुसी टिप्पणीकार विमानमाथि आतंकवादी हमला गरिएको टिप्पणी गर्दै छन् । वाग्नर आबद्ध टेलिग्राम च्यानलचाहिँ जमिनबाट हावामा प्रहार गर्ने रुसी मिसाइलले विमानलाई खसालेको दाबी गरिरहेका छन् । अमेरिकी राष्ट्रपति जो बाइडेनले यो अपराधका पछाडि कसको हात हुन सक्छ भन्ने प्रश्नमा 'रुसमा पुटिनको हात नभएको घटना बिरलै हुन्छ । तर, यसबारे मलाई पर्याप्त जानकारी छैन' भनेर प्रतिक्रिया दिइसकेका छन् । प्रिगोजिन मारिएको यो विमान दुर्घटना परित्यक्त असफल विद्रोहको दुई महिना पुगेको भोलिपल्ट भएको छ । वार्षिकोत्सव र अन्य महत्त्वपूर्ण तिथिमितिप्रतिको पुटिनको आसक्तिलाई हेर्दा यो विमान खसाल्नुको पछाडि उनको संलग्नता नरहेको विश्वास गर्न कठिन हुन्छ । प्रिगोजिन त्यसै दिन मारिए, जुन दिन असफल विद्रोहपछि बेपत्ता रहेका सर्गेई सुरोभिकिनलाई आधिकारिक रूपमा वायुसेना कमान्डरको जिम्मेवारीबाट मुक्त गरिएको थियो । यसले पुटिनले प्रिगोजिनसँग निपट्नुअघि सुरोभिकिनसँग निपटेर अधुरा उद्देश्य पूरा गरेको देखाउँछ । यो सुरोभिकिनमार्फत प्रिगोजिनले अझै पनि सेनाबाट सहयोग पाउन सक्ने पुटिनको डरसँग जोडिएको हुन सक्छ ।

वाग्नर समर्थित टेलिग्राम च्यानलहरूको मनस्थिति राम्रो छैन । ग्रे जोन च्यानलले जसले प्रिगोजिनको हत्या गरे, ती 'रुसका गद्दार' हुन् भनेको छ । रुसी सैन्य ब्लगर रोमन सपोनकोभ लेख्छन्, 'प्रिगोजिन हत्याको परिणाम विनाशकारी हुनेछ । आदेश दिनेहरूले सेनाको मनस्थिति बुझेका छैनन् ।' वाग्नरसम्बद्ध अन्य च्यानलले दोस्रो विद्रोहको धम्की दिइरहेका छन् । प्रिगोजिनको अवसानपछि पुटिनको स्थिति बलियो हुन्छ कि हुँदैन भन्ने कुराको निर्धारण गर्नमा आगामी केही दिन महत्त्वपूर्ण हुनेछन् । उनको अवज्ञा गर्न खोज्ने जोकोहीलाई एउटा स्पष्ट सन्देश सम्प्रेष गरिएको छ : उनीहरू जतिसुकै शक्तिशाली हुन्, तिनको अवसान हुनेछ, ती मारिनेछन् । तर, बाँचेका वाग्नरियनहरू लुकासेन्को र पुटिनले प्रिगोजिनसँग गरेका वाचा तोडेको रूपमा व्याख्या गर्न रुचाउँछन् ।

'यदि कसैले विद्रोह गर्न खोज्छ भने उसले विद्रोहलाई अन्तिम निष्कर्षमा नै पुऱ्याउने गरी सोच्नुपर्छ । यसको पाठ यही हो,' प्रो-वाग्नर टेलिग्राम च्यानल डिएसएचआरजी लेख्छ । यसले भविष्यका कुनै पनि विद्रोहीसँग रुसी नेताको वार्ताको विश्वसनीयतालाई राम्रो गर्दैन । विडम्बना त के भने पुटिनको सबैभन्दा गम्भीर खतरा त टरेको छ, तर रुस भने पहिलेभन्दा अझ बढी अस्थिर हुन सक्ने खतराचाहिँ बढेको छ ।

(समन्था चाथम हाउसमा रुस र युरेसिया कार्यक्रमकी सहायक फेलो रहेकी छिन्)
- द गार्जियनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ताइवान–अमेरिका घनिष्टताबाट किन क्रुद्ध हुन्छ चीन ?



ताइवानका उपराष्ट्रपति विलियम लायी अगस्ट १५ मा पाराग्वेको कूटनीतिक भ्रमणमा जाँदा र फर्किँदा अमेरिकालाई ट्रान्जिट बनाए । यस घटनाले चीन क्रुद्ध बन्यो । लायी ताइपेई ओर्लिएको एक दिनपछि अगस्ट १९ बाट चीनले ताईवान वरपरको क्षेत्रमा सैन्य अभ्यास सुरु गऱ्यो । ताइवान र अमेरिकाले लायीको अमेरिकी ट्रान्जिट नियमित प्रक्रिया भएको बताउदाँ बेइजिङले भने लायीको अमेरिका भ्रमण ताइवानको 'स्वतन्त्रता'को समर्थन वृद्धि गर्ने र आगामी निर्वाचनमा लाभ खोज्ने उनको 'बेइमान चाल' भएको टिप्पणी गर्यो । लायी आगामी वर्ष जनवरीमा हुने राष्ट्रपति चुनावका लागि सत्तारुढ डेमोक्र्याटिक पार्टीको राष्ट्रपति उम्मेदवार हुन् ।

ताइवान चीनको सत्तारुढ कम्युनिस्ट पार्टी र चिनियाँ राष्ट्रपति सी जिनपिङका लागि संवेदनशील मुद्दा रहँदै आएको छ । सन् १९४९ मा माओत्सेतुङको नेतृत्वको कम्युनिस्ट पार्टीसँग गृहयुद्धमा हारेपछि पराजित चीनको राष्ट्रवादी सरकार भोगेर ताइवानमा सऱ्यो । त्यसयता सो टापु स्वशासित रहँदै आएको छ । तर, जनवादी गणतन्त्र चीनले ताइवान आफ्नो भूमि भएको दाबी गर्दै आएको छ । चीनले ताइवानलाई नियन्त्रणमा लिन बल प्रयोगको सम्भावनालाई नकारेको छैन । चीनले बारम्बार अमेरिकी अधिकारीलाई ताइवानी नेताहरूसँग अन्तर्क्रिया नगर्न वा तिनलाई कुनै पनि बहानामा अमेरिका प्रवेशको अनुमति नदिन आग्रह गर्दै आएको छ ।

> चीनले बारम्बार अमेरिकी अधिकारीलाई ताइवानी नेताहरूसँग अन्तर्क्रिया नगर्न वा तिनलाई कुनै पनि बहानामा अमेरिका प्रवेशको अनुमति नदिन आग्रह गर्दै आएको छ ।

ताइवान–अमेरिका सुमधुर सम्बन्ध

सन् १९७९ मा अमेरिकाले ताइपेईस्थित सरकारसँग सम्बन्ध तोड्दै बेइजिङ सरकारलाई आधिकारित चीनको मान्यता दियो । त्यसयता ताइवानसँगको अमेरिकी सम्बन्ध 'ताइवान रिलेसन एक्ट'द्वारा निर्देशित छ, जसअनुसार वासिंटनले ताइवानलाई प्रतिरक्षाका लागि आवश्यक साधन उपलब्ध गराउने कानुनी आधार दिन्छ । तथापि सो एक्टले आक्रमण गरेको समयमा अमेरिकालाई ताइवानको प्रतिरक्षामा उत्रिने अधिकार प्रदान गरेको छैन । तर, वर्तमान अमेरिकी राष्ट्रपति जो बाइडेनले विभिन्न अवसरमा ताइवानको रक्षा गर्न बल प्रयोग गर्ने टिप्पणी गरिसकेका छन् ।

ताइवान–बेइजिङ कटु सम्बन्ध


समय क्रममा ताइवान स्वतन्त्रता बनाउने पक्षमा रहेको सत्तारुढ डेमोक्र्याटिक पार्टीले ताइवानको विषयमा निर्णय गर्ने अधिकार त्यहाँको जनतासँग मात्र भएको बताउने गरेको छ । तथापि ताइवानको प्रमुख विपक्षी दल कोमिन्ताङले भने ताइवानलाई कुनै न कुनै रूपले चीनको हिस्सा बनाउनुपर्ने संकेत गर्ने गरेको छ । ऊ हङकङमा लागू भएजस्तो 'एक देश, दुई प्रणाली'प्रति सकारात्मक देखिन्छ ।

चीनले पछिल्लो समय ताइवानलाई कुटनीतिक रुपमा एक्ल्याउने नीति लिएको छ । हाल विश्वका १३ देशले औपचारिक रूपमा ताइवानलाई देशको मान्यता दिएका छन् । सन् २०१६ मा वर्तमान डेमोक्र्याटिक पार्टीकी राष्ट्रपति साई इङ-वेन सत्तामा आएदेखि नौ देशले भने ताइवानसँगको सम्बन्ध तोडेर चीनसँग सम्बन्ध गाँसिसके । चीनले वर्तमान राष्ट्रपति साईलाई पृथकतावादीको रूपमा हेर्छ । साईले चीनसँगको तनाव कम गर्न वार्ताका लागि गरेको आह्वानलाई बेइजिङले अस्वीकार गर्दै आएको छ । साईले आफूहरूले शान्ति चाहेको भए पनि आक्रमण भए प्रतिरक्षामा उत्रिने बताएकी छिन् । चीनले साई सत्तामा आएदेखि सबै औपचारिक वार्तालाप बन्द गरेको छ ।

- एजेन्सीबाट

पहिलोपटक भेटियो मस्तिष्कमा जिउँदो किरा

क्यानबेरा/ विश्वमा पहिलोपटक अस्ट्रेलियाकी एकजना महिलाको मस्तिष्कमा जिउँदो किरा भेटिएको छ । आठ सेन्टिमिटर लामो रातो रंगको गँड्यौलाजस्तो देखिने उक्त किरा ती महिलाको टाउकोको शल्यक्रिया गरेर गत वर्ष निकालिएको उपचारमा संलग्न चिकित्सकले बताएका छन् । मस्तिष्कमा जिउँदो किराका कारण ती महिलामा टाउको दुख्ने, रातको समयमा पसिना आउनेदेखि डिप्रेसनजस्ता समस्या देखिएका थिए । त्यस्तै उनले पछिल्लो समय ससना कुरा पनि बिर्सिदै जान थालेकी थिइन् । ती महिलाको मस्तिष्कमा दुई महिनादेखि सो किरा बसिरहेको हुन सक्ने चिकित्सकहरूले अनुमान गरेका छन् ।



यस्ता किरा प्रायः अस्ट्रेलियामा पाइने 'कार्पेट पाइथन' नामको सर्पको प्रजातिमा पाइने अनुसन्धाताले बताए । वैज्ञानिकहरूले तालको छेउमा बस्ने ती महिलाले तालवरपरको सागसब्जी खाने क्रममा सो किरा उनको शरीर र पछि मस्तिष्कमा पुगेको हुन सक्ने बताएका छन् । सागसब्जीमा सर्पको बिस्टा वा किराको अन्डा रहेको र महिलाले तिनको सेवन गर्दा ती शरीरमा प्रवेश गरेको आकलन गरिएको छ । ती महिलाको शल्यक्रियापछि स्वास्थ्यमा राम्रो सुधार भएको पनि चिकित्सकले बताए ।

भ्रष्टाचार मुद्दामा खानलाई राहत

इस्लामाबाद/ भ्रष्टाचार मुद्दामा दोषी ठहरिएका पाकिस्तानी पूर्वप्रधानमन्त्री इमरान खानलाई देशको एक अदालतले धरौटीमा रिहा गर्न आदेश दिएको छ ।

इस्लामाबाद उच्च अदालतले पाकिस्तान तहरिक-ए-इन्साफका अध्यक्षलाई धरौटीमा रिहा गर्न आदेश दिएको हो । तल्लो अदालतले खानलाई प्रधानमन्त्री हुँदा राष्ट्रको नाममा प्राप्त भएको उपहार बेचेकोलगायत मुद्दामा दोषी ठहर गर्दै तीन वर्षको जेल सजाय सुनाएको थियो । सो फैसलाको कारण खानले पाँच वर्षका लागि आमनिर्वाचनमा उम्मेदवार पाउँदैनथे । मुख्य न्यायाधीश आमिर फारुक र न्यायाधीश तारिक महमुद जहाँ-गिरीको इजलासले इस्लामाबादको ट्रायल कोर्टको निर्णय उल्ट्याएको हो । तथापि सत्तरी वर्षीय खानलाई अर्को 'साइफर मुद्दा'को सुनुवाइ चलिरहेकाले पुनः पक्राउ गरिएको छ ।

इतिहासमा आज

अगस्ट ३०



सन् १९१८ : रुसी नेता भ्लादिमिर लेनिनको हत्या प्रयास । अक्टोबर क्रान्तिपछि आफ्नो पार्टी प्रतिबन्धित भएबाट आक्रोशित समाजवादी क्रान्तिकारी पार्टीकी सदस्य फ्यानी कप्लानले लेनिनमाथि आक्रमण गरेकी थिइन् । गम्भीर चोटका बाबजुद लेनिन बाँच्न सफल भए । कप्लानलाई सोही वर्ष सेप्टेम्बर ३ मा मृत्युदण्ड दिइयो ।

सन् १९६३ : शीतयुद्धको समयमा दुई प्रतिद्वन्द्वी महाशक्तिबीच भूलवश युद्ध भड्किन सक्ने सम्भावनालाई रोक्न आजकै दिन अमेरिकी रक्षा मन्त्रालय पेन्टागन र सोभियत शक्ति केन्द्र क्रेमलिनबीच सीधा टेलिफोन सेवा (हटलाइन सञ्चार लिंक) स्थापना गरियो ।

सन् १९७९ : पहिलोपटक पुच्छ्रेतारा सूर्यमा ठोक्किएको घटना रेकर्ड । होवार्ड-कुमुर-माइकल्स नामक पुच्छ्रेतारा सूर्यमा ठोक्किँदा १० लाख हाइड्रोजन बमबराबर ऊर्जा उत्सर्जित भएको थियो ।

सन् १९९५ : केबल न्युज नेटवर्क (सिएनएन) इन्टरनेटमा जोडियो ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशु प्रजनन् कार्यालय
नेपालगञ्ज, गौघाट, बाँके

बोलपत्र आव्हानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०५/१३

यस कार्यालयबाट तपसिल बमोजिमको खरिद कार्यमा संलग्न हुन इच्छुक फर्म/संस्था/कम्पनीले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको विद्युतिय बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

ठेक्का नं.	कामको विवरण	खरिदको किसिम	बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय	बोलपत्र खोलिने मिति र समय	बोलपत्र जमानत रु	बोलपत्र दस्तुर रु
NLBO-N/NC-B/Goods/2080-081-01	Supply & Delivery of Liquid Nitrogen	विद्युतिय बोलपत्र	सूचना प्रकाशन मितिले ३१ औ दिनको १२:०० बजे सम्म	सूचना प्रकाशन मितिले ३१ औ दिनको १४:०० बजे	१,८०,०००।००	३,०००

तपसिल

१. बोलपत्र सम्बन्धि शर्तहरु सम्बन्धित बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ ।
२. बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको (कोड नं. ३१२०२५७०२) रा.बा. बैङ्क नेपालगन्जमा रहेको बैङ्क खाता नं. १०००१००२०००१०००० र राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गर्नुपर्नेछ ।
३. बोलपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, बाँकेको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, नेपालगञ्ज स्थित धरौटी खाता नं. ४१३०१००१०२०३०००० मा नगद जम्मा गरेको सक्कलै बैङ्क भौचर वा प्रचलित कानून बमोजिम बैङ्क ग्यारेन्टी गर्न इजाजत प्राप्त वाणिज्य बैङ्क/वित्तिय संस्थाबाट बोलपत्र खोलेको मितिबाट कम्तिमा १२० दिन सम्म मान्य अवधि रहेको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न हुनु पर्नेछ ।
४. बोलपत्र सम्बन्धि सम्पूर्ण कार्य विद्युतिय प्रणालिबाट मात्र हुनेछ र शर्त राखि वा रित नपुगि पेश भएका बोलपत्रहरु स्विकार गरिने छैन ।
५. यस सम्बन्धि बिस्तृत विवरणको लागि www.bolpatra.gov.np/egp वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
६. बोलपत्र सम्बन्धि अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
तारा गाउँ विकास समिति
सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०८०।५।१३

यस समितिबाट मिति २०८०।४।२६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा चमेनागृह संचालनका लागि आवश्यक भान्छा सामग्री खरिद कार्य गर्न सिलवन्दी दरभाउ पत्र आव्हान गरिएकोमा तोकिएको म्याद भित्र पर्न आएका दरभाउ पत्रहरु मध्ये तपसिल बमोजिमको दरभाउ पत्रदाताले पेश गरेको दरभाउ पत्र सारभूत रुपमा प्रभावग्राही तथा न्युनतम मुल्याङ्कित समेत भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल

सि. नं.	ठेक्का नं. तथा विवरण	दरभाउ पत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (मु.अ.कर सहित)
१	01/TGDB/2080/081-Procurement, Supply, Delivery and Installation of Kitchen Equipment	J & J Traders Pvt. Ltd. Shankhamul, Ktm.	१६,२५,२२४.००

कुमारी बैंक लिमिटेड शाखा कार्यालय डडेल्धुराको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०५/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय डडेल्धुराबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण:

खुइते टमोटाको नातिनि, वहादुर टमोटाको छोरी, राज वहादुर कामीको पत्नी, डडेल्धुरा जिल्ला वगरकोट गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०४, वस्ने **लक्ष्मी देवी कामी**.(ना.प्र.नं. ५१०/४३००, जारी मिति: २०४५/०२/२६ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. मनुवा कामीको नाति, डुलुवा कामीको छोरा, सुना देवी कामीको पति, डडेल्धुरा जिल्ला वगरकोट गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, भागेश्वर गा .पा. वडा नं. ०४वस्ने **पदमे कामी** (ना.प्र.नं. १९१६, जारी मिति: २०४३/०९/१३ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा) ।
२. डुलुवा कामीको नाति, पदमे कामीको छोरा, लक्ष्मी देवी कामीको पति, डडेल्धुरा वगरकोट गा.वि.स वडा नं. ०९ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०४, वस्ने, वस्ने **राज बहादुर कामी** (ना.प्र.नं. १७९, जारी मिति: २०५१/०९/०१ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा) ।

धितो सुरक्षणको विवरण :

१. **लक्ष्मी देवी कामी**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, घटाल गा.वि.स वडा नं. ०५ स्थित कित्ता नं. २६५ को क्षेत्रफल ०-३-०-०(रोपनी) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय डडेल्धुरा, फोन नं. ०९६-४२०४२४

Invitation for Bids

Government of Nepal Ministry of Health & Population
GP Koirala National Center For Respiratory Diseases
Dulegauda, Tanahun, Nepal

Invitation Of Bids for the **Purchase of Surgical Items for Hospital Pharmacy**
Contract Identification No: GPKNCRD/GOODS/NCB/03/2080-081
Date of publication: 2080/05/13

1. The GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal invites electronic bids from eligible bidders for Purchase of Surgical Items for Hospital Pharmacy procedures as specified in Public Procurement Act and Regulations.
2. The bidder may submit the bid for entire package as mentioned in BOQ. Evaluation will be done package by package basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.
3. Bidder have the option of submitting their bid electronically only. Submission of hard copy bid shall not be entertained. Bidder can down load the bidding document for e-submission from PPMO's web site **www.bolpatra.gov.np/egp.** Bidder must submit application attaching copies of company/firm registration certificate, VAT Registration and Tax clearance certificates of FY 078/79 electronically and should deposit the non- refundable fee of **NRs. 3000.00** as the cost of bidding document in **Nepal Bank Ltd. Damauli, Tanahu's Inland Revenue office Damauli (Cash Deposit form of 4 Pages Ko.le.ni.ka vauchar)** account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Informationto deposit the cost of bidding document in bank.

   Office Name **: Inland Revenue Office Damauli (Aantarik Rajaswa karyalaya, Damauli)**
   Name of the Bank**: Nepal Bank Ltd. Damauli, Tanahu**
   Office Account no**.: 00101000000001001001**
   Office Code no.**: 14229**
   If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **(DHARAUTI KHATA) : 06001000002003000001 Nepal Bank Ltd. Damauli, Tanahu**, Office Code no.**: 370003801,** Office Name **: KA2.3 -KO LE NI KA TANAHU DHARAUTI KHATA (Cash Deposit form of 4 Pages Ko.le.ni.ka vauchar) (G.P Koirala National Centre for Respiratory Disease) and submit bank deposit voucher along with the bid.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security mentioned in the above table which shall be valid for 30 days beyond the validity period of bid.
4. Pre bid meeting NA.
5. Electronic bids must be submitted to GP Koirala National Center for Respiratory Diseases Dulegauda, Tanahun Nepal through PPMO website: **www.bolpatra.gov.np/egp.** before 1**2:00 PM on 31th days** of publication of the notice**.** Bids received after this deadline will be rejected. Bidders are requested to follow the electronic bid submission procedure as specified in e-GP system Operating Guideline 2073 and user manuals issued by PPMO which are available in e-GP system.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 pm at 31th** days of bid publication notice at the office of GP Koirala National Center for Respiratory Diseases Dulegauda, Tanahu.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from theoriginal bid submission deadline.

S. No.	Contract Identification No:	Description ofPackage	Estimated amount without VAT (Nrs)	Bid Security(Nrs)	DocumentForm Fee (Non Refundable) Nrs
1.	GPKNCRD/GOODS/ NCB/03/2080-081	Purchase of Surgical Items for Hospital Pharmacy	Rs 5130490/-	155000/-	3000/-

Hospital Chief
GP Koirala National Center for Respiratory Diseases
Dulegauda, Tanahun

नवप्रवर्तनमा नीतिगत व्यवस्थाको खाँचो

नेपाल नवप्रवर्तन तथा विकास उपलब्धिका हिसाबले निकै पछाडि छ, नवप्रवर्तनलाई संरक्षण गर्न र माथि उकास्न राज्यले नीतिगत व्यवस्था गर्नुपर्छ



अर्थ संवाद

• हरिप्रसाद शर्मा

समाज र राष्ट्र विकास हुँदै अघि बढ्नका लागि केही न केही उत्प्रेरक तत्व चाहिन्छ । विकास शून्यतामा हुन सक्दैन । यसका लागि त परिस्थिति र परिवेशजन्य विविध तत्वहरूसँग अन्तरघुलन हुँदै तयार पारिएको योजनाले हस्तक्षेप गर्नुपर्छ ।

हुन त योजना र रणनीतिक हस्तक्षेपविना पनि समाज सामान्य विकासको गतिमा हिँडिरहन्छ भन्ने मान्यता पनि छ । तर विकासलाई उथलपुथलपूर्ण बर्ना अघि बढ्न नवप्रवर्तनले भरिएका नीतिको कार्यान्वयन मुख्य प्रेरक तत्व हो । विज्ञान र प्रविधिले चामत्कारिक फड्को मारी अन्य देशले त्यसको सदुपयोग गरेका मात्रै छैनन्, तीव्र गतिमा विकास गरिररहेका छन् । हामी टुलुटुलु हेरेर बस्ने वा नवप्रवर्तनसहितको हस्तक्षेप गरी अघि बढ्ने भन्ने छनोट हाम्रै हातमा छ ।

अहिलेको विश्व जटिल रूपमा सञ्जालीकृत छ । विश्वको जुनसुकै कुनाको घटना पनि हाम्रा लागि टाढाको विषय हुन छोडेको छ । विश्वव्यापीकरणसँगै सिर्जित अवसरलाई पहिचान गर्ने तथा जटिलता छिचोल्न सक्ने नीति र संयन्त्र निर्माण गर्न सकेनौं भने हामीलाई यही अवस्थामा छाडेर विश्व धेरै अगाडि बढिसक्नेछ । जनताको अपेक्षा, राजनीतिको सपना र हाम्रा नीतिगत संयन्त्र हिँड्ने बाटो एउटै दिशातिर जानुपर्छ । यसका लागि नवप्रवर्तनमुखी शासन प्रणाली अवलम्बन गर्दै राज्यको सेवाप्रवाह तथा विकास निर्माणलाई फरक किसिमले जनताले अनुभूत गर्ने गरी अघि बढाउनुपर्छ ।

विद्वान थियोडर लेभिटले भनेका छन्, 'नयाँ कुरा सोच्नुलाई सिर्जनशीलता भनिन्छ भने नयाँ कुरा गर्नुलाई नवप्रवर्तन भनिन्छ ।' नवप्रवर्तन अर्थात् इनोभेसन अहिलेको विश्व परिवेशको जादुमयी अवधारणा हो, जसको प्रयोगले व्यक्ति, संस्था, समाज र राष्ट्रका धेरै सफलताका कथाहरू बुनिइसकेका छन् ।

खासमा नवप्रवर्तन एउटा उत्साह हो, सिर्जनशील तनाव हो, जिज्ञासा र निरन्तरको सिकाइ पनि हो । साथै, यो जटिलतालाई छिचोल्न निकालिएको नयाँ उपाय हो । तथ्यमा आधारित नीति निर्माण र कार्यान्वयनको नयाँ अध्याय हो । नवप्रवर्तनले हरदम नयाँ कुराको माग गरिरहेको हुन्छ । कारण, निरन्तर परिवर्तन भइरहने समाज र राष्ट्रको परिवेशमा उब्जिएका समस्या पुरानो शैलीले समाधान गर्न गाह्रो हुन्छ ।

शासनमा नवप्रवर्तन भन्नाले नवीन शैलीमा राज्य, निजी क्षेत्र तथा शासनका सरोकारवालाहरूले वैज्ञानिक विधि र प्रविधिमा आधारित पद्धतिको निर्माण गरी सोको अवलम्बन र अनुसरण गरेर पहिलेकोभन्दा राम्रो नतिजा प्राप्त गर्ने शैलीलाई बुझाउँछ । नवप्रवर्तन हचुवाको भरमा हुन सक्दैन । नवप्रवर्तन कुन कुन क्षेत्रमा आवश्यक छ भन्ने निर्क्योल भएपछि मात्र यसले नवप्रवर्तनलाई दिशानिर्देश गर्छ । यसका लागि कुनै पनि क्षेत्रको समस्या पहिचान गर्ने, त्यस्तो समस्या समाधानका लागि नवीन उपायहरूको पहिचान गर्न खोज तथा अनुसन्धान गर्ने, अनुसन्धानमा आधारित भई समस्या समाधान गर्न सक्ने नवीन शैली र विधिको विकास गर्ने र उपयोगका लागि यसको बजारीकरण गर्नेजस्ता चरण पार गर्नुपर्छ ।

नवप्रवर्तन आफैं पनि गर्न सकिन्छ भने अरूले गरेको नवप्रवर्तनलाई अनुसरण पनि गर्न सकिन्छ । तर, स्थानीय समस्या समाधानका लागि स्थानीय शैलीको नवप्रवर्तन नै प्रभावकारी भएका सफल उदाहरण छन् । तसर्थ 'कपी एन्ड पेस्ट' शैलीको नवप्रवर्तनभन्दा आन्तरिक रूपमा निर्माण गरिने नवप्रवर्तनलाई प्रोत्साहन गर्ने नीति राज्यले लिनुपर्छ । यसो भन्दै गर्दा अन्यत्र विकास भएको नवप्रवर्तनलाई हाम्रो माटो सुहाउँदो हुने गरी परीक्षण गरेर लागू गर्ने पाटोलाई पनि सरकारले हतोत्साही गर्नुहुँदैन ।

नवप्रवर्तनको क्षेत्र व्यापक हुन्छ । नागरिकको चासो भएका जुनसुकै क्षेत्रमा पनि नवप्रवर्तनको आवश्यकता हुन्छ । नवप्रवर्तनको कुनै सीमा हुँदैन । वस्तु, सेवा, प्रक्रिया, नीति, रणनीति, योजना, शासन, बजारीकरण, सेवा प्रवाहलगायतका क्षेत्रमा नवप्रवर्तन भयो भने यसले एकातिर व्यापक जनसन्तुष्टि सिर्जना गर्न सक्छ भने अर्कोतिर प्रतिस्पर्धाको क्षेत्रमा अब्बल बनाउँछ । राज्यका नीतिगत प्राथमिकतामा परेका क्षेत्रमा नवप्रवर्तन भयो भने यसले चामत्कारिक नतिजासमेत निकाल्न सक्छ ।

नवप्रवर्तन सरकारको एक्लो प्रयासले मात्र सम्भव हुने विषय होइन । तर, जहिले पनि सरकारलाई नवप्रवर्तनको अग्रणी भूमिकामा हेर्ने गरिन्छ । अहिले बढी प्रचलनमा आएको नयाँ सार्वजनिक शासनको अवधारणाले त सहभागितामूलक भूमिकाको वकालत नै गर्छ । कतिपय सार्वजनिक चासो र सरोकारको विषयमा सरकार आफैं, निजी क्षेत्रको सरोकारको विषयमा निजी क्षेत्रले तथा सार्वजनिक निजी साझेदारीमा समेत नवप्रवर्तनका पहल गर्न सकिन्छ । नेपाल नवप्रवर्तन तथा विकास उपलब्धिका हिसाबले निकै पछाडि छ । यस्तो अवस्थामा स्टार्टअप तथा साना व्यवसायलाई संरक्षण गर्ने तथा उकासिन सहजीकरण गर्ने हिसाबले नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ । यसो गरेमा अर्थतन्त्रलाई समेत चलायमान बनाउन सहज हुन्छ । प्रक्रियाको गोलचक्करमा अड्काउनेभन्दा पनि लचक प्रक्रियामार्फत सहजीकरण गर्दै केही गर्न खोज्नेलाई प्रोत्साहन गर्नेतर्फ सचेत हुनुपर्छ ।

प्रतिस्पर्धाको दुनियाँमा अहिलेको विश्व धेरै अगाडि बढेको छ । आफू अब्बल साबित हुन स-साना स्टार्टअपदेखि ठूला ठूला बहुराष्ट्रिय कम्पनीसम्मले नवप्रवर्तनलाई अनिवार्य आवश्यकताको रूपमा लिइसकेका छन । बब आइगरले भनेका छन्, 'कम्पनीको मुटु र आत्मा भनेको सिर्जनशीलता र नवप्रवर्तन हो ।'

नवीनता, सिर्जनशीलता, फरकपना, अरूको मन मस्तिष्कसम्म पुग्न सक्ने शैली नवप्रवर्तनले नै दिन सक्छ । विकसित देशहरूमा नवप्रवर्तनका लागि गरिने अध्ययन, अनुसन्धानमा ठुलो रकम लगानी गरिएको हुन्छ । तर, अविकसित मुलुकहरूमा अध्ययन र अनुसन्धानमा गरिने लगानीलाई खर्चको रूपमा हेर्ने प्रवृत्ति देखिन्छ । नेपालको सन्दर्भमा हरेक वर्ष विकास बजेटको कम्तीमा एक प्रतिशत आविष्कार र अनुसन्धानको क्षेत्रका लागि विनियोजन गरिनुपर्ने मागसहित आन्दोलनमा रहेका राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक महावीर पुन र सरकारबीच हालसालै भएको सहमतिले नवप्रवर्तनका विषयमा थप नीतिगत बहस गर्ने अवसर सिर्जना भएको छ । विश्वमा सार्वजनिक तथा निजी दुवै क्षेत्रले नवप्रवर्तनलाई प्रयोग गरेर सफलताका सिँढीहरू चढेका कैयौं उदाहरण देखिन्छन् । हाल विश्वका सबैभन्दा धनाढ्य व्यक्तिका रूपमा चिनिएका एलन मस्कले चालकबिहीन टेस्ला विद्युतीय कारमार्फत वातावरणमैत्री ऊर्जा खपतका लागि नवप्रवर्तन गरिरहेका छन् । त्यस्तै, निकै खर्चिलो हुने अन्तरिक्ष यान निर्माणमा नवप्रवर्तन गर्दै उनको आफ्नै कम्पनी स्पेस एक्समार्फत



> विश्वव्यापीकरणसँगै सिर्जित अवसरलाई पहिचान गर्ने तथा जटिलता छिचोल्न सक्ने नीति र संयन्त्र निर्माण गर्न सकेनौं भने हामीलाई यही अवस्थामा छाडेर विश्व धेरै अगाडि बढिसक्नेछ ।

पुनःप्रयोग गर्न मिल्ने रकेट प्रविधि अपनाएर सबैको ध्यान खिचेका छन् । यस्तै, इस्टोनियाले डिजिटल शासन प्रणालीलाई अवलम्बन गर्दै सरकारका लगभग सबै सेवा अनलाइनमार्फत नै प्राप्त गर्न सकिने व्यवस्था गरेको छ । इजरायलले 'स्टार्टअप नेसन' मार्फत नवप्रवर्तन र उद्यमशीलतामा ठूलो फड्को मारेको छ भने न्युजिल्यान्डले बजेटमा नवप्रवर्तन गर्दै सामान्यतः आर्थिक सूचककेन्द्रित बजेटलाई कल्याणकारी सूचककेन्द्रित 'वेलबिइङ बजेट' मा रूपान्तरण गरेको छ । यी त केही प्रतिनिधि उदाहरण मात्रै हुन् । अहिले समग्र विश्व नै नवप्रवर्तनमय बन्दै गइरहेको छ । अन्य देशका सफल उदाहरणबाट शिक्षा लिँदै नेपालले नवप्रवर्तनलाई प्राथमिकतामा राखेर अघि बढ्नुको विकल्प देखिँदैन ।

नेपालमा नीति अनुसन्धान प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलगायतका संस्थागत संरचना अध्ययन अनुसन्धानलाई केन्द्रमा राख्दै स्थापना भएका छन् । त्यस्तै, सेवाप्रवाहमा नवप्रवर्तनका लागि नागरिक एप, मेरो कित्ता, हेलो सरकारजस्ता प्रयासमार्फत नागरिकलाई सहजीकरण गरिएको छ । सरकारी सेवाप्रवाहमा डिजिटल पद्धति अवलम्बन गरिँदै छ । उदाहरणका लागि लोकसेवा आयोगको आवेदन प्रणाली अनलाइन माध्यमबाट हुने व्यवस्था हुँदा दूरदराजका परीक्षार्थीलाई समेत सहजता मिलेको छ । जैविक विवरणसहितको राष्ट्रिय परिचयपत्र विवरण संकलन भइहेको छ । विद्युतीय राहदानी वितरण सुरु भइसकेको छ । हाम्रा प्रयासका बाबजुद हामीले नवप्रवर्तनका लागि निकै लामो यात्रा तय गर्नुपर्ने देखिन्छ ।

विश्व बौद्धिक सम्पत्ति संगठनले सन् २०२२ मा प्रकाशन गरेको विश्व नवप्रवर्तन सूचकांकमा १३२ मुलुकमध्ये नेपाल १११ औ स्थानमा पर्नुले हाम्रा नवप्रवर्तनका सूचक नराम्रो भएको देखाउँछ । नवप्रवर्तनलाई केन्द्रविन्दुमा राखी परिवर्तन भइरहने प्रविधिलाई समेत ध्यानमा राखेर राष्ट्रिय नवप्रवर्तन नीति ल्याउने, नवप्रवर्तनलाई प्रोत्साहन गर्ने किसिमका ऐन कानुन ल्याउने, स्टार्टअपको लगानी सुरक्षामा ध्यान दिने, एउटा स्वायत्त राष्ट्रिय नवप्रवर्तन प्राधिकरण गठन गरी तीनै तहका सरकारसँग नवप्रवर्तनमा समन्वय गर्ने व्यवस्था गर्ने, अध्ययन तथा अनुसन्धानका क्षेत्रमा प्राथमिकताका साथ लगानी गर्ने, प्रत्येक मन्त्रालयमा नवप्रवर्तन प्रवर्द्धन युनिट गठन गरी त्यसलाई कार्यमूलक बनाउनेलगायतका काम गर्नुपर्ने देखिन्छ ।

बायोमेट्रिक विवरणसहितको राष्ट्रिय परिचयपत्रको पद्धतिलाई अन्य सरकारी सफ्टवेयरसँग सकेसम्म छिटो आबद्ध गरेमा सेवाग्राहीलाई शीघ्र सरकारी सेवा प्राप्त गर्न सहज हुनेछ । स्टिभ जब्सले भनेका छन्, 'नवप्रवर्तनमार्फत नेता र अनुयायीबीचको फरक छुट्याउन सकिन्छ ।' नेतृत्वमा देशको अवस्थाको बोध हुनुपर्छ, नवप्रवर्तनको अतृप्त भोक हुनुपर्छ, सपना साकार पार्ने सोच हुनुपर्छ, अनि निरन्तरको खोज हुनुपर्छ । निरन्तरको राजनीतिक उथलपुथल देखिरहेका नेपाली नागरिकले विकास र समृद्धिको उथलपुथल हाम्रै जीवनकालमा देख्न सक्ने गरी अघि बढ्न नवप्रवर्तनलाई मूल मन्त्र बनाउन जरुरी छ ।

अर्थ ज्ञान

मुद्रा बजारलाई कसरी बुझ्न सकिन्छ ?

एक वर्ष वा सोभन्दा कम समयका धितोपत्रहरू कारोबार हुने बजारलाई मुद्रा बजार (मनी मार्केट) को रूपमा बुझ्नुपर्छ । यस बजारबाट कम्पनी तथा सरकारले अल्पकालीन वित्तीय आवश्यकता पूरा गर्दछन् भने लगानीकर्ताले पनि छोटो समयका लागि लगानी गर्नुपरेमा यस बजारमा प्रवेश गर्दछन् ।

यस बजारमा लगानीकर्ताहरूले चाहेको समयमा खरिद बिक्री गर्न सक्ने भएकाले यस बजारका प्रत्याभूतिहरूमा तरलता र सुरक्षाको गुण बढी हुन्छ जसले जोखिम न्यून गराउँदछ सोहीअनुसार प्रतिफल पनि कम नै हुने गर्दछ । मुद्रा बजारको नियमन नेपाल राष्ट्र बैंकले गर्दछ ।

- धितोपत्र बोर्ड

बिजनेस @



नारायण पौडेल
पूर्वकार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक

नेपाल राष्ट्र बैंकबाट कर्जा वर्गीकरण सम्बन्धमा हालसालै गरिएका केही परिमार्जित व्यवस्था :

बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा सापटीको गुणस्तर कायम हुन सकोस् अनि वित्तीय अनुशासनको पक्ष थप मजबुत होस् भनी नेपाल राष्ट्र बैंकबाट हालसालै निम्न व्यवस्थाहरू समेटेर विद्यमान व्यवस्थामा केही संशोधन गरिएको रहेछ । यो व्यवस्थाबाट न त कर्जा वर्गीकरणका विद्यमान ५ वटा व्यवस्थामा अर्को नयाँ थप वर्ग नै थपिएको छ, न त कायम गर्नुपर्ने विद्यमान न्यूनतम कर्जा नोक्सानी व्यवस्थाका दरहरूमा नै हेरफेर गरिएको छ । अब घरजग्गा र सेयरको मूल्य घट्छ भन्ने अफवाह फैलाइएको छ, यो सरासर गलत हो ।

अहिलेको असल कर्जा आउँदा दिनहरूमा तल्लो वर्गमा वर्गीकृत होला अर्थात् आगामी माघसम्ममा गुणस्तर अरू खस्किन सक्छ, अनि थप नोक्सानी व्यवस्था गर्नुपर्ला, यसले मुनाफामा असर गर्ला अनि सेयरधनीहरूको वार्षिक साधारणसभाको सामना गर्न नसकिएला भनी एकतर्फी अर्थात् नकारात्मक पाटोको मात्र अड्कलबाजी वा विश्लेषण गर्ने हो भने त कुरा ठीकै होला । सकारात्मक पक्ष पनि त छ । यी व्यवस्थाहरू २०८० माघ १ गतेदेखि मात्र लागू हुने हुँदा बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा सापटीको विद्यमान गुणस्तरमा थप सुधार गर्दै जान वा कम्तीमा पनि विद्यमान गुणस्तरमा ह्रास आउन नदिने गरी आवश्यक कर्जा व्यवस्थापन गर्न वा योजना बनाउन समय पनि त पर्याप्त छ र त्यसका लागि तदारुकताका साथ आजैदेखि जुट्न पनि त सकिन्छ । २०८० माघ १ गतेदेखि मात्र लागू हुने व्यवस्थाले त यही सन्देश दिन्छ । यस परिमार्जित व्यवस्थाले वित्तीय अनुशासन पक्ष बलियो बनाउन घच्चचाएको तथा त्यसका लागि थप जिम्मेवार बनाउन चाहिँ पक्कै खोजेको छ ।

१. पुनर्संरचना र पुनर्तालिकीकरणबाहेक निष्क्रिय वर्गमा वर्गीकरण भएको कर्जाको भाखा नाघेको बक्यौता रकम भुक्तानी गरी लगातार ६ महिनासम्म किस्ता वा ब्याज नियमित भएको अवस्थामा मात्र असल वर्गमा तथा निष्क्रिय वर्गभित्र स्तरोन्नति हुनका लागि पनि आवश्यक प्रावधान पूरा गरेको मितिले ६ महिनापश्चात् मात्र स्तरोन्नति गर्न सकिने ।

२. कुनै ऋणी संस्थाले एकभन्दा बढी शीर्षकमा कर्जा लिएको भएमा कुनै एक कर्जा निष्क्रिय वर्गमा वर्गीकरण भएमा उक्त ऋणीले लिएका अन्य सम्पूर्ण असल वर्गमा वर्गीकृत कर्जा बक्यौतालाई कम्तीमा सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्नुपर्ने ।

३. कुनै समूहभित्रको कुनै एक ऋणीले लिएको कर्जा निष्क्रिय वर्गमा वर्गीकरण भएमा समूहमा रहेका अन्य ऋणीहरूको उक्त ऋणीसँगको व्यावसायिक अन्तर्सम्बन्धबाट पर्ने असरको विश्लेषण गरी उक्त ऋणीबाट प्रत्यक्ष रूपमा प्रभावित हुने समूहका अन्य ऋणीहरूलाई समेत सोही निष्क्रिय वर्गमा वर्गीकरण गर्नुपर्ने ।

अर्थ ज्ञान

एमडिएमएस प्रणालीमा आफैं दर्ता कसरी गर्ने ?

कुनै व्यक्तिले विदेशबाट आउँदा साथमा ल्याएको मोबाइल आफैंले एमडिएमएस प्रणालीमा दर्ता गर्न सक्नेछन् । यसका लागि सबैभन्दा पहिला प्राधिकरणको एमडिएमएस वेबसाइटमा जानुपर्नेछ । यसमा चारवटा चरण छन् । डब्लुडब्लुडब्लुएमडिएमएसडटएनटिएडटजिओभ डिटएनपी वेबसाइटमा जानुपर्छ । वेबसाइटमा सबैभन्दा तल व्यक्तिगत दर्ता भन्ने बटम राखिएको छ । त्यसमा प्रवेश गर्ने ।

पहिलो चरणमा मोबाइलको आइएमइआई नम्बर, मोबाइलको ब्रान्ड, मोडेल र मोबाइल पहिला प्रयोग भए-नभएको विवरण भर्नुपर्नेछ । सो विवरण भरिसकेपछि मात्रै दोस्रो चरणमा प्रवेश गर्न सकिन्छ । दोस्रो चरणमा इमेल राख्नुपर्छ । इमेल राखिसकेपछि त्यसमा ओटिपी नम्बर आउँछ । त्यो ओटिपी नम्बर राखेपछि तेस्रो चरणमा पुगिन्छ । तेस्रो चरणमा विदेशबाट आउँदाको विवरण (कुन मुलुकबाट आएको हो र मिति) भर्नुपर्छ । त्यसपछि व्यक्तिगत विवरण राख्नुपर्नेछ । जसमा व्यक्तिको नाम, राष्ट्रियता, मोबाइल नम्बर र पासपोर्ट राख्नुपर्नेछ । राष्ट्रियतामा नेपाली र विदेशी हो भने फरक-फरक फर्म भर्नुपर्नेछ ।

राष्ट्रियता नेपाली हो भने त्यसमा दुईवटा विकल्प हुन्छन् । यदि हवाईमार्गबाट नेपाल आएको हो भने पासपोर्टको पहिलो पेज, अध्यागमनले छाप लगाएको पूरा पेज र मोबाइल खरिद गरेको बिल अपलोड गर्नुपर्नेछ । तर, सडक अर्थात् भारतबाट नेपाल प्रवेश गरेकाले नागरिकता वा पासपोर्ट, भन्सारले प्रमाणित गरिदिएको पत्र र मोबाइल खरिद गरेको बिल अपलोड गर्नुपर्नेछ ।

विदेशी नागरिकको हकमा पासपोर्ट, भिसा अपलोड गर्नुपर्नेछ ।

विदेशीको हकमा भिसा अवधिभर मात्रै मोबाइल नम्बर नेपालमा प्रयोग गर्न सकिनेछ ।



आइएमइआई नम्बर भनेको के हो ?

सिम प्रयोग हुने उपकरणमा १५ अंकको आइएमइआई नम्बर हुन्छ । त्यस्ता उपकरणहरूको आइएमइआई एक-अर्कासँग मेल खाँदैन । आइएमइआई नम्बरमा उक्त उपकरणको परिचय प्रदान गर्ने गुण हो । आफ्नो मोबाइलको किप्याडमा गई *#06# डायल गरेपछि उक्त उपकरणको आइएमइआई नम्बर पत्ता लगाउन सकिन्छ ।

प्राधिकरणले प्रयोगमा ल्याएको एमडिएमएस प्रणालीमा कम्तीमा १० करोड आइएमइआई नम्बर दर्ता गर्न सकिनेछ । यो प्रणालीमा आइएमइआई नम्बर राखिएका हरेक डिभाइसको दर्ता र रेकर्ड हुनेछ । करिब एक अर्ब रुपैयाँ लगानीमा तयार गर्न लागिएको एमडिएमएसले मुलुकभित्र रहेका प्रत्येक मोबाइल ह्यान्डसेटको प्रयोग, विदेशबाट आयात हुने तथा बजारमा रहेका मोबाइल ह्यान्डसेटलाई व्यवस्थित गर्नेछ ।

यो प्रणालीमा दर्ता भएका आइएमइआईका आधारमा तीनवटा सूची बनाइनेछन् । जसमा ह्वाइट लिस्ट, ग्रे लिस्ट र ब्ल्याक लिस्ट हुनेछन् । ह्वाइट लिस्टमा हुने मोबाइल ह्यान्डसेट प्रयोग गर्न पाइने र वैधानिक हुनेछन् । त्यस्तै, ब्ल्याक लिस्टमा चोरी भएका, हराएका, अवैध भएका नम्बरहरू राखिनेछ भने दर्ता भएका, तर प्रयोग गर्न नमिल्ने, उजुरी परेर छानबिन हुँदै गरेका तथा शंकास्पद नम्बरहरू ग्रे लिस्टमा रहनेछन् ।

सिस्टम सञ्चालनमा आएपछि ह्वाइट लिस्टमा राखिएका आइएमइआई नम्बरको ह्यान्डसेट मात्र दूरसञ्चार सेवाप्रदायकका नेटवर्कमा प्रयोग गर्न सकिनेछ । हराएका, चोरी भएका मोबाइल ह्यान्ड सेट ट्र्याकिङ र ब्लक गर्न सकिनेछ ।

[अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं । email: arthapatrika@gmail.com]

सेमिकन्डक्टर र चिप उद्योगमा चीनलाई रोक्न चाहन्छ अमेरिका


बाइडेन सरकारले ल्याएको चिप्स तथा विज्ञान ऐनको उद्देश्य अमेरिकाको सेमिकन्डक्टर उत्पादन क्षेत्रमा चीनले पाइरहेको सफलतालाई रोक लगाउनु हो

एक वर्षअघि जो बाइडेन सरकारले चिप्स तथा विज्ञान ऐन २०२२ ल्यायो । यसको उद्देश्य चीनको तुलनामा बढत बनाइराख्ने, आपूर्ति शृंखला बलियो बनाउने र सबैभन्दा महत्वपूर्ण विषय राष्ट्रिय सुरक्षाको मुद्दा हो । स्पष्ट रूपमा भन्नुपर्दा यो कानुन अमेरिका सेमिकन्डक्टर म्यानुफ्याक्चरिङ क्षेत्रमा चीनले निरन्तर पाइरहेको सफलतालाई रोक लगाउनु थियो । चिप उत्पादनको गढका रुपमा चीनले एक खालको छवि निर्माण गरिसकेको छ । कुनै वेला विश्वभरकै ४० प्रतिशत चिप उत्पादन गर्ने अमेरिका अब घटेर १० प्रतिशतमा झरेको छ । यो कानुनले अमेरिकी सेमिकन्डक्टर उत्पादन, अनुसन्धान र विकासका लागि ५३ अर्ब डलर विनियोजन गरी यो क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गरी समीकरण परिवर्तन गर्ने प्रयास गरिरहेको छ ।

लगानीमा नजर : चिप्स तथा विज्ञान ऐन २०२२ को पहिलो वर्षलाई रेखांकित गर्न र यसले प्राप्त गरेका फाइदालाई अगाडि बढाउने उद्देश्यले बाइडेन सरकारले ९ अगस्टमा केही संवेदनशील देशमा राष्ट्रिय सुरक्षासँग जोडिएका प्रविधि र उत्पादनमा अमेरिकी लगानीलाई लिएर नयाँ निर्देशन जारी गरेको छ ।

यो निर्देशनले प्रमुख खतराका रूपमा हङकङ, मकाउ र ताइवानको पहिचान गरेको छ । निर्देशनको प्रावधानले अमेरिकी अर्थमन्त्रीलाई चीनमा भइरहेको लगानीमाथि निगरानी राख्ने अधिकार दिन्छ । निगरानीको मुख्य दायमा विशेषगरी तीन क्षेत्रको टेक्नोलोजी (प्रविधि) आउँछ । एक, सेमिकन्डक्टर र माइक्रो इलेक्ट्रोनिक्स, दुई; क्वान्टम इन्फर्मेसन टेक्नोलोजी र तीन; आर्टिफिसियल इन्टेलिजेन्स ।

बाइडन सरकारको ठूलो चिन्ता भनेको चीनतिर जाने लगानीलाई कमजोरीलाई कसरी बचाउन सकिन्छ भन्ने छ । गत वर्ष बाइडेन प्रशासनले निकै प्रयास गर्दा पनि केही छिद्र भने देखिए । ती छिद्रमार्फत अप्रत्यक्ष रूपले अर्थात् विभिन्न देश, उत्पादन साझेदार र भिन्दाभिन्दै च्यानलमार्फत केही विशेष चिनियाँ टेक्नोलोजी हाइटेक अमेरिकी डोमेनमा पुग्न सफल भए ।



> अमेरिका-चीनबीचको यो रस्साकस्सीको असर बाँकी देशमा ग्लोबल भ्यालु र आपूर्ति शृंखलामा आउने बाधाका रूपमा देखिन सक्छ । यसरी कुनै ठूलो प्रभाव रोक्ने उद्देश्यले अमेरिकाले चीनसँग 'डिकपलिङ' को घोषणा 'डिरिस्किङ' मा परिवर्तन गरेको छ ।

चिप्स तथा विज्ञान ऐन २०२२ जस्तो कदम र चिनियाँ हाई टेक्नोलोजी सेक्टरमा अमेरिकी नागरिकको सहभागिता रोक्ने निर्देशन यही छिद्रलाई बन्द गर्ने प्रयासको एउटा हिस्सा हो । यद्यपि, यो प्रयास अपूर्ण लाग्छ । तर पनि अमेरिका हाई एन्ड टेक सेक्टरमा टेक्नोलोजी लिकमा धेरै हदसम्म नियन्त्रण गर्न सफल भएको छ ।

त्यसो त नयाँ कार्यकारी निर्देशन तत्काल लागू भएको छैन । अमेरिकी अर्थ मन्त्रालय यसलाई प्रयोगमा ल्याउनुअघि जनताको सुझाव लिन चाहन्छ । राष्ट्रिय सुरक्षासम्बन्धी चिन्ता सँगसँगै बाइडेन प्रशासन प्रमुख टेक इन्डस्ट्रीमा अनियन्त्रित अमेरिकी लगानीले चिनियाँ सेनालाई फाइदा पुग्नेमा सचेत छ । साथै, यो कदमले अमेरिकी कम्पनीमाथि नै प्रभाव भन्ने पनि राम्रैसँग थाहा छ । वासिंटनमा सेमिकन्डक्टर एसोसिएनले पहिल्यै चिनियाँ बजारमा पहुँचको अपिल गरिसकेको छ ।

अमेरिकाको यो नयाँ कदमलाई हेर्दै चीनका ठूला इन्टरनेट कम्पनीले आफ्नो एआईको लक्ष्यलाई ध्यानमा राख्दै चिप्स भण्डार गर्नतिर लागेका छन् । हालै चिनियाँ कम्पनीले जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स सिस्टमको विकासमा काम आउने हाई पर्फर्मेन्सवाला पाँच अर्ब डलरबराबरको एनभिडिया चिप्स खरिद गर्न भनेका छन् ।

अमेरिका-चीनबीचको यो रस्साकस्सीको असर बाँकी देशमा पर्नेछ । यसको असर ग्लोबल भ्यालु र आपूर्ति शृंखलामा आउने बाधाका रूपमा देखिन सक्छ । यसरी कुनै ठूलो प्रभाव रोक्ने उद्देश्यले अमेरिकाले चीनसँग 'डिकपलिङ' को घोषणा 'डिरिस्किङ' मा परिवर्तन गरेको छ । यसको पछाडिको कारण भ्यालु चेन र सप्लाई चेन नेटवर्कलाई छोटो या लामो अवधिमा चीनबाट अन्यत्र कतै स्थानान्तरण गर्न कति गाह्रो छ भन्ने आभास हुनु हो । यद्यपि, यो सिलसिला सुरु भइसकेको छ । तर पनि बाइडेन सकारको नयाँ निर्देशअन्तर्गत आउने तीन 'टार्गेट डोमेन्स' को प्रकृति र यसमा निहित परनिर्भरता चलिरहँदा अमेरिका कडा कदमका साथ अगाडि बढनुपर्ने देखिन्छ ।

अमेरिकी-चीन प्रतिद्वन्द्वीको यो यात्रामा टेक वार, साइबर, स्पेस र सैन्य सुरक्षा आदि विषयमा बढी खटपट भएको छ । चीनविरुद्ध बाइडेन सरकारको कदमले अमेरिकी विपक्षी दल रिपब्लिकन पार्टीको पनि समर्थन छ । कुनै मुद्दामा यी दुई पार्टीबीच सायदै यस्तो खालको सहमति देखिन्छ ।

यसबाहेक बाइडेन सरकार दुईतर्फी दबाबबाट गुज्रिने देखिन्छ । एकातिर इन्डस्ट्री लबी हुन्छ, जसले यी कदमलाई प्रतिबन्धात्मक मान्नेछ र यसबाट हुने आर्थिक नोक्सानीबाट चिन्तित हुनेछ । अर्कातिर तीव्र गतिमा उदाइरहेको चीनको दबदबाले तिनै मानिस चिन्तित हुनेछन् जसले उल्लिखित कदमलाई अपर्याप्त मान्छन् । कारण, यसमा बायोटेक्नोलोजी र इनर्जीजस्ता कैयौं प्रमुख क्षेत्र सामेल भएका हुँदैनन् ।

चुनावी मुद्दा : आगामी वर्ष हुने राष्ट्रपति निर्वाचनलाई हेर्दा त्यहाँ राजनीतिक सरगर्मी पक्कै बढ्नेछ । यस्तो स्थितिमा हालका राष्ट्रपति र डेमोक्र्याटिक पार्टीका राष्ट्रपति आकांक्षीका रूपमा बाइडेन स्वाभाविक रूपमै चिनियाँ प्रभाव कम गर्ने चुनावी रणनीतिलाई दरिलो हतियार बनाउनेछन् ।

- एनबिटी

■ प्रधानमन्त्रीको आसन्न चीन भ्रमणमा ऊर्जा एजेन्डा

विद्युत् व्यापारको प्रारम्भिक समझदारी गर्ने तयारी

संयुक्त लगानीमा एक जलविद्युत् आयोजना बनाउने गरी एमओयू गरिने

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारत र बंगलादेशसँगै पछि नेपालले चीनसँग अन्तरदेशीय विद्युत् व्यापार गर्ने प्रक्रिया अघि बढाउने भएको छ। नेपाल र चीनबीच ऊर्जामा सहकार्य गर्ने समझदारी सन् २०१८ मै भएको थियो। सोहीअन्तर्गत नेपाल र चीनबीच विद्युत् व्यापारको प्रारम्भिक प्रक्रिया अघि बढाउने तयारी नेपालले गरेको हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को आसन्न चीन भ्रमणमा यससम्बन्धी प्रारम्भिक चरणको समझदारी गर्ने तयारी नेपालले गरेको छ। गत १७ जेठदेखि भएको चारदिने भारत भ्रमण गरेका प्रधानमन्त्री दाहाल भदौ अन्तिम साता (सेप्टेम्बर तेस्रो साता) चीन भ्रमणमा जाने तयारीमा छन्। सोहीक्रममा नेपाल र चीनबीच विद्युत् व्यापार सम्बन्धमा पनि प्रारम्भिक चरणको समझदारी हुन सक्ने ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका एक उच्च अधिकारीले बताए।

'यद्यपि, भ्रमणका क्रममा यसबारे विस्तृत समझदारी भने हुँदैन। तर, निकट भविष्यमा नेपाल र चीनबीच विद्युत् व्यापार हुने गरी अन्तरदेशीय प्रसारण लाइन बनाउने गरी अध्ययन पनि भइरहेका छन्,' उनले भने, 'सोहीअनुसार यो भ्रमणमा नेपाल-चीनबीच हुने विद्युत् व्यापारको एजेन्डाले प्रवेश पाउनेछ। तर, विस्तृत समझदारीहरू भने आगामी दिनमा हुन सक्नेछन्।'

नेपालले भारतसँग २०१४ मै विद्युत् व्यापार सम्झौता गरेको थियो। सोहीअनुसार नेपाल विद्युत् प्राधिकरणले भारतको इनर्जी एक्सचेन्ज मार्केटमा अल्पकालीन रूपमा विद्युत् खरिद-बिक्री गर्दै आएको छ। साथै, प्रधानमन्त्री प्रचण्डको पछिल्लो भ्रमणमा भारतसँग दीर्घकालीन विद्युत् व्यापार गर्ने समझदारी पनि भएको छ। नेपालले अर्को छिमेकी मुलुक बंगलादेशमा पनि विद्युत् निर्यात गर्ने प्रक्रिया अघि बढाइसकेको छ।

नेपाल र चीनबीच ऊर्जामा सहकार्य गर्ने गरी सन् २०१८ मा भएको चिनियाँ राष्ट्रपति सी जिन पिङको नेपाल भ्रमणका क्रममा दुई देशबीच सहमति भएको थियो। त्यसपछि यस विषयमा विभिन्न छलफल तथा बैठकहरू हुँदै आएका छन्।

गत ९ फागुनमा काठमाडौंमा सम्पन्न नेपाल-चीनबीच ऊर्जा विकासमा सहकार्य गर्ने उद्देश्यसहित गठित संयुक्त वर्किङ कमिटीको पहिलो बैठकमा पनि चीनले नेपालबाट विद्युत् किन्ने प्रस्ताव गरेको थियो। चीनले आफ्नो स्वशासित राज्य तिब्बतका लागि नेपालबाट बिजुली किन्ने प्रस्ताव गरेको थियो। साथै, नेपालमा विद्युत् अभाव हुँदा त्यहाँबाट पनि विद्युत् किन्न सक्ने गरी छलफल भएको थियो। हाल यस विषयमा दुवै देशले अध्ययन गरिरहेका छन्।

■ थप अर्को अन्तरदेशीय प्रसारण लाइनको अध्ययन गर्ने प्रस्ताव


भ्रमणका क्रममा नेपाल र चीनबीच थप अर्को प्रसारण लाइन अध्ययन गर्ने प्रस्ताव लैजाने नेपालको तयारी छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

किमाथांका अरुण नाकाबाट दुई सय २० वा चार सय केभी क्षमतामा प्रसारण लाइन बनाउने गरी प्रस्ताव गरिएको नेपाल विद्युत् प्राधिकरण प्रसारण निर्देशनालयका एक अधिकारीले बताए। यसअघि नेपाल-चीनबीच चार सय केभीको रातमाटे-रसुवागढी-केरुङ अन्तरदेशीय प्रसारण लाइन बनाउने अध्ययन भइसकेको छ। त्यसमा नेपाल खण्डको सम्भाव्यता अध्ययन, २०७८ फागुनमै सम्पन्न भइसकेको छ। उक्त अध्ययनले नेपाल-चीन अन्तरदेशीय प्रसारण लाइन बनाउन सम्भव देखाएको छ। हाल उक्त प्रसारण लाइनको वातावरणीय अध्ययन गर्ने कार्य भइरहेको छ।

प्रधानमन्त्रीको भ्रमणमार्फत यसको निर्माण तथा लगानीको मोडालिटी तय गर्ने र किमाथांका नाकाबाट थप अर्को प्रसारण लाइन बनाउने विषयमा सहमति गरिने बताइएको छ। ऊर्जा मन्त्रालयका प्रवक्ता मधु भेटुवालले पनि प्रसारण लाइनबारे सम्झौता हुन सक्ने बताए। यसका लागि परराष्ट्र मन्त्रालयमा प्रस्ताव पठाइसकेको उनको भनाइ छ।

चार सय केभी डबल सर्किट क्षमताको प्रस्तावित रातमाटे-रसुवागढी-केरुङ प्रसारण लाइनको कुल लम्बाइ भने एक सय ४९ किलोमिटर हुनेछ। नेपाल खण्ड (रातमाटे रुसुवागढी)को ७० किलोमिटर लम्बाइ हुनेछ, त्यसमा दुई सय १२ वटा टावर हुनेछन्। सम्भाव्यता अध्ययनअनुसार नेपाल खण्डको प्रसारण लाइन बनाउन १३ अर्ब आवश्यक पर्ने देखिएको छ। यसमा चीन खण्ड प्रसारण लाइन भने ७९ किमि हुनेछ। नेपाल-चीन सीमाबाट ७९ किमिभित्र रहेको चीनको जिरोङ भन्ने ठाउँमा रहेको सबस्टेसनमा यो प्रसारण लाइन जोडिनेछ। त्यस प्रसारणलाइनबाट तीन हजार मेगावाटसम्म विद्युत् आयात-निर्यात गर्न सकिनेछ।



■ चीनले किन किन्छ नेपाली बिजुली ?

चीन नेपाली बिजुलीका लागि भारत र बंगलादेशजस्तो ठूलो बजार भने होइन। किनकि, चीन ऊर्जामा आत्मनिर्भर देश हो। त्यहाँ चीनमा विद्युत्को जडित क्षमता मागभन्दा दुई-तीन गुणा बढी नै छ। चीनमा सोलार र हावाबाट बढी विद्युत् उत्पादन हुन्छ। चीनमा ऊर्जाका लागि जलविद्युत् तेस्रो नम्बरको स्रोत हो। तर, चीनको स्वशासित राज्य तिब्बत भने नेपालको जस्तै समस्याबाट अघि बढेको छ। त्यहाँ नेपालका जस्तै नदी प्रवाहमा आधारित (आरओआर) जलविद्युत् आयोजना छन्। त्यसअनुसार बर्खाको समयमा मागभन्दा बढी विद्युत् उत्पादन हुन्छ। तर, हिउँदमा मागभन्दा पनि कम (कुल क्षमताको एकतिहाइ) विद्युत् उत्पादन हुन्छ। सो समयमा तिब्बतमा चीनको अन्य राज्यबाट विद्युत् ल्याइन्छ। तर, तिब्बतमा अन्य राज्यबाट विद्युत् ल्याउँदा प्रसारण चुहावटलगायतका कारण लागत बढी लाग्ने गरेको छ। त्यसपछि चीनले हिउँदमा तिब्बतका लागि नेपालबाट विद्युत् आयात गर्ने योजना बनाएको छ।

किनकि, त्यहाँ थप जलविद्युत् आयोजना बनाउने अवस्था पनि छैन। बर्खामा भने चीनले नेपालबाट विद्युत् किन्ने सम्भावना छैन। चीनले हिउँदमै किन्ने हो। अहिले हिउँदमा नेपालमा पनि मागअनुसार विद्युत् उत्पादन हुँदैन। भारतबाट नै आयात गर्नुपर्छ। तर, अबको केही वर्षमा नेपाल हिउँदमा पनि विद्युत् निर्यात गर्ने अवस्थामा पुग्ने अनुमान छ। त्यसअनुसार नेपालले हिउँदको समयमा चीनमा विद्युत् निर्यात गर्न सक्नेछ।

■ हिमाली क्षेत्रको विद्युतीकरणबारे पनि एजेन्डा

भ्रमणमा नेपालको हिमाली क्षेत्रमा चीनको सहयोगमा विद्युतीकरण गर्नेबारे पनि समझदारी गर्ने तयारी गरिएको छ। नेपालको हिमाली क्षेत्रमा अझै विद्युत् पुगेको छैन। तर, चीनले नेपालको हिमाली क्षेत्रसँग जोडिएको तिब्बतमा विद्युतीकरण गरिसकेको छ। त्यो अवस्थामा चीनको सहयोगमा हिमाली क्षेत्रमा विद्युतीकरण गर्ने एजेन्डा तय गरिएको मन्त्रालयको भनाइ छ।

■ काठमाडौंका विद्युतीय पूर्वाधारको क्षमता अभिवृद्धि र चार्जिङ स्टेसन निर्माण

भ्रमणका क्रममा काठमाडौं उपत्यकामा रहेका विद्युतीय पूर्वाधार (प्रसारण लाइन र सबस्टेसन)को क्षमता अभिवृद्धि गर्ने विषयमा पनि सम्झौता गर्ने तयारी भएको छ। अहिले विद्युतीय पूर्वाधार ओभरलोड हुँदा विद्युत् आपूर्तिमा समस्या भएको छ। त्यसैले चीनसँगको सहकार्य वा सहयोगमा उपत्यकाको विद्युतीय पूर्वाधारको क्षमता अभिवृद्धि गर्ने गरी समझदारी गरिने स्रोतको भनाइ छ। यसैगरी, चीनकै सहयोगमा काठमाडौं उपत्यकासहित देशका विभिन्न राजमार्गमा विद्युतीय सवारीसाधनको चार्जिङ स्टेसन बनाउन समझदारी गरिने स्रोतको भनाइ छ।

■ सीमा क्षेत्रमा संयुक्त लगानीमा जलविद्युत्

यसैगरी भ्रमणका क्रममा नेपाल र चीनको संयुक्त लगानीमा नेपालको एक जलविद्युत् आयोजना बनाउने एजेन्डामा तय गरिएको छ। नेपाल र चीनको सीमा क्षेत्रमा पर्ने एक जलविद्युत् आयोजना संयुक्त लगानीमा बनाउने गरी एजेन्डा तय गरिएको स्रोतको भनाइ छ। हाल यसका लागि परियोजना छनोट गर्ने काम भइरहेको उनले बताए।

चालू पुँजी कर्जा मार्गदर्शन संशोधन सकारात्मक : महासंघ

तर, कर्जा सम्बन्धमा गरिएको व्यवस्थाप्रति ध्यानाकर्षण

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघले चालू पुँजी कर्जा मार्गदर्शनको संशोधनमा आफूले उठाएका मागहरू आंशिक रूपमा सम्बोधन भएको बताएको छ। नेपाल राष्ट्र बैंकले सोमबार चालू पुँजी कर्जा मार्गदर्शनको संशोधन एवं एकीकृत निर्देशन संशोधन गरेको हो।

आफूले उठाउँदै आएका मागहरू आंशिक रूपमा सम्बोधन भएपछि महासंघले चालू पुँजी कर्जा मार्गदर्शन संशोधनलाई सकारात्मक रूपमा लिएको जनाएको छ। तर, एकीकृत निर्देशनमा संशोधन गरी कर्जा सम्बन्धमा गरिएको व्यवस्थाप्रति भने महासंघले गम्भीर ध्यानाकर्षण भएको बताएको छ।

एकीकृत निर्देशनमा कुनै पनि कर्जा निष्क्रिय वर्गमा (पुनर्संरचना र पुनर्तालिकीकरणबाहेक) वर्गीकरण भएमा ६ महिनासम्म स्तरोन्नति गर्न नपाइने व्यवस्था छ। लगातार ६ महिनासम्म कर्जाको किस्ता वा ब्याज नियमित भएको अवस्थामा मात्र असल वर्गमा स्तरोन्नति गरी सोहीबमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने व्यवस्था गरिएको छ। यस्तै, कुनै समूहभित्रको कुनै एक ऋणीले लिएको कर्जा निष्क्रिय वर्गमा वर्गीकरण भएमा समूहका अन्य ऋणीलाई समेत सोही निष्क्रिय वर्गमा वर्गीकरण गर्नुपर्ने व्यवस्था पनि गरिएको छ।

उल्लिखित यी दुई प्रावधानले निजी क्षेत्रलाई हतोत्साही बनाउनुका साथै बैंक वित्तीय संस्थाको खराब कर्जा अनुपात बढ्न गई अर्थतन्त्रमा नै प्रतिकूल असर पर्ने महासंघले ठहर गरेको छ। यी दुई प्रावधान तत्काले संशोधन आवश्यक रहेको महासंघले विज्ञप्तिमार्फत बताएको छ।

पछिल्लो समय बैंक तथा वित्तीय संस्था र विभिन्न समुदायप्रति विविध किसिमका नकारात्मक प्रचार एवं टीकाटिप्पणी भइरहेकोप्रति पनि महासंघले गम्भीर ध्यानाकर्षण भएको बताएको छ। विज्ञप्तिमा भनिएको छ, 'यसरी सामाजिक सद्भाव र व्यावसायिक वातावरणमा खलल पुग्ने गरी भइरहेका गतिविधिले अर्थतन्त्र र सामाजिक संरचनामा नै नकारात्मक प्रभाव पर्ने हुँदा यसतर्फ सचेत रहन महासंघ सम्बन्धित सबैमा आग्रह गर्छ।'

लगानी विस्तार गर्न कानुनी आधार खोज्दै एचआईडिसिएल

नयाँ पत्रिका

हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआईडिसिएल) लगानी क्षमता वृद्धि तथा विस्तारलाई कानुनी आधार खोजेको छ। कानुनी अड्चनका कारण क्षमताअनुसार स्रोत जुटाउन र लगानी गर्न नसकेको भन्दै एचआईडिसिएलले उक्त समस्या समाधानका लागि पहलसमेत थालेको हो।

मन्त्रालयमा आयोजित छलफलमा ऋण लगानी गर्न पाउने व्यवस्था भए पनि स्रोत उठाउन कानुनी प्रबन्ध हुन नसक्दा कम्पनीले समस्या भोग्दै आएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत अर्जुनकुमार गौतमले बताए। उनले लगानीका स्रोतहरूको विविधीकरण, विस्तार तथा नयाँ आयाम विस्तारका लागि पनि कम्पनीको सुधार आवश्यक रहेको बताए।

कुल २५ अर्ब ५० करोड पुँजी भएको कम्पनीले एक खर्बबराबरको स्रोत परिचालन गर्न सक्ने भए पनि कानुनी आधार कमजोर भएकाले त्यसमा सुधार गर्नुपर्ने देखिन्छ। नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था ऐनअन्तर्गत रहने गरी कम्पनीको संरचनामा सुधार गर्न यसअघि नै कम्पनीलाई आग्रह गरिसकेको छ। गौतमले यथास्थितिमा कम्पनी अगाडि बढ्न नसक्ने भएकाले सरकारको नीति तथा कार्यक्रममा समावेश भएको व्यवस्थाअनुसार अगाडि बढ्ने वातावरण मिलाइदिन आग्रह गरे।



जलविद्युत्मा एचआईडिसिएलको लगानी सवा २७ अर्ब पुगेको छ। ऊर्जा क्षेत्रमा मात्रै लगानी गर्ने उद्देश्यका साथ स्थापित संस्थाले कुल २७ अर्ब ३९ करोड रुपैयाँबराबरको लगानी गरिसकेको छ। कम्पनीले १२ वटा परियोजनामा मात्रै स्वपुँजीका रूपमा ६ अर्ब १२ करोडबराबर लगानी गरेको छ। ती आयोजनाको कुल क्षमता नौ सय दुई मेगावाट छ।

यस्तै, १९ वटा परियोजनामा २१ अर्ब २१ करोड रुपैयाँबराबर लगानी गरेको छ। ती आयोजनाको क्षमता एक हजार चार सय ६७ मेगावाटबराबर छ। सो कम्पनीले केही दिनअघि मात्रै विभिन्न चारवटा आयोजनामा १३ अर्ब रुपैयाँबराबरको ऋण लगानी गर्ने समझदारीपत्रमा हस्ताक्षर गरेको छ।

कम्पनीले सरकारको प्राथमिकतामा रहेको एक हजार ६३ मेगावाट क्षमताको माथिल्लो अरुणमा आन्तरिकतर्फको लगानी जुटाउने जिम्मेवारी पाएको छ। यस्तै, दुई सय १० मेगावाट क्षमताको चैतनपुर सेतीमा पनि लगानी गर्दै छ। यस्तै, ६ सय १० मेगावाट क्षमताको दूधकोसीमा पनि लगानीको तयारी गरेको छ। यस्तै, चार सय केभी क्षमताको शीतलपार्टी हाइटार प्रसारणलाइन निर्माणमा पनि लगानीको तयारी गरेको छ। सो परियोजना राष्ट्रिय प्रसारण ग्रिड कम्पनीले निर्माण गर्दै छ।

उक्त अवसरमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले थप सबल संस्थाका रूपमा अगाडि बढाई मुलुकको ऊर्जा क्षेत्रको विकासमा परिचालन गरिने बताए। सरकारले एचआईडिसिएललाई पुनर्संरचना गर्ने व्यवस्था नीति तथा कार्यक्रम र चालू आवको बजेटमा समेत प्रबन्ध गरेको सन्दर्भमा मन्त्रालयमा आयोजित उक्त छलफलमा मन्त्री बस्नेतले सबल आर्थिक संस्थाका रूपमा यस कम्पनीलाई अगाडि बढाउने र थप लगानी विस्तार गरिने बताए।

पहिलो कनेक्टिङ फ्लाइटमै निगमले यात्रु पाएन

नयाँ पत्रिका

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले सुरु गरेको पहिलो कनेक्टिङ फ्लाइटमै यात्रु पाउन सकेन। निगमले मंगलबारदेखि भैरहवाबाट काठमाडौंलाई ट्रान्जिट बनाएर हङकङ र दिल्ली उडान सुरु गरेको छ।

काठमाडौं ट्रान्जिट भएर दिल्ली र हङकङ जानका लागि भैरहवाबाट एउटै यात्रु नचढेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता दीपककुमार बज्राचार्यले बताए। 'कनेक्टिङ फ्लाइटबारे यात्रुले थाहा नपाएर पनि होला, भैरहवाबाट निगमको जहाज चढ्ने यात्रु एउटै थिएनन्,' उनले भने, 'निगमले कनेक्टिङ फ्लाइट सुरु गर्नुअघि पर्याप्त तयारी नगरेको हो कि भन्ने देखियो।'

निगमले भैरहवाबाट काठमाडौंलाई ट्रान्जिट बनाई हङकङ र दिल्ली उडान गर्ने भन्दै टिकट बुकिङ खुला गरेको थियो। तर, निगमको पहिलो ट्रान्जिट उडान नै निराशाजनक बनेको छ। बज्राचार्यले भने, 'निगमले कनेक्टिङ फ्लाइट सुरु गर्दै छ भन्ने यात्रुले थाहै नपाएको पनि हुन सक्छ।'

निगमले हरेक साता मंगलबार काठमाडौंबाट मलेसिया हुँदै भैरहवा भएर काठमाडौं उडान गर्दै आइरहेको छ। सोही उडानमा भैरहवाबाट दिल्ली तथा हङकङ जाने यात्रुलाई काठमाडौं ल्याएर ट्रान्जिट गराई दिल्ली र हङकङ उडान गर्ने निगमकै जहाजमा चढाएर गन्तव्यतर्फ पठाउने योजना बनाएको छ।

बिहान ८:१५ बजे भैरहवाबाट उड्देको जहाज ९ बजे काठमाडौंमा अवतरण गर्ने र तत्पश्चात् काठमाडौंमा ट्रान्जिट भई हङकङ र दिल्ली जाने यात्रुलाई निगमकै कनेक्टिङ फ्लाइटमा गन्तव्यतर्फ पठाउने निगमको योजना पहिलो दिन नै असफल बनेको छ। निगमले यात्रुको सुविधाका लागि चेक इन गर्दाकै बखत गन्तव्यसम्मकै बोर्डिङ पास दिने र लगेज सीधै गन्तव्यमा लिने व्यवस्था मिलाएको छ। तैपनि, भैरहवाबाट दिल्ली र हङकङ जाने एउटै यात्रु नभेटिएको बताइएको छ।



भैरहवाबाट दिल्ली र हङकङ सीधा उडान गर्न माग

भैरहवामा **दिपेश पछाई**

भैरहवाबाट दिल्ली र हङकङ सीधा उडान गर्न रुपन्देहीका पर्यटन व्यवसायीले माग गरेका छन्। मंगलबारदेखि नेपाल वायुसेवा निगमले भैरहवा-दिल्ली र भैरहवा-हङकङ हवाई उडान सुरु गरेकामा स्वागत गर्दै ट्रान्जिट नभई सीधा उडान सञ्चालन गर्नुपर्ने लुम्बिनी होटेल संघका अध्यक्ष गोविन्द ज्ञवालीले बताए।

मंगलबारबाट सुरु भएको भैरहवा-दिल्ली र भैरहवा-हङकङको उडान यात्रुविहीन भएको देखाएर गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुन सक्दैन भन्ने देखाउन खोजेको ज्ञवालीले आरोप लगाए। 'जबसम्म भैरहवाबाट सीधा उडान हुँदैन, तबसम्म रुपन्देहीको पर्यटन क्षेत्रमा परिवर्तन हुन सक्दैन,' उनले भने।

१२ गतेको उडानका लागि १० गते निर्णय गरेर टिकट बुकिङ खोल्नु गलत भएको सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले बताए। दिल्ली-हङकङ जाने यात्रु दुई दिनमा कसरी तयार हुन्छन् ? यसका लागि पर्याप्त समय आवश्यक रहेको श्रेष्ठले बताए। भैरहवा विमानस्थललाई ट्रान्जिटका रूपमा प्रयोग गर्न नहुने उनले बताए। भैरहवाबाट काठमाडौं हुँदै दिल्ली र हङकङका लागि मंगलबारदेखि नेपाल वायुसेवा निगमले उडान सुरु गरेको भए पनि दुवै गन्तव्यका लागि यात्रु भेटिएका थिएनन्। भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेले नेपाल एयरलाइन्सको विमान मलेसियाबाट साताको एकपटक भैरहवा आउने विमानमार्फत काठमाडौं हुँदै दिल्ली र हङकङको उडान सुरु गरिएको हो।

यो उडानले पर्यटन क्षेत्रमा प्रभाव नपार्ने सिद्धार्थ होटेल एसोसिएसन सानका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले बताए। जबसम्म गौतम बुद्ध विमानस्थलमा यात्रुहरू विभिन्न मुलुकबाट ओहोरदोहोर हुँदैनन्, तबसम्म पर्यटन क्षेत्रमा प्रभाव नपर्ने श्रेष्ठले बताए। सरकारले पटक-पटक यस क्षेत्रका व्यवसायीलाई झुक्याउँदै आएको सिद्धार्थ सञ्जाल रुपन्देहीका अध्यक्ष अनिल ज्ञवालीले बताए। अर्बौं लगानी रहेको विमानस्थल र त्यसको दोब्बर लगानी रहेको पर्यटन व्यवसायीमाथि सरकारले खेलबाड गरेको ज्ञवालीको भनाइ छ।

गौरी गणेश बचत तथा ऋण सहकारी संस्था लि.

चावहिल,गौरीनगर, काठमाडौं, फोन नं. : ०१-४११ ४६१६

प्रकाशित मिति : २०८०।०५।१३

कर्जा चुक्ता गर्न आउने बारे १५ दिने सुचना

यस सहकारी संस्थाबाट विभिन्न उद्देश्यका लागि कर्जा लैजानु हुने देहाएका सदस्यहरुलाई कर्जाको साबा ब्याज र हर्जाना आदि बुझाउन पटक पटक मौखिक तथा लिखित जानकारी एवं तरताकेता गर्दा पनि कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाउनु भएको हुदा यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा सम्पुर्ण साबा ब्याज संस्थामा बुझाउन आउनु होला। अन्यथा सहकारी ऐन २०७४ नियमावली २०७५ तथा संस्थाको नियम र ऋण निति अनुसार कानून बमोजिम तपाईले यस संस्थामा राखेको धितो लिलाम गरी असुल उपर गर्ने तर्फ कावाहिं अगाडि बढाइने कुरा यसै सूचनाद्वारा सुचित गरिन्छ।

ऋणीको बिवरण



नरेन्द्र पासवान

बाबुको नाम : कमल देव हजरा
बाजेको नाम: घरखन हजरा
ठेगाना : रौतहट, हजमिनीया -९
जमानतकर्ता : गीता पासवान

ऋणीको बिवरण



श्याम बहादुर खडका

बुबाको नाम :खम बहादुर खडका
बाजेको नाम : दल बहादुर खडका
ठेगाना :मेलम्ची-७, सिन्धुपाल्चोक
जमानतकर्ता: विमल राज पाण्डे

ऋणीको बिवरण



इश्वरी खड्का

पतिको नाम : श्याम बहादुर खडका
ठेगाना :मेलम्ची-७, सिन्धुपाल्चोक
जमानतकर्ता: श्याम खडका
ठेगाना :मेलम्ची-७, सिन्धुपाल्चोक

ऋणीको बिवरण



राजु संगत

बुबाको नाम :एकादशी संगत
ठेगाना : इटहरी नपा, सुनसरी
जमानतकर्ता सावित्री अधिकारी
पकली ३ सुनसरी

ऋणीको बिवरण



रामप्यारी फुयाल

बुबाको नाम: रामजी प्रसाद रेग्मी
पतिको नाम: कृष्ण प्रसाद फुयाल
ठेगाना: जीतपुरफेदी ७ ग, काठमाडौं
हाल: बालाजु, तारकेश्वर

ऋणीको बिवरण



सुनिल फुयाल

बुबाको नाम : कृष्ण प्रसाद फुयाल
बाजेको नाम : भवनाथ फुयाल
ठेगाना : जीतपुरफेदी ७ ग, काठमाडौं
हाल: बालाजु, तारकेश्वर

ऋणीको बिवरण



कल्पना श्रेष्ठ

बुबाको नाम : बद्री कुमार श्रेष्ठ
पतिको नाम : मिन लाल श्रेष्ठ
ठेगाना : सिन्धुली, बसेश्वर
हाल: मध्यपुर ठिमी भक्तपुर
जमानतकर्ता : भरत कुमार श्रेष्ठ
कामनपा-७, चावहिल

ऋणीको बिवरण



उज्वल माझी

बुबाको नाम : लाल बहादुर माझी
बाजेको नाम : कुल बहादुर माझी
ठेगाना :कमलामाई नपा -१, सिन्धुली
हाल : गौरीघाट, चावहिल
जमानतकर्ता : सुनीता माझी

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैयाको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०५/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय कलैयाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्वन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा मिति २०७१/०५/२४ मा प्रा.फ.र.न. ४८५२/४१/२०७१/७२ कायम भई दर्ता रहेको बारा जिल्ला, बेनौली गा.वि.स वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **शैलेन्द्र मत्स्य केन्द्र** (प्रोप्राईटर तुलसी प्रसाद यादवको नाति, शंकर प्रसाद यादवको छोरा, राज कुमारी यादवको पति, बारा जिल्ला, बेनौली गा.वि.स.वडा नं. २, बस्ने **हरिनन्दन यादव** (ना.प्र.नं.१२९८/०९७६, जारी मिति २०४५/०२/१७, जिल्ला प्रशासन कार्यालय बारा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. तुलसी प्रसाद यादवको नाति, शंकर प्रसाद यादवको छोरा, राज कुमारी यादवको पति, बारा जिल्ला, बेनौली गा.वि.स.वडा नं. २, बस्ने **हरिनन्दन यादव** (ना.प्र.नं.१२९८/०९७६, जारी मिति २०४५/०२/१७, जिल्ला प्रशासन कार्यालय बारा)।
२. शंकर प्रसाद यादवको नातिनी, पारस प्रसाद यादवको छोरी, हरिनन्दन यादवको पत्नी बारा जिल्ला, बेनौली गा.वि.स वडा नं. २ बस्ने **राज कुमारी यादव** (ना.प्र.नं.३३१०४८/२९८२९ जारी मिति २०६९/०७/०२, जिल्ला प्रशासन कार्यालय बारा)।

धितो सुरक्षणको विवरण :

१. **हरिनन्दन यादव**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, बेनौली गा.वि.स/न.पा वडा नं. ३ स्थित कित्ता नं. ५३, ४५ र ८९० को क्षेत्रफल कमश ०-१२-२, १-११-० र ०-४-१५ (बि.क.धु) को जग्गा र ऐ.ऐ. वडा नं. ४ स्थित कित्ता नं. १११, ५ र ८० को क्षेत्रफल कमश १-१२-३, १-१८-० र ०-१९-० (बि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. धनि कुमारी बैंक लि.(साबिक एन.सि.सि बैंक लि.) र ऋणी **शैलेन्द्र मत्स्य केन्द्र** कायम भई बागमती प्रदेश यातायात व्यवस्था कार्यलय ललितपुरमा दर्ता कायम रहेको च्यासिस नं. MALAF51CLMM141992*B, ईन्जिन नं. G4HGMM086815, सवारी नं. बागमती प्रदेश ०१ ०२५ च ०१६२, को Santro Magna, थान १।
३. ऋणी **शैलेन्द्र मत्स्य केन्द्र**का सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय कलैया फोन नं. ०५३–५५११९५

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८०/०५/१३

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सिर्जना फाइनान्स लि.) को शाखा कार्यालय कटहरी, मोरङ्गबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरुलाई मिति २०७९/१०/२५ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र मिति बि.सं. २०८०/०१/२९ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कटहरी, मोरङ्गमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्र्याक–आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: अनेश कुमार सिंह	नाम	: चम्पा देवी सिंह
बुवा	: असर्फि नुनिया	बुवा	: सुरेश सिंह
बाजे	: गनपत नुनिया	पति	: अनेश कुमार सिंह
ठेगाना	: कदमाहा गा.वि.स. वडा नं.७, मोरङ्ग	ससुरा	: असर्फि नुनिया
हालको ठेगाना	: धनपालथान गा.पा. वडा नं.७, मोरङ्ग	ठेगाना	: कदमाहा गा.वि.स. वडा नं.७, मोरङ्ग
ना.प्र.नं.	: ०५३००७/१५	हालको ठेगाना	: धनपालथान गा.पा. वडा नं.७, मोरङ्ग
जारी मिति	: २०६३/१२/२०	ना.प्र.नं.	: ०५-१४-७०/०००९०
जि.प्र.का.	: मोरङ्ग	जारी मिति	: २०७०/०२/०६
		जि.प्र.का.	: मोरङ्ग

धितो राखिएको सम्पत्तिको विवरण:

धितो सुरक्षण धनीको नाम:– अनेश कुमार सिंह

जिल्ला	गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
मोरङ्ग	कदमाहा	६/१७८०७५०	२९	५०८.००	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

२. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्र्याक–आवधिक कर्जा

ऋणीहरुको नाम र ठेगाना		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: शम्भु प्रसाद रिषिदेव	नाम	: तेतरी देवी ऋषिदेव
बुवा	: राम प्रसाद रिषिदेव	बुवा	: असर्फि ऋषिदेव
बाजे	: असर्फी रिषिदेव	पति	: शम्भु प्रसाद ऋषिदेव
ठेगाना	: बुधनगर गा.वि.स. वडा नं.१, मोरङ्ग	ससुरा	: राम प्रसाद ऋषिदेव
हालको ठेगाना	: बिराटनगर म.न.पा. वडा नं.१८, मोरङ्ग	ठेगाना	: बुधनगर गा.वि.स. वडा नं.१, मोरङ्ग
ना.प्र.नं.	: २११९७	हालको ठेगाना	: बिराटनगर म.न.पा. वडा नं.१८, मोरङ्ग
जारी मिति	: २०५२/०५/१६	ना.प्र.नं.	: ७/९७७९
जि.प्र.का.	: मोरङ्ग	जारी मिति	: २०६५/०९/२०
		जि.प्र.का.	: मोरङ्ग

धितो राखिएको सम्पत्तिको विवरण:

धितो सुरक्षण धनीको नाम:– शम्भु प्रसाद रिषिदेव

जिल्ला	गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
मोरङ्ग	बुधनगर	१/१७८०९८४	९२२	८४६.५७	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग वा शाखा कार्यालय कटहरी, मोरङ्गमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/०५/२१, बिहीबार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कटहरी, मोरङ्ग।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznb ank.com, ०१-५९७००६८

विज्ञापन नियमावलीलाई आनको स्वागत

काठमाडौं/ सरकारले समयानुकूल परिवर्तन गरेको विज्ञापन नियमावली, २०८० लाई नेपाल विज्ञापन संघ आनले स्वागत गरेको छ। साथै, नयाँ नियमावली चाँडै कार्यान्वयनमा विज्ञापन बोर्डलाई अविलम्ब पहल गर्न अनुरोध गरेको छ। गत ३२ साउनमा संशोधित नियमावलीका विषयमा विज्ञापन एजेन्सीका बारेमा विभिन्न अफवाह फैलाउने कार्य भएकोप्रति ध्यानाकर्षण भएको आनले जनाएको छ। विज्ञप्ति जारी गर्दै आनले भनेको छ, 'एकपक्षीय रूपमा विज्ञापन व्यवसायीलाई बदनाम बनाउँदै सम्पूर्ण समस्याको जड नै विज्ञापन व्यवसायी नै हो भन्ने धारणाको हामी घोर निन्दा गर्दछौं।'

नियमावलीको मर्म नबुझी विज्ञापन व्यवसायी र सञ्चारमाध्यमलाई बदनाम बनाउन खोज्ने गरी सामाजिक सञ्जालमा सामग्री पोस्ट गर्ने कदमप्रति आनले आपत्ति प्रकट गरेको छ।

नेपाल पावर लाइट एन्ड इलेक्ट्रिक तथा होम अपलायन्सेस, इभी एक्स्पो हुँदै

नयाँ पत्रिका

१५ भदौदेखि भृकुटीमण्डपमा नेपाल पावर, लाइट एन्ड इलेक्ट्रिक, नेपाल कन्जुमर इलेक्ट्रोनिक्स एन्ड होम अपलायन्सेस तथा नेपाल इभी अन्तर्राष्ट्रिय प्रदर्शनी हुने भएको छ।

तीनदिने एस्पो मिडिया स्पेस सोलुसन्स, फ्युचरेक्स ट्रेड फेर एन्ड इवेन्ट्स, एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रालि तथा इलेक्ट्रिक भेइकल म्यानुफ्याक्चरर एन्ड इम्पोर्टर्स एसोसिएसन अफ नेपालको संयुक्त आयोजनामा हुन गइरहेको हो। प्रदर्शनीमा स्वदेशी तथा विदेशी गरी सयभन्दा बढी कम्पनीका स्टल रहनेछन्।

यस प्रदर्शनीमा विद्युतीय कार, विद्युतीय स्कुटर, मोटरसाइकल, विद्युतीय साइकल तथा रिक्सा, चार्जिङ स्टेसन, ब्याट्री, ट्रान्समिसन तथा डिस्ट्रिब्युसन सामग्री, ऊर्जा आपूर्ति तथा नियन्त्रण यन्त्र, हाउस वायरिङ सामग्री, वायर, केबल एवं कन्डक्टर, अत्याधुनिक प्रकारका स्विचहरू, एलिडी लाइटिङ, इलेक्ट्रोनिक्स उपकरण, घरेलु विद्युतीय उपकरणहरू, कार्यालय प्रविधि तथा अन्य विद्युतीय सामग्रीका कम्पनीहरूको सहभागिता रहनेछ।

प्रदर्शनीमा सहयोगी संस्थाको भूमिकामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, नेपाल विद्युत् प्राधिकरण तथा एसएसएड क्लिन एयर रहेका छन्।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान
भैंसेपाटी, ललितपुर

सीपमूलक तालिमको लागि आशयपत्र माग सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०५/१३)

यस प्रतिष्ठानले आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार २ वटा विषय (Trade)को सीप अभिवृद्धि (Advance) तालिम संचालन गर्नु पर्ने भएको हुँदा ईच्छुक तालिम प्रदायक (फर्म, कम्पनी वा संस्था) हरुबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० बमोजिम मिति २०८०/०५/२८ गते दिउँसो १२ बजे भित्र e–GP system माध्यमद्वारा आशयपत्र पेश गर्नुहुन सम्बन्धित सवैमा यो सूचना प्रकाशन गरिएको छ। साथै आशयपत्रको प्रस्ताव सम्बन्धी थप सूचना यस प्रतिष्ठानको आधिकारिक वेभसाईट www.vsdta.gov.np वा विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np बाट हेर्न तथा डाउनलोड गर्न सकिनेछ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय धरान, सुनसरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८०/०५/१३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
दोश्रो पटक प्रकाशित मिति २०७८/०८/२१ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०७६/११/२१ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँबा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७४/१२/०७ को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र दोस्रो पटक पुनः ३५ दिने सार्वजनिक सूचना मिति २०७६/०१/२४ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०७६/११/२१ मा प्रथम पटक र दोस्रो पटक पुनः मिति २०७८/०८/२१ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः तेस्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ता
हर्कराज शाक्यको नाति, धृजलाल शाक्यको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ६ बस्ने **शिव शाक्य** (ना.प्र.नं. १७६३५/१९६३५, जारी मिति २०५०/०४/१४, जि.प्र.का. सुनसरी)।	धृजलाल शाक्यको बुहारी, शिव शाक्यको पत्नी, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १५ बस्ने **विद्या शाक्य** (ना.प्र.नं. ४०७८६/०६५/०६६, जारी मिति २०६६/०२/२५, जि.प्र.का. सुनसरी)।

धितोको विवरण

हर्कराज शाक्यको नाति, धृजलाल शाक्यको छोरा, सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ६, स्थायी ठेगाना भएको शिव शाक्य (ना.प्र.नं. १७६३५/१९६३५, जारी मिति २०५०/०४/१४, जि.प्र.का. सुनसरी) को नाममा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, कसेनी न.पा./गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ७१९ र ७२२ को क्षेत्रफल क्रमशः ०-२-०-० र ०-०-१५-० (विगाहा) बमोजिमको घरजग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय धरान, सुनसरीबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०५/२७ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०५/२८ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय धरान, सुनसरीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : धरान, सुनसरी
फोन नं. ०२५-५३४०२२/२३
Website: www.siddharthabank.com

आइएमई पे र कान्तिपुर सिनेमास्‌बीच सम्झौता




काठमाडौं/ आइएमई पेले कान्तिपुर सिनेमास्‌सँग एक्सक्लुसिब पेमेन्ट पार्टनरसिपको सम्झौता गरेको छ।

यो सम्झौताअन्तर्गत कान्तिपुर सिनेमास्‌को एप तथा वेबसाइटमा आइएमई पे एक मात्र भुक्तानी साझेदारका रूपमा हुनेछ। कान्तिपुर सिनेमास् एक ओटिटी प्लेटफर्म हो।

जहाँ विभिन्न चलचित्र तथा चलचित्रका शृंखलालाई स्ट्रिमिङ सेवा प्रदान गरिन्छ। आइएमई डिजिटल सोलुसनका तर्फबाट प्रमुख मार्केटिङ अधिकृत सञ्जीवचन्द्र न्यौपानेले भदौ ५ गते सो सम्झौतामा हस्ताक्षर गरेका छन्।

एभरेष्ट बैंक र हिमालय दृश्य रिसोर्टबीच सम्झौता



काठमाडौं/ एभरेष्ट बैंक लिमिटेड र हिमालय दृश्य रिसोर्ट धुलिखेलबीच बैंकका ग्राहकलाई छुट प्रदान गर्ने सम्झौता भएको छ। अब बैंकका ग्राहकले उक्त रिसोर्टमा १० प्रतिशतसम्म छुट पाउनेछन्। बैंकका नायब प्रमुख कार्यकारी अधिकृत विजयकुमार शर्मा र रिसोर्टका बजार तथा बिक्री प्रबन्धक बबिता पाण्डेद्वारा हस्ताक्षरित उक्त सम्झौता लागू भएसँगै बैंकका ग्राहकले विशेष छुट पाउने बैंकले जनाएको छ।

वाराही सेदीको सेयर बिक्री प्रबन्धकमा एनएमबि क्यापिटल

काठमाडौं/ पोखराको लेकसाइडमा पाँचतारे होटेल बनाइरहेको वाराही सेदी होटेल लिमिटेडले साधारण सेयर निष्कासन गर्ने भएको छ। कम्पनीले एनएमबि क्यापिटल लिमिटेडलाई सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको हो।

जारी पुँजी एक अर्ब १६ करोड रुपैयाँ रहेको उक्त होटेलले जारी पुँजीको १० प्रतिशत अर्थात् ११ करोड ६० लाख रुपैयाँबराबरको ११ लाख ६० हजार कित्ता सेयर जारी गर्ने कम्पनीले जनाएको छ। निष्कासन तथा बिक्री प्रबन्धक नियुक्त गर्नेसम्बन्धी सम्झौतामा वाराही सेदी होटेल लिमिटेडका तर्फबाट कार्यकारी सञ्चालक विप्लब पौडेल तथा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत दीपेशकुमार वैद्यले हस्ताक्षर गरेको जनाइएको छ। नियामक निकायबाट तोकिएका सम्पूर्ण प्रक्रिया तथा आवश्यकताहरू पूरा गरी यथासम्भव छिटो निष्कासनको प्रक्रिया अगाडि बढाइने होटेलका कार्यकारी सञ्चालक विप्लब पौडेलले बताए। हाल करिब ५१ प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको उक्त होटेल सन् २०२५ देखि सञ्चालनमा ल्याउने योजनाका साथ तीव्र गतिमा निर्माण कार्य भइरहेको उनको भनाइ थियो।

होटेलमा १० वटा प्रेसिडेन्सियल स्विटसहित एक सय ५० कोठा र ११ वटा सर्भिस हाउस रहने जनाइएको छ। पोखराको लेकसाइडमै पाँचतारे होटेलको माग बढ्दै गएकाले क्यासिनोसहितको सुविधासम्पन्न होटेल बनाउन लागिएको पौडेलले बताए। एक हजार दुई सय क्षमताको हलसमेत रहने यो होटेलमा इन्फिनिटी स्विमिङ पुल, हेल्थ क्लब, टावर लिफ्टलगायतका आकर्षण रहेको जनाइएको छ।

श्रीनगर एग्रिटेक इन्डस्ट्रिजको बिक्री प्रबन्धक नबिल इन्भेस्टमेन्ट



काठमाडौं/ श्रीनगर एग्रिटेक इन्डस्ट्रिज लिमिटेडको सेयर निष्कासन तथा बिक्री प्रबन्धकको जिम्मा नबिल इन्भेस्टमेन्ट बैंकिङ लिमिटेडले लिएको छ। एग्रिटेकले चाँडै नै १३ लाख कित्ता आइपिओ निष्कासन गर्न लागेको छ।

कम्पनीले आफ्नो जारी पुँजीको १३ प्रतिशतले हुन आउने अंकित मूल्य १०० रुपैयाँको दरका तेह्र करोडबराबरको साधारण सेयरको निष्कासन गर्नेसम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा श्रीनगर एग्रिटेकका तर्फबाट प्रबन्ध निर्देशक सतीसचन्द श्रेष्ठ तथा निष्कासन तथा बिक्री प्रबन्धक नबिल इन्भेस्टमेन्टको तर्फबाट प्रमुख कार्यकारी अधिकृत मनीषनारायण जोशीले हस्ताक्षर गरेको छ।

मुक्तिनाथ विकास बैंकका ग्राहकलाई छुट



काठमाडौं/ मुक्तिनाथ विकास बैंकले अर्घाखाँचीको सन्धिखर्कमा रहेको 'एभरेस्ट ओल्ड होटेल अर्घाखाँची प्रालि' र 'छाया अस्पताल प्रालि'सँग छुट प्रदान गर्ने सम्झौता गरेको छ।

सम्झौतापश्चात् बैंकका ग्राहकले एभरेस्ट ओल्ड होटेलको अकोमोडेसन एन्ड फुडमा १० प्रतिशतसम्म छुट पाउनेछन्।

त्यसैगरी, छाया अस्पतालको बेड चार्ज, सर्जरी, चेकअप, ओपिडी, ल्याब टेस्टलगायतमा १० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन्। साथै, बैंकले एटिएम कार्ड प्रयोग गरी नेपालभरि रहेका भिसा नेटवर्कमा आबद्ध जुनसुकै बैंकको एटिएम मेसिनबाट निःशुल्क रकम झिक्न सकिने व्यवस्था गरेको छ।

विश्व वरीयताको...

पृष्ठ १ बाट क्रमशः

कोलम्बोमा १५ दिन र पाकिस्तानको करााँचीमा चार दिनको प्रशिक्षण गरेका थिए।

एकदिवसीय, टी-२० र च्याम्पियन्स ट्रफीका विजेता भइसकेका भारत र पाकिस्तानसँग प्रतिस्पर्धा गर्न पाउनु नेपाली खेलाडीका लागि एक अवसर पनि हो। कप्तान पौडेलले प्रत्येक खेलका हरेक क्षणलाई स्मरणीय बनाउने बताएका छन्। 'प्रत्येक स्ट्रोक, विकेट र रनको क्षणलाई स्मरणीय बनाउनेछौं,' उनले सामाजिक सञ्जालमा भनेका छन्।

विश्व क्रिकेटका हस्तीहरूले पनि नेपाललाई राम्रो प्रदर्शन गर्न सक्ने टोलीका रूपमा लिएका छन्। पाकिस्तानका पूर्वकप्तान वासिम अक्रमले मंगलबार सामाजिक सञ्जालमा एसिया कपबारे प्रतिक्रिया दिँदै भनेका छन्, 'प्रिमियर कपमा नेपाली खेलाडीले राम्रो प्रदर्शन गरे र एसिया कपमा छनोट भए। पहिलोपटक प्रतियोगिता खेलिरहेको भए पनि मलाई विश्वास छ नेपाली खेलाडीले राम्रो गर्न सक्छन्, उनीहरूको क्षमतालाई बेवास्ता गर्न मिल्दैन। नेपाली टोली बलिया राष्ट्रलाई टक्कर दिन सक्षम छ जस्तो लाग्छ।'

कप्तान रोहित पौडेलले पाकिस्तानविरुद्ध राम्रो प्रदर्शन गर्ने बताए। 'विश्व वरीयताको शीर्ष स्थानमा रहेको पाकिस्तानी टोलीसँग प्रतिस्पर्धा गर्दै छौं। दुवै टोलीका खेलाडी क्षमतावान् छन्। मलाई लाग्छ नेपाल र पाकिस्तानबीचको फरक भनेको अनुभव हो। दुवै टोलीको ब्याटिङ र बलिङमा केही फरक छैन, तर पाकिस्तान अनुभवी टोली हो,' उनले प्रतिक्रिया दिएका छन्।

पाकिस्तानी टोलीका कप्तान बाबर आजमले पनि नेपाली टोलीलाई कमजोर मान्न नसकिने बताए। 'कुनै पनि विपक्षीलाई टोलीलाई कहिल्यै पनि कमजोर रूपमा लिन मिल्दैन। नेपालको प्रदर्शन कस्तो छ भन्ने हामीले हेरेका छौं। नेपालको कमजोर र बलियो पक्षमा विश्लेषण भएको छ। यसकारण नेपालसँगको खेललाई सहज रूपमा लिँदैनौं। प्रतियोगिताको यो पहिलो खेल हो। र, महत्त्वपूर्ण खेल पनि हो। हामी राम्रो सुरुवात गर्न चाहन्छौं,' उनले भनेका छन्।

नेपाली टोलीका प्रशिक्षक मोन्टी देसाईले क्रिकेटका दिग्गज राष्ट्रसँगको प्रतिस्पर्धालाई हार वा जितभन्दा पनि सिक्ने अवसरका रूपमा लिनुपर्ने बताए। 'नतिजा हाम्रो पक्षमा नहोला, तर भारत र पाकिस्तानसँगको खेलमा खेलाडीले धेरैभन्दा धेरै अनुभव लिनुपर्छ,' उनले करााँचीमा स्थानीय पत्रकारलाई प्रतिक्रिया दिएका छन्, 'त्यसकारण प्रतियोगितालाई पनि अवसरकै रूपमा लिएको छु।'

प्रतियोगिताबाट नेपालका चर्चित स्पिनर सन्दीप लामिछानेले आफ्नो ५०औं एकदिवसीय खेल पूरा गर्दै छन्। त्यस्तै, तीन ब्याट्समयान एकदिवसीय खेलमा हजार रन पूरा गर्ने स्थितिमा छन्।

२००२ मा पनि छनोट भएको थियो नेपाल

यसअघि २००२ मा पनि नेपाल एसिया कपका लागि छनोट भएको थियो। तर, अन्तिममा प्रतियोगिता नै रद्द भयो। भारत र पाकिस्तानबीचको अन्तरिक विवादका कारण त्यस वर्ष प्रतियोगिता भएन। छनोट प्रतियोगितामा नेपाल संयुक्त रूपमा विजेता हुँदै एसिया कपमा छनोट भएको थियो।

मुल्तान रंगशालाको इतिहास

मुल्तान रंगशालामा पहिलो अन्तर्राष्ट्रिय प्रतियोगिता २००३ मा पाकिस्तान र बंगलादेशबीच भएको थियो। अन्तिमपटक १२ जुन २०२२ मा पाकिस्तान र वेस्ट इन्डिजबीच एकदिवसीय खेल भएको थियो। एक वर्षपछि यो रंगशालामा एकदिवसीय खेल हुन लागेको हो। यहाँ भएका एकदिवसीय खेलमा पाकिस्तानले १० मध्ये सातमा जित निकालेको छ। यहाँ २००७ मा दक्षिण अफ्रिकासँग हारेपछि पाकिस्तानले कुनै पनि खेल गुमाएको छैन।

२००३ मा पाकिस्तानले यसै मैदानमा ३२३ रन बनाएको थियो। मुल्तानमा तीनपटक मात्र तीन सयभन्दा माथि योगफल बनेको छ। २०२२ मा वेस्ट इन्डिजविरुद्ध पाकिस्तानले तीन सय रनको लक्ष्य कटाएको थियो। यसै मैदानमा पाकिस्तानविरुद्ध जिम्बावे कम योगफलका रूपमा १४८ रनमा समेटिएको थियो। २००४ मा भारतका वीरेन्द्र सेहवागले टेस्ट क्रिकेटमा ३ सय ९ रनको इनिङ्स यसै मैदानमा बनाएका थिए। मुल्तानको पिचमा स्पिनरले राम्रो गर्न सक्छन्। यहाँ पाकिस्तानका सादब खान र मोहम्मद नवाजले सर्वाधिक ७ विकेट लिएका छन्।

१८ भदौमा भारतको सामना गर्ने

नेपालले समूह 'ए'को दोस्रो खेलमा १८ भदौमा भारतको सामना गर्नेछ। यो खेल श्रीलंकाको पालेके मैदानमा हुनेछ। एसिया कपकै सर्वाधिक सफल टोली भारत आइसिसी एकदिवसीय वरीयताको तेस्रो स्थानमा छ। नेपाल १५औं स्थानमा छ। भारतका कप्तान रोहित शर्माले ५० ओभरको खेलमा विश्व कीर्तिमान राखेका छन्। उनले तीनपटक दुई सय रन योगफल कटाएका छन्। एकदिवसीय खेलमा व्यक्तिगत सर्वाधिक रन उनकै नाममा छ। १३ नोभेम्बर २०१४ मा उनले श्रीलंकाविरुद्ध १७३ बलमा दुई सय ६४ रन जोडेका थिए। उनले दुई सय ४४ खेलमा नौ हजार आठ सय ३७ रन जोडेका छन्। एकदिवसीय खेलमा उनले ३० शतक र ४८ अर्धशतकीय इनिङ्स खेलेका छन्। भारतका पूर्वकप्तान विराट कोहली वर्तमान समयकै उत्कृष्ट ब्याट्समयानमा पर्छन्। उनले २७५ खेलमा १२ हजार आठ सय ९८ रन बनाएका छन्। उनको नाममा ४६ शतक तथा ६५ अर्धशतक छ।

६० किलो सुन...

पृष्ठ १ बाट क्रमशः

अनुरोध गरेको थियो। तर, हङकङ प्रशासनले उनीहरूको प्रस्तावलाई पनि अस्वीकार गरेको थियो। हङकङमा सुन खरिद/बिक्री र आयात/निर्यातमा नेपालमा जस्तो कानुनी सीमितता छैन। तस्करी भएर नेपाल आएको ६० किलो सुन तस्करले हङकङको कानुनी दायराभित्रै रहेर खरिद गरेका थिए। त्यसबापत भुक्तानी गर्नुपर्ने कर पनि हङकङ सरकारलाई उनीहरूले बुझाएका थिए।

सुन तस्करीमा संलग्न अभियुक्त नेपालका लागि मात्रै तस्कर हो। हङकङका लागि ग्राहक हो। त्यसो हुँदा उसलाई आफ्नो ग्राहकको गोपनीयता भंग गर्ने कानुनी बाध्यता छैन। किनकि नेपाल सरकार र चीन सरकारबीच हालसम्म एमएलए (मिच्युअल लिगल असिस्टेन्ट) ट्रिटी पनि छैन। सोही कारण यसले सुन तस्करीमा संलग्न अभियुक्तको विवरण दिन अस्वीकार गर्दै आएको छ।

सिआइबी स्रोतले भन्यो, 'सुन तस्करीको 'बिगिनिङ पोइन्ट' हङकङ देखिन्छ। यसका लागि हङकङ प्रशासनको सहयोग सिआइबीलाई चाहिन्छ। हामीले इन्टरपोलमार्फत हङकङ प्रहरीलाई अनुरोध गर्‍यौं। तर, अपेक्षित सहयोग भएन। त्यसो हुँदा एसएसपीलाई पठाउने निर्णय भएको छ। त्यसपछि सूचना संकलनमा केही सहजता होला।'

६० किलो सुन र साढे नौ किलो सुन तस्कर आपसमा अन्तरसम्बन्धित

सिआइबीले गत २२ साउनदेखि ६० किलो सुन तस्करी अनुसन्धान अघि बढाइरहेको छ। यसक्रममा सिआइबीले तस्करमा संलग्न टियान मी, वेन टोङ, डियाङ से फा, ली नेङकाई, याओ पुचेङ र ली वेन सुङलाई पक्राउ गरेको छ। जसमध्ये याओ यसअघि सुन तस्करीकै अभियोगमा भारतमा पक्राउ परेका र सजाय भुक्तानपछि कारागारमुक्त भएका अभियुक्त हुन्। उनको सम्बन्ध इ-सिगरेट (विद्युतीय चुरोट)मा लुकाई साढे नौ किलो सुन तस्करीमा संलग्न चिनियाँ नागरिक ली हानसोङसँग पनि रहेको देखिएको छ।

गत १० पुसमा फ्लाई दुबईको जहाज हुँदै अन्तर्राष्ट्रिय विमानस्थल झरेका चिनियाँ नागरिक लीलाई इ-सिगरेट (विद्युतीय चुरोट)सहित प्रहरीले पक्राउ गरेको थियो। अनुसन्धानपछि इ-सिगरेटभित्र सुन रहेको खुल्यो। पूर्वसभामुख तथा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा र उनका छोरा राहुल मुछिएको सोही घटनामा हो।

घटना सम्बन्धमा सिआइबीका उच्च अधिकारीले भने, 'इ-सिगरेटमा लुकाएर सुन तस्करी गर्ने गिरोह र ६० किलो सुन तस्करीमा संलग्न गिरोहबीच 'कनेक्सन' रहेको देखिन्छ। यसका पछि केही ठोस 'इभिडेन्स' प्राप्त भएको छ। यसमा अझै पनि प्राविधिक पक्षको अनुसन्धान भइरहेको छ। त्यसो हुँदा सुन तस्करीको दुवै घटना एउटै गिरोहले गरेको हुन सक्ने हाम्रो अनुमान छ।'

घटनामा संलग्न रहेको अभियोगमा तिब्बती मूलका भारतीय नागरिक थाप्तेन छिरिङ र तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङ पनि पक्राउ परेका छन्। घटनामा हालसम्म २३ अभियुक्त पक्राउ परिसकेका छन्। जसमध्ये २२ प्रहरी हिरासतमा छन्। एकजना हाजिर जमानीमा छुटेका छन्।

विमानस्थलको सुरक्षा सुदृढीकरणका लागि कार्यदल गठन

काठमाडौं/ बारम्बार सुरक्षा त्रुटि भएपछि सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षा सुधारका लागि पहल अघि बढाएको छ। सुरक्षा सुदृढीकरणका लागि राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास बैरागीको नेतृत्वमा कार्यदल गठन गरिएको छ। सोमबार पहिलो बैठक बसेर कार्यदलले काम सुरु गरेको छ। प्रतिवेदन बुझाउन कार्यदललाई १५ दिनको समय दिइएको छ।

कार्यदलमा अर्थ, गृह, रक्षा र पर्यटन मन्त्रालयका सहसचिवहरू सदस्य छन्। त्यस्तै, नागरिक उड्डयन प्राधिकरण, अध्यागमन विभाग र भन्सार विभागका महानिर्देशकहरू तथा नेपाल प्रहरीका डिआइजी र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक पनि सदस्य छन्।

ठूलो मात्रामा सुन तस्करी भएपछि पछिल्लो समय विमानस्थलको सुरक्षा प्रणालीमा प्रश्न उठेको थियो। गत ३१ साउनमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा विमानस्थलको सुरक्षा सुधारका लागि उच्चस्तरीय बैठक बसेको थियो। बैठकमा प्रधानमन्त्रीले कार्यदल गठन गरिने र त्यसको प्रतिवेदनका आधारमा विमानस्थलको सुरक्षा प्रबन्धहरूमा हेरफेर गर्ने जानकारी दिएका थिए। विमानस्थलमा सरकारी निकायबीच नै राम्रो समन्वय नहुँदा पटक-पटक त्रुटि हुँदै आएको छ। विगतदेखि नै भन्सारको जाँचपासमा प्रहरीलाई सहभागी गराउन माग हुँदै आएको छ। तर, अर्थ मन्त्रालयको असहमतिले रोकिने गरेको छ। पछिल्लो समय गृहमन्त्री नारायणकाजी श्रेष्ठले भन्सारमा प्रहरीको प्रतिनिधित्व गराउन मन्त्रिपरिषद्मा प्रस्ताव राखेका छन्। कार्यदलको प्रतिवेदनका अधारमा यस विषयमा निर्णय हुने सम्भावना रहेको स्रोत बताउँछ। विमानस्थलमा केही निकायको जिम्मेवारी थपघट गर्ने तयारी भइरहेको छ।

दावा छिरिङको नागरिकता छानबिन गर्न गृहले बनायो समिति

६० केजी सुन तस्करी प्रकरणमा पक्राउ परेका तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङको नागरिकता छानबिन गर्न गृह मन्त्रालयले समिति गठन गरेको छ। गृहले उनको नागरिकता छानबिन गर्न उपसचिव कृष्णबहादुर कटुवालको नेतृत्वमा समिति गठन गरेको छ। ६० केजी सुन अनुसन्धानका क्रममा पक्राउ परेका उनको साथबाट नेपाली नागरिकता फेला परेका थियो। उनले उक्त नागरिकता जिल्ला प्रशासन कार्यालय काभ्रेबाट २० पुस ०७४ मा निकालेका थिए। उनको ठमेलमा भियाना नामको होटेल छ। उनलाई राजस्व अनुसन्धान विभागबाट खटिएका टोलीले सोही होटेलबाट पक्राउ गरेको थियो। उनले नेपाली नागरिकसँग विवाह गरेका छन्।

एमसिसी...

पृष्ठ १ बाट क्रमशः

नेपालका अध्यक्ष अर्थसचिव रहने व्यवस्था छ।

बुधबारदेखि कार्यान्वयन सुरु भएपछि एमसिसीअन्तर्गतका परियोजनाहरू १२ भदौ ०८५ सम्म सम्पन्न भइसक्नुपर्नेछ। त्यतिन्जेलसम्म परियोजना नसकिए त्यसपछि गर्नुपर्ने कामबापत अमेरिकाले अनुदान दिनेछैन। तर, अमेरिकी राजदूतावासका अधिकारीहरूका अनुसार पाँच वर्षमा परियोजना सम्पन्न भएन भने पनि लगानी भएको रकम एमसिसीले दाबी गर्नेछैन। 'पाँच वर्षको समयावधिमा काम सकिएन भने त्यतिन्जेल जति रकम एमसिसीले दिएको हुन्छ, त्योभन्दा थप रकम नेपाललाई उपलब्ध हुँदैन,' ती अधिकारीले भने, 'त्यसपछिको सबै जिम्मा नेपाल सरकारले लिनुपर्ने हुन्छ। तर, एक वर्षअघि नै काम सम्पन्न गर्ने लक्ष्यसाथ हामी तयारीमा छौं। समयमै काम सकिन्छ।'

१५ फागुन ०७८ मा नेपालको संसद्बाटै एमसिसी सम्झौता पारित भएको थियो। एमसिसीको अनुदानमा तीन सय १५ किलोमिटर लामो विद्युत् प्रसारणलाइन र १२ मिटर चौडाइको ७७ किलोमिटर सडक बन्ने तय भएको छ। आधुनिक प्रविधिबाट पूर्व-पश्चिम राजमार्गअन्तर्गत दाङको धानखोलादेखि शिवखोलासम्म ७७ किलोमिटर सडक विस्तार र मर्मत हुनेछ।

अमेरिकाले गत वर्ष नेपालको संसद्बाट एमसिसी पारित हुँदा थपिएको व्याख्यात्मक घोषणासँग सहमत भएको स्पष्ट पारेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललगायत सत्तारूढ दलका नेताले नै व्याख्यात्मक टिप्पणीबारे प्रश्न उठाएपछि अमेरिकाले प्रतिक्रिया जनाएको हो।

नयाँ पत्रिकाको जिज्ञासामा अमेरिकी राजदूतावासले लिखित प्रतिक्रिया पठाएको छ, 'एमसिसीले गत वर्ष व्याख्यात्मक घोषणा प्राप्त गरेको थियो। हामी उक्त व्याख्यात्मक घोषणासँग सहमत छौं। नेपालको संविधान एमसिसी नेपाल कम्प्याक्टभन्दा माथि छ भन्नेलगायत कम्प्याक्टका सर्तहरूसम्बन्धी हाम्रो बुझाइसँग उक्त व्याख्यात्मक घोषणा सहमत छ भन्ने हामीलाई लागेको छ।'

६ वर्षदेखि...

पृष्ठ १ बाट क्रमशः

पनि औषधिजन्य सामग्रीको गुणस्तरता मापन र अनुगमनसमेत गर्दैन। निर्देशिकामा प्रविधिजन्य सबैखाले मेडिकल तथा औषधिजन्य सामग्रीको गुणस्तरता मापन, मूल्य, अन्तर्राष्ट्रिय मापदण्ड र प्रयोगबारे नीतिगत व्यवस्था गरिएको छ। तर, त्यसको कार्यान्वयनतर्फ सरकारी निकायको ध्यान नपुग्दा स्वास्थ्योपचारमा प्रयोग हुने अति संवेदनशील औषधिजन्य सामग्रीको गुणस्तरसमेत यकिन हुन सकेको छैन।

निर्देशिका कार्यान्वयन नहुँदा विदेशी दाताहरूले दिएका मेडिकल उपकरण तथा औषधिजन्य सामग्री ब्रान्डेड हो वा सेकेन्ड ह्यान्ड भन्नेसमेत छुट्याउन सकिएको छैन। यसबाहेक निर्देशिकाले बिरामीको उपचारमा प्रयोग हुने सिरिन्ज, ब्लड कलेक्सन ट्युब, छाती र मुटुसम्बन्धी बिरामीको उपचार प्रयोग हुने महत्त्वपूर्ण उपकरणलगायतको गुणस्तरता र खरिद मूल्यबारे नीतिगत व्यवस्था गरेको छ। तर, यसको कार्यान्वयन नहुँदा अति संवेदनशील उपचारमा प्रयोग हुने प्रविधिजन्य उपकरणमा कस्तो गुणस्तरता छ भन्ने अन्योल रहेको जानकारहरू बताउँछन्।

औषधि व्यवस्था विभागका पूर्वमहानिर्देशक गजेन्द्र भुजूले कार्यविधि कार्यान्वयन नहुँदा बजारमा मेडिकल उपकरण तथा औषधिजन्य सामग्रीको जथाभावी प्रयोग भएको बताए। 'यो कार्यविधि कार्यान्वयनमा ल्याउन सरकारलाई ठूलो जनशक्ति चाहिन्छ, यसका लागि छुट्टै ल्याब र प्राविधिक पनि चाहिन्छ,' उनले भने, 'यी संरचना तयार नभई कार्यविधि कार्यान्वयन हुन सक्दैन, त्यसकारण सरकारले यसमा ध्यान दिन जरुरी छ।' हाल बजारमा निजी क्षेत्रले ल्याएका सर्जिकल सामग्रीमा गुणस्तर छैन भने बिरामीको हातखुट्टामा राखिने मेटलसमेत गुणस्तरहीन भएको पूर्वमहानिर्देशक भुजूको भनाइ छ। विगतमा प्रचण्ड नै प्रधानमन्त्री भएका वेला निर्देशिका आएकाले यसको कार्यान्वयन पनि उनकै पालामा सम्भव हुन सक्ने भन्दै ध्यानाकर्षणसमेत गराए।

'प्रविधिजन्य स्वास्थ्य सामग्री तथा उपकरणसम्बन्धी निर्देशिका' २५ वैशाख ०७४ मा बसेको मन्त्रिपरिषद् बैठकमा पेस भएर विधेयक समितिबाट पारित भएर १९ जेठमा स्वास्थ्य मन्त्रालयमा पठाइएका थियो। तर, नियमअनुसार ९१ दिनभित्र कार्यान्वयनमा आउनुपर्ने भए पनि हालसम्म निर्देशिका कागजमै थन्किएको छ। स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले फार्मेसी पसलहरूको समेत अनुगमनमा जोड दिए पनि यसको कार्यान्वयनमा भने चासो दिएको देखिन्न।

हालसम्म नेपालमा स्वास्थ्य तथा औषधिजन्य सामग्री खरिद गर्दा मूल्य, त्यसको गुणस्तरता, अन्तर्राष्ट्रिय मापदण्ड, खरिद प्रक्रियालगायत विषय यकिन गर्ने सरकारी संयन्त्र नै छैन। यो काम औषधि व्यवस्था विभागले निर्देशिकामा टेकेर गर्नुपर्ने हो। नियमअनुसार औषधि व्यवस्था विभागले यो निर्देशिका कार्यान्वयन गर्नुपर्ने हो। तर, विभागले हालसम्म निर्देशिका कार्यान्वयन गर्न सकिरहेको छैन। विभागका महानिर्देशक नारायण ढकालले निर्देशिका कार्यान्वयनमा ल्याउन चुनौती रहेको बताए। दक्ष जनशक्ति, बजेट, ल्याबको अभावलगायत कारण निर्देशिका कार्यान्वयन गर्न समस्या भएको उनको भनाइ छ। 'हामीसँग सीमित बजेट छ, जनशक्ति पनि कम छ, यसबाहेक अन्य विविध कारणले निर्देशिका कार्यान्वयन गर्न सकिरहेका छैनौं,' ढकालले भने। उनले सरकारले बजेट र जनशक्ति उपलब्ध गराएमा कार्यान्वयन गर्न सहज हुने बताए।

६ वर्षअघि यो निर्देशिका तयार पार्दा विभागका महानिर्देशकका रूपमा ढकाल नै थिए। तर, उनी त्यसको कार्यान्वयनमा चुकेका छन्। रसायन तथा मेडिकल आपूर्ति संघ नेपाल (केमसान)का अध्यक्ष भक्त हमालले मेकिडल प्रविधि तथा औषधिजन्य सामग्रीको नियमन नहुँदा आफूहरूलाई समेत मर्का परेको बताए। नियमनकारी निकाय र निर्देशिका कार्यान्वयन हुँदा औषधिजन्य सामग्रीको गुणस्तर राम्रो हुने उनको भनाइ छ।

हार्दिक श्रद्धाञ्जलि



जन्म
वि.सं. २०३९ असार ९

स्वर्गारोहण
वि.सं. २०८० भाद्र १

स्व. हेमन्त मिण्डा

बिर्तामोड, झापा निवासी हाम्रा आत्मीय मित्र एवम् बालसखा **हेमन्त मिण्डा**को मिति २०८० भाद्र १ गते शुक्रबारका दिन अल्पायुमा देहावसान भएको समाचार सुन्दा हामी अत्यन्तै स्तब्ध एवम् ममार्हत भएका छौं । उहाँको निधनले एक अत्यन्त मिल्ने साथी गुमाउनुपर्दा हामीलाई अपुरणीय क्षति पुगेको छ ।
साथै यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवाजनमा धैर्यधारण गर्ने शक्ति र सामर्थ्य भगवान् श्री पशुपतिनाथले प्रदान गरुन् भन्ने प्रार्थना गर्दै दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

ॐ शान्ति । ॐ शान्ति । ॐ शान्ति ।

आदित्य बरारीया
आशिष जाजु
अरविंद अग्रवाल
विनित अग्रवाल

विवेक अग्रवाल
विवेक काबरा
दिपक मुन्दरा
लक्ष्मी चौधरी
मन्जित नौलखा

प्रविन शारदा
पुनित शारदा
रूपेश सरावगी
सन्तोष कुमार अग्रवाल

सन्जय अग्रवाल
सुमित अग्रवाल
सुमित मित्तल
सुरेन्द्र गुप्ता

बुधबार १३ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

एसिया कप आजदेखि

यस्ता छन् प्रतिस्पर्धी ६ टोली

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

१६औँ संस्करणको एसिया कप बुधबारदेखि पाकिस्तानको मुल्तानमा सुरु हुँदै छ। प्रतियोगिताको उद्घाटन खेलमा नेपालले आयोजक पाकिस्तानको सामना गर्दै छ। विश्व क्रिकेटकै चिरपरिचित प्रतिद्वन्द्वी भारत र पाकिस्तानले सहभागिता जनाउने भएका कारण एसिया कप चर्चित अन्तर्राष्ट्रिय प्रतियोगितामा पर्छ। यो प्रतियोगिता दुईपटक टी-२० फर्म्याटमा भएको थियो। यसबाहेक अन्य संस्करण ५० ओभरको फर्म्याटमा सञ्चालन भएको थियो। सन् १९८४ मा युएईमा पहिलोपटक प्रतियोगिता भएको थियो। पहिलो संस्करणमा तीन राष्ट्रले मात्र भाग लिएका थिए। सन् २००४ मा एसिसीले एसिया कपमा ६ राष्ट्र समावेश गरेको थियो। एसिसीले प्रतियोगिता ढाँचा गरिरहेको हुन्छ। यसैकारण सन् २०१४ मा एसिया कपमा पाँच राष्ट्र मात्र समावेश भए। सन् २०१८ देखि प्रतियोगितामा ६ राष्ट्रले भाग लिइरहेका छन्। प्रतियोतिगामा सबैभन्दा सफल भारत र श्रीलंका हुन्।



■ **भारत** : एसिया कपकै सर्वाधिक सफल राष्ट्र भारत हो। भारतले अहिलेसम्म सातपटक ट्रफी उचालेको छ। विश्व क्रिकेटमा भारत बलियो राष्ट्रमा पर्छ। भारतले सन् १९८३ र ०११ मा एकदिवसीय विश्वकप ट्रफी उचालेको छ। आइसिसीको एकदिवसीय वरीयताको तेस्रो स्थानमा रहेको भारतले एकपटक दक्षिण अफ्रिकामा टी-२० विश्वकप जितेको थियो। भारत दुईपटकको च्याम्पियन्स ट्रफी विजेता पनि हो। सन् १९३२ को २५ जुनमा भारतले इंग्ल्यान्डविरुद्ध अन्तर्राष्ट्रिय खेल खेलेको थियो। ९१ वर्षदेखि भारतले अन्तर्राष्ट्रिय क्रिकेट खेलिरहेको छ।

भारतले ५० ओभरको फर्म्याटमा एक हजार ३२ खेल खेलेको छ। जसमध्ये भारत पाँच सय ४१ खेलमा जित र चार सय ३९ खेलमा हारको सामना गरेको छ। एकदिवसीय खेलमा भारतले नौ खेल टाईका रूपमा व्यहोरेको छ। यसैगरी, ४३ खेल नतिजाविहीन भयो। समग्रमा भारतले तीनवटै क्रिकेटमा गरी एक हजार आठ सय १० खेल खेलेको छ। विश्वस्तरीय ब्याट्सम्यान र बलरको साथ रहेको भारत उपाधि दाबेदार मानिन्छ।

■ **श्रीलंका** : क्रिकेटमा श्रीलंकाको डेब्यु सन् १९७५ को ७ जुनमा भएको थियो। एसिया कपमा भारतपछि सफल राष्ट्र श्रीलंका हो। श्रीलंकाले भारतको दबदबा चिर्दै ६ पटक ट्रफी उचालेको छ। श्रीलंकाले सन् १९९६ मा एकदिवसीय विश्वकप र सन् २०११ मा आइसिसी टी- २० च्याम्पियन बनेको थियो। विश्व क्रिकेटमा छोटो समयमै प्रभाव राखेको श्रीलंकाले च्याम्पियन्स ट्रफी एकपटक जितेको छ। श्रीलंकाले आठ सय ९४ एकदिवसीय खेल खेलेको छ। श्रीलंकाले चार सय नौ खेलमा जित र चार सय ४१ खेलमा हारको सामना गरेको छ। ३९ खेल नतिजाविहीन हुँदा पाँच खेलमा श्रीलंकाले टाई निकालेको छ। श्रीलंकाले अन्तर्राष्ट्रिय टी-२० मा एक सय ७९ खेल खेल्दा ७९ मा जित निकाल्यो। यस फर्म्याटमा श्रीलंका ९४ खेलमा पराजित भएको छ। चार खेल टाई र दुई खेल नतिजाविहीन भएको छ। समग्रमा श्रीलंकाले सबै फर्म्याटमा गरी एक हजार तीन सय ८६ खेल खेलेको छ।

■ **पाकिस्तान** : पछिल्लो समयमा पाकिस्तान लयमा छ। अफगानिस्तानविरुद्धको एकदिवसीय सिरिजमा क्लिन स्विप गरेको पाकिस्तानको एसिया कपमा आत्मविश्वास बढेको छ। आयोजक राष्ट्रसमेत रहेको पाकिस्तान आइसिसी एकदिवसीय वरीयताको शीर्ष स्थानमा छ। पाकिस्तानले सन् १९५२ मा भारतविरुद्ध टेस्टमा डेब्यु गर्दै अन्तर्राष्ट्रिय क्रिकेटमा पदार्पण गरेको थियो। एकदिवसीय क्रिकेटमा छोटो समयमै पाकिस्तानले तहल्का मच्चायो। सन् १९९२ मा इमरान खानको कप्तानीमा पाकिस्तानले एकदिवसीय विश्वकप ट्रफी जितेको थियो। पाकिस्तानले आइसिसी टी-२० विश्वकप र च्याम्पियन्स ट्रफी समान एकपटक हात पारेको छ। पाकिस्तानले अहिलेसम्म नौ सय ५६ एकदिवसीय खेल खेल्दा पाँच सय ६ खेलमा जित, चार सय २१ खेलमा हार र नौ खेल टाई निकालेको छ। समग्रमा पाकिस्तानले सबै किसिमको फर्म्याटमा गरी एक हजार ६ सय ३२ खेल खेलेको छ। एकदिवसीय ब्याटिङ र बलिङ वरीयतामा शीर्ष १० भित्र खेलाडीको साथ पाएको पाकिस्तानले यसपटक एसिया कपमा चुनौती दिन सक्छ।

पूर्वविजेता

वर्ष	विजेता	उपविजेता
१९८४	भारत	श्रीलंका
१९८६	श्रीलंका	पाकिस्तान
१९८८	भारत	श्रीलंका
१९९०	भारत	श्रीलंका
१९९५	भारत	श्रीलंका
१९९७	श्रीलंका	भारत
२०००	पाकिस्तान	श्रीलंका
२००४	श्रीलंका	भारत
२००८	श्रीलंका	भारत
२०१०	भारत	श्रीलंका
२०१२	पाकिस्तान	बंगलादेश
२०१४	श्रीलंका	पाकिस्तान
२०१६	भारत	बंगलादेश
२०१८	भारत	बंगलादेश
२०२२	श्रीलंका	पाकिस्तान

■ **बंगलादेश** : बंगलादेश विश्व क्रिकेटमा सधैँ 'अन्डर डग' राष्ट्रका रूपमा रहेको छ। बृहत् क्रिकेट प्रतियोगितामा बंगलादेशले अप्रत्याशित नतिजा निकाल्न सक्छ। नसोचेको नतिजा निकाल्न सक्ने भएकाले बंगलादेशलाई विपक्षीले कहिले कमजोर राष्ट्रका रूपमा लिएका छैनन्। बंगलादेशले सन् १९८६, ३१ मार्चमा पहिलो क्रिकेट खेल खेलेको थियो। बंगलादेशले अहिलेसम्म चार सय १५ एकदिवसीय खेल खेल्दा एक सय ५२ मा जित निकालेको छ। बंगलादेशले दुई सय ५४ खेलमा हार सामना गर्दा नौ खेलमा नतिजाविहीन निकालेको छ। अन्तर्राष्ट्रिय टी-२० खेलमा बंगलादेशले एक सय ५२ खेल खेलेको छ। जसमा ५६ जित, ९३ हार र तीन खेल टाई भएको छ। समग्रमा बंगलादेशले सबै फर्म्याट गरी सात सय पाँच खेल खेलेको छ। सकिव अल हसनको कप्तानीमा रहेको बंगलादेश तीनपटकको एसिया कप उपविजेता हो।

■ **अफगानिस्तान** : अफगानिस्तानले सन् २००९ को १९ अप्रिलमा स्कटल्यान्डसँग एकदिवसीय डेब्यु गरेको थियो। एसिया कपमा अफगानिस्तानले सन् २०१४ मा पहिलो खेल खेलेको थियो। त्यसयता अफगानिस्तान निरन्तर रूपमा एसिया खेलिरहेको छ। अफगानिस्तानले एक सय ५० एकदिवसीय खेल खेलेको छ। जसमध्ये ७३ खेलमा जित र ७२ मा हारको सामना गरेको छ। यसै साता मात्र अफगानिस्तानले पाकिस्तानसँग एकदिवसीय सिरिज गुमाएको थियो। यस टोलीले ५० ओभरको फर्म्याटमा चार खेल नतिजाविहीन र एक खेल टाई निकालेको छ। अफगानी खेलाडी २० ओभरमा बलिया मानिन्छन्। एक सय १५ टी-२० खेलमा अफगानिस्तानले ७२ खेलमा जित र ४२ खेलमा हार सामना गरेको छ। समग्रमा अफगानिस्तानले सबै फर्म्याटमा गरी दुई सय ७२ खेल खेलेको छ।

■ **नेपाल** : नेपाल एसिया कपकै डेब्यु राष्ट्र हो। एसिसी प्रिमियर कपको विजेता हुँदै नेपालले एसिया कपमा स्थान सुरक्षित गरेको थियो। प्रतियोगितामा सहभागीमध्ये सबैभन्दा कमजोर टोलीका रूपमा नेपाललाई लिइएको छ। सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध नेपालले पहिलो अन्तर्राष्ट्रिय खेल खेलेको थियो। सन् २०१८ मै नेपालले जिम्बाबेमा चार वर्षका लागि एकदिवसीय मान्यता पाएको थियो। नेपालले सन् २०१४ मा पहिलोपटक आइसिसी टी-२० विश्वकप खेलेको थियो। बंगलादेशमै नेपालले क्रिकेट इतिहासमै पहिलोपटक हङकङ र बंगलादेशलाई टी-२० खेलमा पराजित गरेको थियो। रोहितकुमार पौडेलको कप्तानीमा रहेको नेपालका लागि विश्व चर्चित लेग स्पिनर सन्दीप लामिछानेको साथ रहनेछ।

एजेन्सीको सहयोगमा

एक हजार रननजिक तीन नेपाली ब्याट्सम्यान

एसिया कपमा नेपाली खेलाडीहरूले आफ्नो नाममा व्यक्तिगत रेकर्ड बनाउने अवसर पाएका छन्। ऐतिहासिक रूपमा आइसिसी एकदिवसीय वरीयताको शीर्ष स्थानमा रहेको पाकिस्तानविरुद्धको उद्घाटन खेलसँगै नेपालका तीन खेलाडीले प्रतियोगितामा व्यक्तिगत रेकर्ड बनाउने सँघारमा हुनेछन्। ओपनर कुशल भुर्तेल, आरिफ सेख र दीपेन्द्रसिंह एकदिवसीय खेलमा एक हजार रनको कोसेढुंगानजिक छन्। यी तीनजना खेलाडीले पहिलो खेलमा ब्याटिङमा राम्रो गर्न सके एक हजार रन पूरा गर्नेछन्।

नेपालको एकदिवसीय क्रिकेट इतिहासमा कप्तान रोहित र आसिफ सेखले मात्र एक हजार रन पूरा गरेका छन्। रोहितले ५२ खेलमा ५१ इनिङ्स खेल्दै एक हजार चार सय ६९ रन जोडेका छन्। एकदिवसीय खेलमा उनको उच्च व्यक्तिगत रन एक सय २६ हो। उनले ५० ओभरको फर्म्याटमा एक शतक तथा आठ अर्धशतक बनाएका छन्। उनले एक सय ११७ चौका र २५ छक्का प्रहार गरेका छन्। विकेटकिपर ब्याट्सम्यान आसिफले ४१ खेलमा एक सतक र नौ अर्धशतकको सहयोगमा एक हजार एक सय ८७ रन जोडेका छन्।



कुशल भुर्तेल : २२ वर्षीय कुशलले ४४ खेलमा नौ सय ८६ रन जोडेका छन्। पाकिस्तानसँगको खेलमा १४ रन बनाउँदा उनले एकदिवीय खेलमा एक हजार रन पूरा गर्नेछन्। उनले ४३ इनिङ्समा एक शतक तथा ६ अर्धशतक बनाएका छन्। यसक्रममा उनले एक सय एक चौका र २० छक्का प्रहार गरे। सन् २०२१ मा उनले पपुवा न्युगिनीसँगको खेलमा एकदिवसीय खेलमा डेब्यु गरेका थिए। एकदिवसीय खेलमा उनको सर्वाधिक रन एक सय १५ रन हो। ५० ओभरको खेलमा उनको स्ट्राइक रेट ७९.३८ हो।

आरिफ सेख : २५ वर्षीय दायाँहाते ब्याट्सम्यान आरिफले नेपालबाट ४७ एकदिवसीय खेलमा आठ सय ७८ रन बनाएका छन्। उनलाई एक हजार रन बनाउन एक सय २२ रन आवश्यक छ। ५० ओभरको खेलमा पाँचपटक नटआउट रहेका उनले अहिलेसम्म एक हजार चार सय ६ बलको सामना गरेका छन्। उनले ६ अर्धशतकीय इनिङ्स खेलेका छन्। यसक्रममा उनको व्यक्तिगत उच्च रन ६६ हो। उनले ५३ चौका र चार छक्का प्रहार गरेका छन्। सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध उनले एकदिवसीय खेलमा डेब्यु गरेका थिए।





दीपेन्द्रसिंह ऐरी : मध्यक्रमका ब्याट्सम्यान दीपेन्द्र सिंहले सन् २०१८ मा नेदरल्यान्ड्सविरुद्ध डेब्यु गरेका थिए। डेब्युयता उनले निरन्तर रूपमा स्थान बनाएका छन्। उनले ५० खेलमा आठ सय ५७ रन बनाएका छन्। एक हजार रन पूरा गर्न उनलाई एक सय ४३ रन आवश्यक छ। उनले नेपालका लागि एक शतक र तीन अर्धशतक इनिङ्स खेलेका छन्। आइसिसी एकदिवसीय विश्वकपको ग्लोबल छनोटमा उनी आयरल्यान्डसँगको खेलमा शून्य रनमै आउट भएका थिए। उनले एक खेलमा ब्याटिङ नै गरेनन्।



आइसिसीको नजरमा चम्किन सक्ने ६ खेलाडी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले १६औँ एसिया कपमा चम्कन सक्ने ६ खेलाडी चयन गरेको छ। प्रतियोगितामा सहभागी ६ राष्ट्रबाट एक-एक खेलाडीको छनोट आइसिसीले गरेको छ। आइसिसीको नजरमा नेपालबाट गुल्सन झा सम्भावित चम्कन सक्ने खेलाडीमा परेका छन्।



बाबर आजाम (पाकिस्तान) : आइसिसीको पछिल्लो एकदिवसीय ब्याटिङ वरीयतामा बाबर शीर्ष स्थानमा छन्। पाकिस्तानी टोलीका कप्तानसमेत रहेका उनले क्रिकेटका सबै फर्म्याटमा राम्रो ब्याटिङ गर्न सक्छन्। सन् २०१६ मा उनले वेस्ट इन्डिजविरुद्ध डेब्यु गरेका थिए। अहिलेसम्म १०३ एकदिवसीय खेलमा उनले पाँच हजार दुई सय दुई रन जोडेका छन्। यसक्रममा १८ शतक तथा २८ अर्धशतक बनाए। १२ पटक नटआउट रहेका उनले चार सय ६८ चौका र ५२ छक्का प्रहार गरे।




जसप्रित बुमराह (भारत) : बुमराहले एसिया कपमै भारतीय टोलीमा पुनरागमन गरेका हुन्। चोटका कारण उनी पछिल्लो समय संघर्षरत थिए। उनी भारतका प्रमुख बलर हुन्। उनले मिडल ओभर र डेथ ओभरमा योर्कसहित स्विङ बलिङ गर्न सक्छन्। सन् २०१६ मा उनले अस्ट्रेलियाविरुद्ध डेब्यु गरे। ७२ एकदिवसीय खेलमा उनले एक सय २१ विकेट लिएका छन्। उनले दुईपटक पाँच विकेट तथा पाँचपटक चार विकेटको प्रदर्शन गरेका छन्। उनको उत्कृष्ट प्रदर्शन १९-६ हो।



गुल्सन झा (नेपाल) : १७ वर्षीय गुल्सनले ग्लोबल छनोटमा प्रभावशाली बलिङ र ब्याटिङ गरेका थिए। यसैको प्रभाव आइसिसीलाई परेको छ। सन् २०२१ मा अमेरिकाविरुद्ध डेब्यु गरेका उनले २२ खेलमा २१ इनिङ खेल्दै २१ विकेट लिएका छन्। यसक्रममा उनको उत्कृष्ट प्रदर्शन २८-३ हो। नेपाली टोलीमा अलराउन्डर प्रदर्शनमा माहिर गुल्सनले १८ इनिङमा ब्याटिङ गर्दै चार सय ५२ रन बनाएका छन्। उनले तीनपटक अर्धशतक खेले। उनको व्यक्तिगत सर्वाधिक रन ६७ हो। मिडिल ओभरमा विपक्षीको रेट घटाउन उनको भूमिका महत्त्वपूर्ण हुन सक्छन्।



रासिद खान (अफगानिस्तान) : विश्व क्रिकेटमा नाम चलेका क्रिकेटमध्ये रासिद हुन्। अफगानिस्तानलाई एकदिवसीयदेखि टेस्ट राष्ट्र बनाउनुमा उनको योगदान धेरै छ। एसिया कपकै प्रतिभाशाली स्पिनरमध्ये उनलाई आइसिसीले एक मानेको छ। अफगानिस्तानको स्पिनर पक्ष बलियो बनाउने जिम्मेवारी उनकै हो। बलिङ एक्समा उनको भिन्नता छ। सन् २०१८ मा उनले जिम्बाबेविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरे। ९२ खेलमा उनले एक सय ७० विकेट लिएका छन्। उनको उत्कृष्ट प्रदर्शन १८-७ हो। ब्याटिङमा उनले ७३ इनिङ्स खेल्दै एक हजार एक सय ६० रन बनाएका छन्।



तक्सिन अहमेद (बंगलादेश) : बंगलादेश क्रिकेट बोर्डले फास्ट बलर अहमेदलाई सुरुवातमा बाहिर राखेको थियो। इबादत हुसैन घाइते भएपछि बोर्डले अहमेदलाई एसिया कपमा मौका दिएको हो। अहिले उनको काँधमै बंगलादेशको तीव्रगति बलिङ जिम्मेवारी छ। पछिल्लो समय उनले अफगानिस्तानसँगको सिरिजमा उत्कृष्ट प्रदर्शन गरेका थिए। २८ वर्षीय अहमेदले ५९ एकदिवसीय खेलमा ८१ विकेट लिएका छन्। उनले तीनपटक चार तथा दुईपटक पाँच विकेट प्रदर्शन गरेका छन्। ब्याटिङमा उनले ३० इनिङ्समा एक सय ४९ रन जोडेका छन्। सन् २०१४ मा उनले भारतविरुद्ध डेब्यु गरेका थिए।



महिस थिक्षणा (श्रीलंका) : अहिले श्रीलंकाले बलिङमा निकै विश्वास गरेका खेलाडी महिस हुन्। जिम्बाबेमा भएको आइसिसी विश्वकप छनोटमा उनले श्रीलंकाका लागि सर्वाधिक २१ विकेट लिएका थिए। उनकै यसै अद्भूत प्रदर्शनका कारण श्रीलंकाले विश्वकपमा स्थान बनाएको हो। सन् २०२१ मा उनले दक्षिण अफ्रिकाविरुद्ध डेब्यु गरेका थिए। उनले बलिङको क्रममा २२ खेलमा ३६ विकेट लिएका छन्। यसैगरी, ब्याटिङमा उनले ८८ रन जोडेका छन्। उनले बलिङमा चारपटक चार विकेट लिए।



५०औँ एकदिवसीय खेल्दै सन्दीप

नेपालका लेग स्पिनर सन्दीप लामिछानेले पाकिस्तानविरुद्धको खेलमा व्यक्तिगत रेकर्ड बनाउनेछन्। पाकिस्तानसँगको खेल उनको ५०औँ एकदिवसीय खेल हुनेछ। यो सफलता प्राप्त गर्ने उनी तेस्रो नेपाली खेलाडी बन्नेछन्। यसअघि कप्तान रोहित र मध्यक्रमका ब्याट्सम्यान दीपेन्द्रसिंह ऐरीले ५० एकदिवसीय खेल खेलेका थिए। नेपालका लागि रोहितले सर्वाधिक ५२ एकदिवसीय खेल खेलेका छन्। दीपेन्द्रसिंहले ५० खेल पूरा गरेका छन्। सन् २०१८ को १ अगस्टमा सन्दीपले नेदरल्यान्ड्सविरुद्ध एकदिवसीय डेब्यु गरेका थिए, जुन खेल नेपाली क्रिकेट इतिहासकै पहिलो अन्तर्राष्ट्रिय एकदिवसीय खेल थियो।

> सन् २०१८ को १ अगस्टमा नेदरल्यान्ड्सविरुद्ध डेब्यु गरेका सन्दीपले ४९ एकदिवसीय खेलमा एक सय ११ विकेट लिएका छन् भने ब्याटिङतर्फ ३३ इनिङ्समा तीन सय ६७ रन जोडेका छन्

सन्दीपले अन्तिमपटक ४ जुलाई २०२३ मा आयरल्यान्डसँग ५० ओभरको खेल खेले। एकदिवसीय खेलमा कम खेलमा सय विकेट लिने उनी विश्वकै पहिलो बलर हुन्। उनले एसिसी प्रिमियर कपमा ओमानविरुद्ध ४२औँ खेलमा सय विकेट पूरा गरेका थिए। उनले गत वैशाखमा अफगानिस्तानका रासिद खानले ४४ खेलमा सय विकेट लिएका थिए। सन्दीपले २०२० मा अमेरिकाविरुद्ध र सन् २०२१ मा पपुवा न्युगिनीविरुद्ध समान ६ विकेट लिएका थिए।

उनले ४९ एकदिवसीय खेलमा एक सय ११ विकेट लिएका छन्। ४८ इनिङ्समा उनले आठपटक चार विकेट लिए। तीनपटक उनको नाममा पाँच विकेटभन्दा बढी विकेट प्रदर्शन गरेका छन्। बलिङसँगै ब्याटिङमा समेत उनको प्रदर्शन निकै राम्रो रहेको छ। ४९ खेलमा उनले ३३ इनिङ्स खेल्दै तीन सय ६७ रन जोडेका छन्। उनको सर्वाधिक ३५ रन हो। एकदिवसीय खेलमा उनले ३३ चौका र ६ छक्का प्रहार गरेका छन्। २३ वर्षीय सन्दीपले नेपाललाई एकदिवसीय मान्यता दिलाउन ठूलो भूमिका खेलेका थिए। नेपालका लागि आरिफ शेख र सोमपाल कामीले समान ४७ एकदिवसीय खेल खेलेका छन्। फास्ट बलर करण केसी ४६ र कुशल भुर्तेलले ४४ एकदिवसीय खेले। आसिफ शेखले ४१, ज्ञानेन्द्र मल्लले ३७ र कुशल मल्लले २२ एकदिवसीय खेलमा सहभागिता जनाएका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com